# परिच्छेद : एक

# परिचय

## १.१ पृष्ठभूमि

बालमैत्री विद्यालय भनेको बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ अनुसार बालबालिकाले आफ्नो गति र क्षमताअनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय हो । विद्यालय बालमैत्री हुनका लागि विद्यालयमा शिक्षण सिकाइमा प्रभावकारीता, लैङ्गिक पक्ष, बालबालिकाको स्वास्थ्य र सुरक्षा, मातृभाषामा समुदायको सहभागिता, विद्यालय व्यवस्थापन जस्ता विविध पक्ष हुनु आवश्यक हुन्छ । विद्यालयमा हुनुपर्ने कार्य गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ ले प्रष्ट पारेको छ । बालबालिकाको लागि रमाइलो सिक्ने वातावरण भएको विद्यालय नै बालमैत्री विद्यालय हो । बालबालिकाहरूको रुचि, उमेर र इच्छा अनुरूप पठन पाठन गर्ने विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ । बालबालिकाहरूको शारीरिक, मानसिक एवम् संवेगात्मक रूपले पठन पाठन क्रियाकलापमा सुरक्षित तथा स्वस्थ वातावरण प्रदान गर्नु आवश्यक हुन्छ । विद्यार्थीहरूको रुचि, क्षमता र स्तरको कदर गरिनु पर्दछ । उनीहरूको सिकाइका लागि आवश्यक वातावरण एवम् पाठ्यक्रमको व्यवस्था गरिनु पर्दछ । जुनसुकै जातजाति, भाषा, धर्म, लिङ्ग, आर्थिकस्तर शारीरिक एवम् मानसिक दुर्बलताका आधारमा विना भेदभाव विद्यालयमा भर्ना गरी उनीहरू बीच बालमैत्रीपूर्ण व्यवहार गरी सिकाइमा प्रभावकारिता ल्याउन सकिन्छ । बालमैत्री विद्यालयमा विद्यार्थी, अभिभावक, शिक्षक र समुदायको प्रमुख हात रहन्छ । विद्यालयको नीति, निर्माण, योजना तर्जुमा र विभिन्न क्रियाकलापहरूमा उनीहरूलाई संलग्न गराइन्छ ।

बालमैत्री विद्यालय हुनका लागि यी तलका पक्षहरूलाई उल्लेख गरेको छ :

– बाल सहभागितालाई प्रोत्साहित गरी बालसंरक्षणको लागि विद्यालयलाई शान्ति क्षेत्रको रूपमा स्थापित गरिनु पर्छ ।
– बालकेन्द्रित क्रियाकलापमा आधारित भई व्यवहारिक सिकाइलाई महत्त्व दिइनु पर्छ ।
– दुर्व्यव्यवहार, यातना, तनाव तथा शारीरिक, मानसिक सजायको विकल्पमा सकारात्मक बाटो अपनाइनुपर्छ ।
– विद्यालयमा बालअधिकार र बालसंरक्षणको सुनिश्चितताका लागि विद्यालय आचार संहिता र गुनासो सुन्ने व्यवस्था गरिनु पर्छ ।
– बालबालिकाको भावना र आवश्यकतालाई ध्यान दिई सिर्जनात्मक विकासको लागि उपयुक्त वातावरण, खेल्ने ठाउँ एवम् सरसफाइको व्यवस्था गरिनु पर्छ ।
– शिक्षक, विद्यार्थी, अभिभावक र समुदायबीच सुमधुर सम्बन्ध रहनुपर्छ ।
– बालबालिकालाई भर्ना हुन वा विद्यालयको अध्ययन पूरा गर्न प्रोत्साहन गरिनुपर्छ ।

- बिना भेदभाव सबै विद्यार्थीहरूलाई आदर, सम्मान र समान व्यवहार गरिनुपर्छ ।
- विद्यालयलाई भौतिक तथा मनोवैज्ञानिक रूपमा सुरक्षित र संरक्षित स्थलको रूपमा विकास गरिनु पर्छ ।
- विद्यालय तथा स्थानीय स्तरमा उपलब्ध साधन स्रोतको रचनात्मक तथा सिर्जनात्मक ढङ्गले अधिकतम सदुपयोग गरिनु पर्छ ।

नेपालमा संस्थागत रूपमा शिक्षा दिने कार्यले करिब १६० वर्षको यात्रा पूरा गरिसकेको छ । गुरुकुल शिक्षा पद्धतिबाट शुरु भएको शिक्षण सिकाइ आजको अवस्थामा आइपुग्दा बाल प्राथमिकता, बालकेन्द्रित हुँदै बालमैत्री विद्यालयको रूपमा स्थापित भएको छ । बालमैत्रीसँग सम्बन्धित विभिन्न अभ्यासहरू भएका छन् । ती हुन् : २०५०/०५१ देखि आधारभूत शिक्षा परियोजना, सबैका लागि शिक्षा सार्कको प्रतिबद्धता, राष्ट्रिय कानुनी प्रावधान बालअधिकार ऐन सन् १९९२, समाहित शिक्षा परीक्षण कार्यक्रम, शिक्षा विभाग र अन्य साझेदार संघसंस्थाबाट जानकारीमूलक पुस्तिका तथा अन्य सामग्रीको विकास, विद्यालय क्षेत्र सुधार योजना आदि अभ्यासहरू भएका थिए । यी विभिन्न अभ्यासहरू भए पश्चात बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ लागू भयो । यसका पनि विभिन्न क्षेत्रहरू रहेका छन्, प्रभावकारीता, समावेशीकरण, शिक्षामा लैङ्गिक पक्ष, बालबालिका, परिवार र समुदायको सहभागिता, स्वास्थ्य सुरक्षा र वचावट, विद्यालयको भौतिक अवस्था, शिक्षण सिकाइ प्रकृया, मातृभाषामा शिक्षण सिकाइ र विद्यालय व्यवस्थापन रहेका छन् भने यसका न्यूनतम र अपेक्षित सूचकहरू १४९ वटा रहेका छन् (शिक्षा विभाग, शैक्षिक समाचार, २०६९) ।

व्यक्तित्व विकास तथा जीवनको तयारी शिक्षाले गर्दछ । शिक्षाले नै सामाजिक तथा आर्थिक विकासको काम पनि गर्दछ । यसै कारणले विश्वका अधिकांश मुलुकहरूले शिक्षामा आम नागरिकको पहुँच बढाउन र शिक्षाको गुणस्तर अभिवृद्धिका लागि विविध प्रयासहरू गरिरहेका छन् । सबैका लागि शिक्षा र सहस्राब्दी विकासका लक्ष्य जस्ता अन्तराष्ट्रिय प्रतिबद्धता यस्ता प्रयासका उदाहरण हुन् । नेपालमा पनि विभिन्न कार्यक्रमहरू भइरहेका छन् ।

प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरू भनेका ६ देखि १०/११ वर्षका हुने गर्दछन् । यस उमेर भनेको उत्तरबाल्यावस्थाको उमेर अवस्था हो । यस अवस्थामा उनीहरूको प्राथमिक तहको शिक्षा हासिल गर्न शुरु गरेका हुन्छन् । यस अवस्था भनेको निकै महत्त्वपूर्ण अवस्था हो । यो उमेर भनेको उनीहरूको प्रारम्भिक विद्यालय जाने उमेर हो । यस अवस्थाका बालबालिकाहरूमा विभिन्न विशेषताहरू देखा पर्दछन । दुःख दिने उमेर, झगडालु उमेर, फोहोरी उमेर, नाजुक उमेर, खेल उमेर, रचनात्मक उमेर बालसमूह उमेर, प्रारम्भिक विद्यालय जाने उमेर आदि । विशेषताहरू रहेका हुन्छन् । उनीहरूको रुचि, क्षमता पहिचान गरेर शिक्षण गरेमा सिकाइ गुणस्तर पहिचान गरेर शिक्षण गरेमा सिकाइ गुणस्तर र दिगो हुन सक्दछ तसर्थ प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरूमा बालमैत्री पुर्ण सिकाइ छ वा छैन भनेर बालमैत्री वातावरणको अवस्था पत्ता लगाउन सकिन्छ ।

आधारभूत शिक्षामा सबैको पहुँचलाई सुनिश्चित गर्न नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभागका कार्यक्रमहरू परिलक्षित छन् । शिक्षामा पहुँचको विस्तार सँगसँगै गुणस्तर वृद्धिको पक्ष त्यतिकै खट्किएको छ । गुणस्तर प्राप्तिका लागि सिकाइको वातावरणमा सुधार आवश्यक छ । सिकाइको वातवरण दक्ष शिक्षक, नियमित विद्यार्थी, सक्रिय विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक, सक्रिय समुदाय वा जनसहभागिता योजनाबद्ध वा व्यवस्थित विकास प्रयासका अतिरिक्त विद्यालयमा आवश्यक पर्ने भौतिक पूर्वाधार, आधारभूत सामग्रीहरू आदिको महत्त्वपूर्ण भूमिका रहन्छ । यी सबै सामग्रीको प्रयोजन अर्थात् लगानीको केन्द्रविन्दु भनेको बालबालिकाहरू नै हुन् । उनीहरूलाई विद्यालयप्रति स्नेह, विद्यालयको वातावरणप्रति मोह जगाउन सकिएन, शिक्षण सिकाइ क्रियाकलापप्रति आकर्षणको सट्टा विकर्षण हुन गयो भने कुनै अर्थ रहँदैन । त्यसै कारणले विद्यालयको वातावरण बालमैत्री हुनुपर्छ भन्ने धारणा अघि बढेको हो (CERID, 2068)।

शिक्षामा सबैको पहुँचलाई विस्तार गर्नको लागि सिकाइको वातावरण बालमैत्री हुनु पर्दछ । विद्यालयमा हुने भौतिक वातावरण र शैक्षिक वातावरण दुवै बालमैत्रीपूर्ण हुनु आवश्यक हुन्छ । विद्यालय भवन, खानेपानी, शौचालय, कक्षाकोठाको आकार वेन्चहरूको व्यवस्थापन, वोर्डको प्रयोगका साथसाथै शिक्षणको क्रममा शिक्षकले विद्यार्थीप्रति गर्ने व्यवहार, शिक्षण विधि , शैक्षिक सामग्रीको प्रयोग आदि सबैलाई उचित ढङ्गले सञ्चालित गरिनु पर्ने हुन्छ । शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकले पढाउने शैली, विद्यार्थीप्रति गर्ने व्यवहार सबै बालकेन्द्रित वा भनौं बालबालिकाको हकहितका लागि उनीहरूको रुचि, इच्छा, चाहना अनुरूप हुनु जरुरी हुन्छन् । यस्तो भएमा सिकाइ बालमैत्री भई सिकाइ प्रभावकारी र दिगो हुने कुरामा हामी विश्वस्त हुने गर्दछौं ।

भय रहित वातावरणमा बालबालिकाहरूले आवश्यक सन्दर्भ सामग्री, शैक्षिक सामग्रीहरूको प्रयोग गरेर मनोरञ्जनपूर्ण ढङ्गले शिक्षण सिकाइ क्रियाकलापलाई रुचिपूर्ण बनाई तथा बालकेन्द्रित गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु भाषिक, लैङ्गिक, जातीय वा अन्य कुनै कारणले पनि बालबालिकाहरूमा भेदभाव नहुने अवस्था भएको विद्यालय बालमैत्री विद्यालयको एउटा पक्ष हो । यस बाहेक बालबालिबकाहरूको बसाई उनीहरूको साइजअनुसार हुनु, शौचालय, धारा प्रयोग गर्न सहज हुनु, बालबालिकाहरूको रुचि अनुसारका खेलहरू खेल्ने सामग्रीको व्यवस्था हुनु, सुरक्षा तथा उपचारको व्यवस्था हुनु आदि जस्ता पक्षहरू पूरा भएपछि मात्र विद्यालय बालमैत्री हुने कुरा निर्विवाद छ । यिनै कुराहरू मनन् गरेर विद्यालयको शिक्षामा परिवर्तन ल्याइ गुणस्तर अभिवृद्धि तर्फ सम्बन्धित सवैले आ-आफ्नो स्थानवाट प्रयत्न गर्न सके मात्र शैक्षिक गुणात्मकता तर्फको कदम सफल हुनेछ भन्ने कुरामा विश्वास गर्न सकिन्छ (शैक्षिक समाचार, २०६९ पुष) ।

युनिसेफले नागरिक समाज संगठनहरूलाई विभिन्न प्रकारका माध्यमबाट राष्ट्रिय र स्थानीय रूपमा विद्यालयमा, युवा तथा साधारण जनतासम्बन्धी र विशेष गरी बालबालिकाहरूको अधिकारका सम्बन्धमा विभिन्न मुद्धाहरूसँग जस्तै हिंसा, शोषण, विरुद्धमा रेहर विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइन्छ । यसरी विश्वका १९० देशहरूमा यसले विभिन्न कार्यक्रमहरू गर्दै आएको छ । त्यसै

क्रममा युनिसेफले १९७९ डिसेम्बरमा Year of the Child Concert सञ्चालन गरेको थियो । युनिसेफले नेपालमा पनि बालबालिका र महिलाका बारेमा विशेष कार्यक्रमहरू ल्याएको छ । बालबालिकाहरूको स्वास्थ्यसम्बन्धी, शिक्षासम्बन्धी क्षेत्रमा कार्य गर्दै आएको छ । (www.unicef.org, 2014)

बालमैत्री विद्यालयको अवधारणा सम्वन्धमा एउटा सान्दर्भिक र व्यापक उपायको रूपमा विश्वव्यापी रूपमा देखा परेको छ । यसको अभ्यास आ - आफ्नो अनुकूलतामा मुलुकअनुसार फरक - फरक रूपमा काम गर्ने गरेको पाइन्छ । युनिसेफ र सेभ द चिल्ड्रेनले सन् १९९८ मा थाइल्याण्डमा त्यहाँको राष्ट्रिय प्राथमिक शिक्षा आयोगसँग मिलेर बालमैत्री विद्यालयको अवधारणा कार्यान्वयन प्रारम्भ गरे र क्रमशः कम्बोडिया, लाओस, नेपाल तथा अफ्रिकाका विभिन्न मुलुकहरूमा पनि सो अभ्यास लागू गरियो । मुलुकमा केही विद्यालयहरूमा गैरसरकारी, राष्ट्रिय, र अन्तराष्ट्रिय संस्थाहरूको सहयोगमा बालमैत्री शिक्षण सिकाइ कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । यस कार्यक्रमको लागि युनिसेफको विशेष सहयोग रहेको छ । सरकारले त्रासविनाको सिकाइ सम्बन्धी नीति स्वीकृत गरिसकेको छ । मातृभाषाको माध्यममा शिक्षा र विद्यालयमा अनिवार्य महिला शिक्षकहरूको व्यवस्था जस्ता प्रयासहरू भइरहेका छन् । पाठ्यक्रम तथा शिक्षक विकास र व्यवस्थापन सम्बद्ध गतिविधिमा यस विषयलाई विशेष ध्यान केन्द्रित गरिएको छ ।

नेपालमा सन् २००२ देखि सेभ द चिल्ड्रेन लगायतका संस्थाहरूको अगुवाईमा बालमैत्री विद्यालय र विद्यालय शान्ति क्षेत्रको अवधारणा व्यवहारमा उतार्न थालियो । सन् २००७ देखि युनिसेफको आर्थिक सहयोगमा बालमैत्री विद्यालय कार्यक्रम सुरुवात भई प्रभावकारी रूपमा सञ्चालन भइरहेको छ । नेपालको सन्दर्भमा बालमैत्री विद्यालय सम्भावना र विभिन्न चुनौतिहरू रहेका छन् । शिक्षा बालबालिकाको जन्मसिद्ध अधिकार हो भन्ने मान्यतालाई नेपालको अन्तरिम संविधान २०६३, लगायत सन् १९४८ मा संयुक्त राष्ट्रसंघीय मानव अधिकार घोषणापत्र, सन् १९६९ को महिला अधिकार घोषणापत्र, सन् १९८९ को बालअधिकार घोषणापत्र, राष्ट्रिय एवम् अन्तराष्ट्रिय स्तरमा भएका घोषणा एवम् प्रतिबद्धताहरूले स्थापित गरेका छन् । शिक्षाको पहुँच सबैमा हुनुपर्छ भन्नेमा विश्व एकमत रहेको छ तर पनि गुणस्तरीय शिक्षाको पहुँच सबैमा कसरी स्थापित गर्ने ? गुणस्तरीय शिक्षाको लागि शिक्षा प्रवाहको पद्धति के हुने ? शिक्षार्थीका लागि कस्तो वातावरण आवश्यक पर्ने ? सिकाइ प्रकृया कस्तो हुनुपर्ने ? मूल्याङ्कन विधि के हुने ? समग्र सिकाइ वातावरणको लागि कसले कस्तो जिम्मेवारी लिने जस्ता अहम विषयमा विविध दृष्टिकोण सहितको वहस चर्चामा आएको छ । यसै सन्दर्भमा गुणस्तरीय शिक्षाको खोजीमा बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ शिक्षा मन्त्रालयले जारी गरेको छ । हाल सेभ द चिल्ड्रेन मात्रैको सक्रियतामा देशका २५०० भन्दा बढी विद्यालयहरूमा बालमैत्री विद्यालयको अवधारणाको अभ्यास भइरहेको छ (शिक्षा विभाग, २०६९) ।

विद्यालयमा बालमैत्री वातावरण भएमा शिक्षाको गुणस्तर बढ्ने कुरामा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाका अध्ययनहरूको प्रमुख हात रहन्छ । जसमा युनिसेफ, सेभ द चिल्ड्रेनको

महत्त्वपूर्ण स्थान रहेको छ । विद्यालयको वातावरण बालमैत्री, विद्यार्थीकेन्द्रित भएमा शिक्षाको गुणस्तर वृद्धि भई सबै जाति, भाषा, धर्म, संस्कृतिका बालबालिकाहरू ज्ञान, सीप र अभिवृत्तिमा उच्च भई सिकाइ प्रभावकारी र दिगो हुने गर्दछ ।

बालबालिकाले आफ्नो गति र क्षमताअनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय बालमैत्री विद्यालय हो । यस्ता विद्यालयमा बालबालिका अनुकूलको सिकाइ वातावरण तयार गरिन्छ, बालबालिकाहरूको अन्तरनिहित क्षमताको विकास गरिन्छ । बालमैत्री विद्यालयमा बालबालिकाहरूले शारीरिक, मानसिक एवम् सम्वेगात्मक रूपले सुरक्षित तथा स्वस्थ वातावरण पाउँदछन् । उनीहरूको रुचि, क्षमता र स्तरको कदर हुन्छ र सोहीअनुसार उनीहरूका सिकाइका लागि आवश्यक वातावरण एवम् पाठ्यक्रमको व्यवस्था हुने गर्दछ । बालबालिकाको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने पूर्ण जिम्मेवारी शिक्षकको हुन्छ । विभिन्न जात, लिङ्ग, धर्म, भाषा, आर्थिकस्तर, शारीरिक एवम् मानसिक दुर्बलताका आधारमा भेदभाव विना विद्यालयमा भर्ना गरिन्छ र यस बाहेक विद्यालय भित्र वा बाहिर बालबालिकाहरूलाई भेदभावरहित व्यवहार गरिन्छ । पढाइ, लेखाइका अतिरिक्त बालबालिकाहरूको स्वास्थ्य एवम् सुरक्षामा विशेष ध्यान दिइन्छ । विद्यालयको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा बालबालिका, अभिभावक र समुदायलाई प्रत्यक्ष सहभागी गराइन्छ । यसरी कुनै पनि प्रकारका भौतिक, शारीरिक एवम् मानसिक दण्ड, सजाय वर्जित हुन्छ र बालबालिकाहरूलाई दुर्व्यवहार र नोक्सानीबाट बचाउने काम निरन्तर रूपमा भइरहेको हुन्छ । यस्ता गतिविधि भएका विद्यालयहरूलाई बालमैत्री वातावरण रहेको विद्यालय भन्न सक्दछौं ।

बालमैत्री विद्यालयको प्रसङ्गमा भने बालकको हित, रुचि, क्षमता र आवश्यकता, अनुकूलका शैक्षिक गतिविधिहरू छन् वा छैनन् र ती कार्यक्रम तथा प्रकृयाहरूले बालबालिकाको सिकाइमा तत्कालिन र दीर्घकालीन रूपमा सकारात्मक प्रभाव पार्न सकेको छ वा छैन भन्ने कुरालाई बुझ्नुपर्दछ । बालमैत्री विद्यालय हुनका लागि विभिन्न पक्षहरू हुनु अत्यावश्यक हुन्छ । सम्पूर्ण शिक्षण सिकाइ प्रकृया बालमैत्रीपूर्ण र सिकाइका नतिजाहरू गुणस्तरीय हुनुपर्दछ । शिक्षकहरूसँग उच्चस्तरीय क्षमता, दक्षता र नैतिकता हुनु पर्दछ । प्रभावकारी सिकाइका लागि शिक्षक तथा विद्यार्थीमा पर्याप्त उत्प्रेरणा हुनु पर्दछ, विद्यालयको दीर्घकालीन सोच तथा तत्कालिन कार्यक्रमहरूले प्रवर्तनात्मक, सिर्जनशीलता र परिवर्तनलाई आत्मसात् गर्दै बालमैत्री वातावरणलाई प्रवर्धन गरिएको हुनुपर्दछ, शैक्षिक सामग्री र खेल सामग्रीको पर्याप्तता हुनु पर्दछ र समयमा नै पाठ्यक्रम तथा पाठ्यसामग्रीको पर्याप्त मात्रामा उपलब्ध हुनुपर्दछ (बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७) ।

बालमैत्री विद्यालय हुनका लागि आवश्यक विभिन्न पक्षहरूमा सकारात्मक परिवर्तन गर्न आवश्यक पर्ने क्रियाकलाप सञ्चालन गर्दै बालबालिकालाई उनीहरूको क्षमता र आवश्यतानुसारको शिक्षित र योग्य व्यक्ति बनाउनु नै हो । यसर्थ शैक्षिक लगानीको उच्चतम उपयोग गर्दै गुणस्तरीय नतिजा प्राप्त गर्न, बालमैत्री सिकाइ वातावरणको प्रवर्धन गर्दै बालबालिकाको क्षमता र प्रतिभाको पूर्ण उपयोगको अवसर दिन, सार्वजनिक शिक्षाको समग्र पक्षमा सुधार गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्न

प्रभावकारिता आवश्यक छ । विद्यालय गतिविधिमा प्रभावकारिता आउँदा बालबालिकाहरू विद्यालयमा नआउने र विद्यालय छाड्नेदर पनि कम हुँदै जान्छ ।

विद्यालयको सिकाइ वातावरणलाई प्रभावकारी र बालमैत्री बनाउन नयाँ कार्यक्रमको सुरुवात गर्नु भन्दा पनि भइरहेको शैक्षिक अवस्थालाई कसरी प्रभावकारी बनाउने भन्ने कुरा नै अहम् प्रश्न हो । यस सन्दर्भमा हालको विद्यालयहरूको योजना निर्माण प्रकृया, विद्यालय व्यवस्थापन समितिको कार्यशैली, शिक्षक व्यवस्थापन, आर्थिक स्रोत व्यवस्थापन, भौतिक स्रोत साधनको व्यवस्थापन, स्थानीय सरोकारवालाहरूको प्रभावकारी परिचालन, शिक्षण सिकाइ प्रकृया, अतिरिक्त क्रियाकलाप जस्ता गतिविधिमा बालबालिकालाई केन्द्रविन्दु मान्दै यी सबै पक्षमा सुधार ल्याई तत्काल देखिने खालको परिवर्तन ल्याउनु आवश्यक छ ।

## १.२ समस्याको कथन

बालबालिकाको लागि रमाइलोसँग कक्षाकोठा र विद्यालयमा सिक्ने वातावरण नै बालमैत्री वातावरण हो । बालबालिकाको रुचि, क्षमता, चाहना, उमेरअनुसार पठनपाठन गर्न सक्नु पनि एक समस्यामूलक कार्य हो । बालमैत्री वातावरणमा बालबालिकाको अन्तर्निहित क्षमतालाई उजागर गर्ने प्रयास गरिन्छ । विद्यालयमा शिक्षकको अनुकूलताको सिकाइ, वातावरणको व्यवस्थापन गर्ने प्रयास गरिएको हुन्छ । जसले गर्दा उनीहरूमा भएको क्षमता प्रस्फुटन होस् यसले गर्दा बालमैत्री वातावरणमा शिक्षण प्रकृया थप जटिल र समस्यामूलक कार्यको रूपमा लिइन्छ । शिक्षण सिकाइ क्रियाकलापले विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउन सक्नुपर्दछ ।

बालमैत्री वातावरणमा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू परिपूर्तिका लागि सबै खालका विद्यार्थीहरूमा उनीहरूको रुचि, तह, उमेर, क्षमता, मनोविज्ञान अनुरूप शिक्षण सिकाइ गर्दा विभिन्न समस्याहरू देखिन्छन् । यसरी प्राथमिक तहमा शिक्षकले रटाउने, विद्यार्थीले घोक्ने, कक्षाकोठामा पूरानो शिक्षणविधि अपनाउने शिक्षक केन्द्रित शिक्षण परम्पराको विकास भइरहेको सन्दर्भमा विद्यार्थी केन्द्रित, शिक्षण क्रियाकलापमा केन्द्रित भई शिक्षण गर्नुपर्ने, विद्यार्थीहरूको रुचि र चाहनालाई विशेष ख्याल गरी मनोवैज्ञानिक अवधारणालाई अँगाल्दै व्यावहारिकतामा उतार्न हरेक समस्याको बाबजुद गाह्रो हुन सक्दछ । बालमैत्री वातावरणका लागि आधारभूत कुराहरू जस्तै भौतिक वातावरण, शैक्षिक सामग्रीको पर्याप्तताको अभाव खट्किरहेको अवस्थामा निकै समस्याको रूपमा देखा पर्दछ । सरकारी विद्यालयमा बालमैत्री वातावरण सम्बन्धी खासै पहल पनि भइरहेको अवस्था छैन । तसर्थ, विद्यालयमा बालमैत्री वातावरणको अवस्था तथा शैक्षिक सामग्रीको अवस्था कस्तो छ ? विद्यालयको भौतिक वातावरणको अवस्था कस्तो रहेको छ ? विद्यार्थीको क्रियाकलाप कस्तो छ ? शिक्षकले विद्यार्थीसामु गर्ने शिक्षण क्रियाकलाप कस्तो छ ? भौतिक वातावरण कस्तो रहेको छ ? विद्यालयमा कक्षा कोठाको शैक्षिक वातावरण कस्तो रहेको छ । भाषाशैलीको प्रयोग कस्तो रहेको छ ? यसमा के कस्ता समस्या छन् ? ती समस्या समाधान कसरी गर्न सकिन्छ ? आदि प्रश्नको उत्तर खोजी समयमा नै विद्यालयमा बालमैत्रीपूर्ण वातावरणको सिर्जना गर्न

आवश्यक देखिएकोले यस अध्ययनको शीर्षक 'प्राथमिक विद्यालयमा बालमैत्री वातावरणको अवस्था' छनोट गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

क) विद्यालयमा उपलब्ध भौतिक पूर्वाधारको वर्तमान अवस्था पत्ता लगाउनु,

ख) प्राथमिक तहमा बालमैत्री वातावरणको दृष्टिले शिक्षण अवस्थाको पहिचान गर्नु,

ग) बालमैत्री वातावरणलाई प्रभावकारी बनाउन शैक्षिक तथा सामाजिक वातावरणको पहिचान गर्नु ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

प्राथमिक विद्यालयमा बालमैत्री वातावरणको अवस्थासम्बन्धी अध्ययन अनुसन्धान गर्न निम्नलिखित अनुसन्धानात्मक प्रश्नहरूमा आधारित हुन्छन्, जसले अध्ययनको उद्देश्य पूरा गर्न सहयोग पुग्दछ ।

(क) विद्यालयमा उपलब्ध भौतिक पूर्वाधारको अवस्थाको कस्तो छ ?

(ख) कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलापको वातावरण कस्तो छ ?

(ग) शैक्षिक सामग्रीको प्रयोगको अवस्था कस्तो छ ?

(घ) शिक्षकहरूबीचको शैक्षिक तथा सामाजिक अवस्था कस्तो छ ?

(ङ) शिक्षक-विद्यार्थी, विद्यार्थी-विद्यार्थीबीचको सम्बन्ध कस्तो छ ?

(च) शिक्षण विधिको प्रयोगको अवस्था कस्तो छ ?

## १.५ अध्ययनको औचित्य

औपचारिक शिक्षा पद्धतिमा परिवार समाजको आफ्नो बालबालिकाको भविष्य उज्वल बनाउने तयारी विद्यालयका माध्यमबाट गरिरहेका हुन्छन् । विद्यालयीय प्रकृया भविष्यका असल व्यक्ति निर्माण गर्ने सबैको साझा र एकमात्र भरपर्दो माध्यम बनेको छ । संसारका सबै जसो बालबालिका विद्यालयमा भर्ना भएका छन् नभएकाहरूलाई पनि विद्यालयमा भर्ना गर्नका लागि प्रयासहरू भइरहेको छ । उनीहरूले विद्यालयमा सञ्चालन हुने विभिन्न गतिविधिवाट जीवनका लागि आवश्यक पर्ने ज्ञान, सीप, प्रवृत्ति सिकिरहेका हुन्छन् । विद्यालयमा उनीहरूको सक्षमता विकास र जीवनलाई अर्थपूर्ण बनाउन निरन्तर प्रयास गरिएको छ । जसका लागि विद्यालयमा बालमैत्री वातावरणको आवश्यकता पर्दछ । यदि बालमैत्री वातावण भएन भने अपेक्षित उपलब्धि हासिल गर्न गाह्रो पर्दछ । तसर्थ, विद्यालयमा बालमैत्री

वातावरणको अवस्था सम्बन्धमा अध्ययन गर्न आवश्यक ठानिएको छ । यस अध्ययनको महत्त्व तथा औचित्यलाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

(क) प्राथमिक विद्यालयमा बालमैत्रीको दृष्टिले भौतिक वातावरणको अवस्था पत्ता लगाउन सहयोग गर्दछ ।

(ख) विद्यार्थीको रुचि, उमेर, इच्छा, चाहना तथा क्षमता अनुरूप शिक्षण क्रियाकलाप गर्न शिक्षकहरूलाई सहयोग मिल्दछ ।

(ग) बालमैत्री वातावरणसम्बन्धी नीति तथा कार्यक्रम विस्तार तथा सुधार गर्न सम्बन्धित निकायलाई आधार प्रदान गर्दछ ।

(घ) सम्बन्धित विषयमा अध्ययन गर्न चाहने अध्ययनकर्तालाई मार्ग निर्देशन गर्दछ ।

(ङ) बालमैत्री वातावरणसम्बन्धी विषयमा थप जानकारी प्रदान गर्दछ ।

(च) विद्यालयमा बालमैत्री वातावरण कार्यक्रमलाई अझै व्यवस्थित रूपमा सञ्चालन गर्न सहयोग मिल्दछ ।

## १.६ अध्ययनको सीमाङ्कन

प्राथमिक तहमा बालमैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलापको अध्ययनको लागि तयार गरिएका उद्देश्यहरू पूर्ति गर्नका लागि अध्ययन क्षेत्रको परीसिमाङ्कनले अध्ययनको प्रकृयालाई मार्ग निर्देशन गर्दै निश्चित निष्कर्ष सम्म पुग्न र अध्ययन सफतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्दछ । यस अध्ययनले सरोकारवाला पक्षहरूलाई यद्यपि अध्ययनलाई समय सापेक्ष अर्थपूर्ण र फलदायी बनाउन प्राप्त स्रोत साधन, समय र आर्थिक, भौगोलिक अवस्थालाई विचार गरी केही सिमाङ्कनहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) यो अध्ययन प्राथमिक विद्यालयमा बालमैत्री वातावरणको अवस्थामा सीमित रहेको थियो ।

(ख) यो अध्ययन अवलोकन तथा उत्तरदाताको प्रतिक्रियामा आधारित रहेको थियो ।

(ग) यो अध्ययनमा उद्देश्यमूलक नमुना छनोटबाट आफूलाई खर्च, समय, परिश्रम वचत हुने भएकाले धादिङ जिल्ला मैदी गा.वि.सका ४ वटा विद्यालयलाई नमुनाको रूपमा छनोट गरियो ।

(घ) यस अध्ययनमा उत्तरदाताका लागि अन्तर्वार्ता निर्देशिका, खुल्ला प्रश्नावली एवम् अवलोकन फाराम आदि साधनको प्रयोग गरिएको थियो ।

(ङ) यस अध्ययनको विश्लेषण तथा व्याख्या वर्णनात्मक तथा तार्किक रूपमा गरिएको थियो ।

# परिच्छेद : दुई

## पूर्व साहित्यको पूनरावलोकन

प्राथमिक विद्यालयमा बालमैत्री वातावरणको अवस्थाको अध्ययन गर्ने क्रममा यस कार्यलाई अझ स्पष्ट र प्रभावकारी बनाउनका लागि पूर्व साहित्यको सामीक्षा गर्ने क्रममा आवश्यक पर्ने सिद्धान्तहरूको अध्ययनको साथै यस शीर्षकसँग सम्बन्धीत विषयगत स्रोतहरूको पनि विस्तृत रूपमा अध्ययन गरिएको छ । यस अन्तर्गत विद्यालयमा बालमैत्री वातावरणको स्थिति सम्बन्धित साहित्यको विवेचना, यस सम्बन्धी नेपालमा भएका प्रयास नीति तथा कार्यान्वयनको अवस्था विभिन्न लेख रचना एवंम् पत्रपत्रिका, पुस्तक बुलेटिन तथा पूर्व शोधपत्र अध्ययनका सारहरू लगायत विभिन्न आयोगका प्रतिवेदनहरूको समीक्षा गरिएको थियो ।

### २.१ सैद्धान्तिक साहित्यको समीक्षा

सैद्धान्तिक साहित्यको समीक्षा अन्तर्गत यस अध्ययन प्राथमिक विद्यालयमा बालमैत्री वातावरणको अवस्था अन्तर्गत अनुसन्धानसँग मेल खाने किसिमका विभिन्न सिद्धान्तहरूको अध्ययन गरिएको छ । जसमा यस अध्ययनसँग मिल्दोजुल्दो  पियाजेको सिकाइ सिद्धान्त र भिगोत्स्कीकाअनुसार सिकाइ सिद्धान्त र सामाजिक सिद्धान्त आदिलाई छोटकरीमा समीक्षा गरिएको छ । यसले गर्दा अनुसन्धानकर्तालाई थप अनुसन्धान गर्नका लागि आधार प्रदान गर्दछ । त्यसैले बालबालिकाले बालमैत्री वातावरणमा कसरी सिक्न सक्दछन् भन्ने कुरालाई ध्यान दिई यहाँ विभिन्न सिद्धान्तमा आधारित भएर अध्ययन कार्य गरियो ।

#### २.१.१ विद्यालयमा बालमैत्री वातावरणसम्बन्धी सैद्धान्तिक पक्ष

शिक्षण सिकाइ प्रकृयामा बालमैत्री वातावरण सम्बन्धमा पछिल्लो समयमा आधुनिक औपचारिक विद्यालयीय शिक्षा पद्धतिमा विद्यालयमा गरिने शिक्षण सिकाइमा गुणस्तरको पक्ष सर्वाधिक महत्त्वपूर्ण हुने देखिन्छ । अनुभव र अध्ययनहरूबाट औपचारिक शिक्षा पद्धतिको केन्द्रित विषय बालमैत्री शिक्षण सिकाइ क्रियाकलाप हुने देखिन्छ । यसै सन्दर्भमा परम्परावादी औपचारिक शिक्षा पद्धतिमा शिक्षक केन्द्रित शिक्षण सिकाइ प्रकृयाभन्दा प्रभावकारी बालकेन्द्रित शिक्षण वा बालमैत्री वातावरण र त्यसै अनुसार शिक्षण क्रियाकलाप गर्ने सम्बन्धमा विभिन्न अध्ययन कार्यहरू भइरहेका छन् । प्राथमिक विद्यालय तहमा बालमैत्री वातावरणको अवस्था सम्बन्धमा पहिचान गर्ने यस अध्ययनसँग मेलखाने र यस अध्ययनलाई सहयोग  पुग्ने केही पूर्व साहित्यको अध्ययन गरी त्यसको सार यस खण्डमा उल्लेख गरिएको छ ।

Jean Piaget's Learning Theory का अनुसार विभिन्न उमेरका बालबालिकाहरूलाई संख्या र स्थानसम्बन्धी विभिन्न प्रयोग गरी त्यसबाट प्राप्त प्रतिक्रियाहरूको अध्ययन र विश्लेषण गरेर बालबालिकाको उमेरसँग सम्बन्धित बालकको संज्ञानात्मक विकासका चार चरणलाई उमेर अनुसार बालकले गर्ने क्रियाकलापको आधारमा विभाजन गरिएको छ । ती चरणहरू क्रमश : इन्द्रिय चाल अवस्था

(१८ महिनादेखि ६/७ वर्ष सम्म) मूर्त क्रियात्मक अवस्था (६/७ वर्षदेखि ११/१२ वर्ष सम्म ) र औपचारिक क्रियात्मक अवस्था (११/१२ वर्षदेखि माथि) उमेरका बालबालिकाहरू पर्दछन् भनी उल्लेख गरेका छन् । ती चरणमा भएको समान प्रकृतिका विशेषताका आधारमा बालकले गणितसम्बन्धी धारणा र तथ्य के कसरी सिक्छन् कुन उमेर समूहका बालकलाई कस्ता मूर्त, अमूर्त र अर्धमूर्त सामग्री वा वस्तुको प्रयोग गरी कसरी धारणा स्पष्ट पार्न सकिन्छ, भन्ने कुरा यस सिद्धान्तमा स्पष्ट व्याख्या गरिएको छ । बालमनोविज्ञानको विश्लेषणको आधारमा बालकको बौद्धिक विकास विभिन्न उमेर अवस्थामा कसरी विकास हुँदै जान्छ भन्ने कुरालाई यस सिद्धान्तले व्याख्या गरेको छ । यस सिकाइ सिद्धान्त बालकको संज्ञानात्मक विकासका चरणहरूमध्ये पूर्वक्रियात्मक अवस्था ( १८ महिना - ६/७ वर्ष) र मूर्त क्रियात्मक अवस्था (६/७ - ११/१२ वर्ष) यी दुई चरण प्राथमिक तहमा अध्ययन गर्नको लागि प्रारम्भिक उमेर र प्राथमिक तहको समय अवधि यस चरणको उमेर समूहलाई मानिन्छ । यस अवस्थाका बालबालिकाहरूले अमूर्त कुराहरू सोच्न सक्दैनन् (शर्मा एड शर्मा, २०६८) ।

मानव विकासको पहिलो र विकासको महत्त्वपूर्ण प्रकृया Assimilation (सम्मिलित) हो । बालकले वातावरणसँग अन्तर्क्रिया गर्दै जाँदा समायोजनका लागि संज्ञानात्मक क्षमता परिवर्तन गर्दछ । बालकले आफ्नो र वातावरणबीचको सम्बन्धलाई सुमधुर, सुव्यवस्थित र आनन्ददायी बनाउन मानसिक प्रकृया परिवर्तन गर्नु पर्दछ । मानव विकासको प्रकृयामा मानसिक कार्यहरू र संरचनामा जन्मजात जैविक कार्य, परिपक्वता भौतिक र सामाजिक वातावरणसँगको अन्तर्क्रियाबाट हुने गर्दछ । जसले गर्दा बालकहरूको सिक्ने क्षमता उमेर अनुरूप मानसिक विकास हुने गर्दछ । बालकले आफ्नो परिपक्वताका आधारमा वातावरणसँग घुलमिल भई कार्य गर्दछ । त्यसैले बालबालिकाहरूको रुचि, उमेर, क्षमता अनुसार शिक्षण क्रियाकलाप गर्दा र विद्यार्थी केन्द्रित विधि प्रयोग गरी शिक्षण गर्दा उनीहरूले सहजै सिक्ने गर्दछन् त्यसैले प्राथमिक तहका विद्यालयमा बालमैत्री वातावरण हुनु जरुरी हुन्छ ।

भिगोत्स्कीका अनुसार सिकाइको प्रमुख आधार भनेको सामाजिक अन्तर्क्रिया र भाषा हो । सुरुमा बालकले अरुसँग अन्तर्क्रिया गरी सामान्य ज्ञान प्राप्त गर्दछ भने पछि उसले आफैंले आन्तरिक रूपबाट नै मनन गर्छ, बुझ्छ र अनुभव गर्दछ र सीप आर्जन गर्दछ । सिकाइ मानिसको उच्च तहको चिन्तनको विकास हो । भिगोत्स्कीको सिकाइ सिद्धान्त अनुसार सिकाइ ZPD का माध्यमबाट प्राप्त हुन्छ । बालकको ज्ञान, सीप र पूर्वज्ञान बालकको सामान्य अवस्थाको सिकाइ हो । यसले ZPD सँग सम्बन्ध कायम गरी scaffolding (शिक्षण विधि) अपनाउने गर्दछ । Scaffolding भनेको मानवीय क्षमता विकास गर्न चाहिने सिकाइका आवश्यक चरणहरू हुन् । भाषा र अनुभवको साझेदारीबाट बालकले Sumnarizing,Questoning, Clearifying, Predicting, गर्दै Scaffolding का चरणहरू पुरा गरी ज्ञान र सीप प्राप्त गर्दछ । शिक्षण विधिमा शिक्षकले सहयोगीको भूमिका निर्वाह गर्दछ भने विद्यार्थी बीचमा सहयोगपूर्ण अन्तर्क्रिया हुने गर्दछ । उनकाअनुसार प्राथमिक तहको पाठ्यक्रम Drawing things and Speech मा आधारित हुनु पर्दछ । यसै गरी Tools and Technologies लाई पनि पाठ्यक्रममा समावेश गरिनु पर्दछ । Computer, resource, books, graphs etc.पाठ्यक्रमको वास्तविक जीवनका

लक्षणहरू प्रदर्शन गर्नु पर्दछ । पाठ्यक्रमका पूर्वज्ञानहरू, अनुभवहरू, सीपहरू हुनुपर्दछ र अन्तर्क्रिया मूलक हुनु पर्दछ ।

सिकारुले आफ्ना पूर्व अनुभवहरूसँग प्राप्त सूचनाहरूको अन्तर्क्रिया गराई एकिकृत रूपमा निर्माण गरेको नयाँ सिकाइलाई निर्माणवादी सिकाइ भनिन्छ । भिगोत्स्कीकाअनुसार सिकाइको विभिन्न सिद्धान्तहरू रहेका छन् : ती हुन् मार्क्सवादी मनोविज्ञानको निर्माण, सामाजिक परिवेश र सामाजिक अन्तर्क्रियामा आधारित वस्तुगत प्रकृयाका बदलामा विषयगत प्रकृयामा जोड, अर्थपूर्ण सिकाइ प्रकृयामा जोड र सहयोगात्मक सिकाइमा आधारित रहेको छ । सिकाइको प्रमुख आधार सामाजिक अन्तर्क्रिया र भाषालाई प्रमुख मानिन्छ । जसले गर्दा विद्यालयमा शिक्षक र विद्यार्थी, विद्यार्थी विद्यार्थीबीच पढाइने तथा बोलिने भाषा सरल र स्पष्ट सबैले बुझ्ने खालको हुनु पर्दछ । उनीहरूको रुचि, क्षमता, तह, उमेरअनुसारको भाषाशैली हुनु आवश्यक हुन्छ । जसले गर्दा उनीहरूले सहज रूपमा नै सिकाइ प्राप्त गर्न सकोस् अनिमात्र विद्यार्थीको सिकाइ उपलब्धि राम्रो हुन सक्दछ । त्यसैले शिक्षण सिकाइ क्रियाकलाप बालकेन्द्रित भई बालमैत्री वातावरण हुनु अनिवार्य हुन्छ ।

भिगोत्स्कीका सामाजिक सिद्धान्तअनुसार विद्यालय बालबालिकाको लागि मानव मानेविज्ञानको राम्रो प्रयोगशाला मान्छन् । किनभने विद्यालय ठूलो क्षेत्रमा रहेको हुन्छ र त्यही क्षेत्रमा बालबालिकाको क्रियाकलाप हुने गर्दछ । त्यसै गरी कक्षाकोठा पनि एक सामाजिक संगठन हो जुन ठूलो समुदायको प्रतिनिधित्त्व संगठन हो र व्यक्ति (बालक) परिवर्तन गर्ने एक निकाय पनि हो भन्ने भिगोत्स्कीको विचार रहेको छ ।

यसरी विद्यालय बालबालिकाको कार्यथलो हो । यसै स्थानबाट उनीहरूले सबै क्रियाकलापहरू सिक्ने गर्दछन् । एक अर्काबीचको अन्तर्क्रिया, सहयोगीपन, आफूभन्दा ठूला तथा सानालाई गर्ने व्यवहार, अनुशासन आदि सम्पूर्ण कुराको ज्ञान हासिल गर्ने थलो भनेको विद्यालय हो । यसरी उनीहरूले विद्यालयमा गइसकेपछि गर्ने सामाजिक व्यवहारमा परिवर्तन आउने गर्दछ । यसरी विद्यालयमा अध्ययन गर्न गइसकेपछि विद्यालयमा बालमैत्री वातावरण पाएमा उनीहरूको सामाजिक व्यवहारमा सकारात्मक परिवर्तन आउँदछ ।

समाज विभिन्न व्यक्तिहरूको त्यस्तो संगठन हो जसले सामुहिक उद्देश्य प्राप्तिका लागि काम गर्दछ । समाजका उद्देश्यहरू पूरा गर्न गराउन अपनाउने विभिन्न कार्यलाई सामाजिक प्रकृया भनिन्छ । शिक्षा वास्तवमा एक सामाजिक कार्य हो । समाजको इच्छा, चाहना पूरा गर्ने गराउने एक माध्यम शिक्षा हो । सामाजिक दृष्टिकोणले हेर्दा शिक्षाले व्यक्तिलाई सामाजिकीकरणमा सहयोग गर्नु पर्दछ । शिक्षाले समाजमा स्वस्थ वातावरण ल्याउँदछ र स्वस्थ मानसिकताको विकास गराउँदछ र स्वस्थ मानसिकताले सामाजिकीकरणमा सहयोग पुर्‍याउँछ । सामाजिकीकरण त्यस्तो प्रकृया हो जसबाट व्यक्तिले आफू बसेको समाजको व्यवहार मूल्य र विचारहरू सिक्दछ र सामाजिक सदस्यको रूपमा आफूलाई उभ्याउन सक्दछ (शर्मा एड शर्मा, २०६८) ।

यसरी समाजका हरेक आवश्यकतालाई परिपूर्तिका लागि सामाजिकीकरण हुनु जरुरी हुन्छ । जुन व्यक्ति, समाज, विद्यालय आदि क्षेत्रमा अनुशासित भएर आफ्नो कार्यलाई प्रस्फुटित गर्दछ । शिक्षाले नै समाजको मुहार फेर्न सकिने हुनाले व्यक्ति नै पहिले सक्षम, असल हुनु आवश्यक हुन्छ । जब बालकले समाज लगायत विद्यालयमा राम्रो वातावरण पाई ज्ञान हाँसिल गरेको छ भने पक्कै पनि उसले समाजमा व्यवहारिक रूपमा परिवर्तन ल्याउन सक्दछ । समाजका मानिसहरू सहयोगी, प्रेम र स्नेह, सामाजिक अन्तर्क्रिया, भाषा आदि राम्रो भएमा व्यक्तिमा सामाजिकीकरण छ भन्न सकिन्छ । जब बालबालिबाहरूले घर, विद्यालय र समाज जुनसुकै ठाउँबाट पनि विभिन्न संस्कृतिको चालचलन, परम्परा आदि सिकिरहेको हुन्छ । राम्रो संस्कृति भएको समाजमा हुर्किएको बालकको भविष्य अवश्य पनि उज्वल हुनसक्दछ । त्यसैले घर, विद्यालय र समाज आदि जुनसुकै ठाउँमा भए पनि बालबालिकाहरूलाई हेर्ने दृष्टिकोण भने भेदभावरहित, दण्डरहित हुनु जरुरी हुन्छ । उनीहरूले बालमैत्री वातावरण पाएमा अवश्य पनि उच्च ज्ञान हाँसिल गरी देश विकासमा ठूलो टेवा मिल्दछ । त्यसैले घर परिवार, विद्यालय, समाज आदि क्षेत्रमा बालमैत्री व्यवहार गरी शिक्षाको स्तरलाई माथि उकास्न सकिन्छ ।

Jean Piaget's को सिकाइ सिद्धान्तअनुसार बालबालिकाहरूको रुचि, उमेर, क्षमताअनुसार शिक्षण गर्दा उनीहरूको आफ्नो सिकाइ उपलब्धी हासिल गरी गुणस्तरीय शिक्षा प्राप्त गर्दछन् भने त्यसै गरी भिगोत्स्कीको सामाजिक सिद्धान्तअनुसार सिकाइको प्रमुख आधार सामाजिक अन्तर्क्रिया र भाषालाई प्रमुख मानिन्छ । विद्यालयमा शिक्षक र विद्यार्थी, विद्याथी-विद्यार्थीबीच सहयोगात्मक भावनाको विकास हुनु जरुरी हुन्छ । यसरी सिकाइ क्रियाकलाप बालकेन्द्रित भएमा सिकाइ प्रभावकारी हुने गर्दछ । तसर्थ, विद्यार्थीहरूले गुणस्तरीय शिक्षा प्राप्त गर्दछन् । सिकाइ वातावरण सहज र सरल भएमा सिकाइ दिगो हुने गर्दछ र बालमैत्री विद्यालयको अवस्था पहिचान गर्न सकिन्छ । यसरी विद्यार्थीहरूको रुचि क्षमताअनुरूप सहज वातावरणमा सिकाइ प्राप्त गर्नु राम्रो पक्ष हो । जसले गर्दा उनीहरू सहजै ज्ञान, सीप हासिल गर्न सक्दछन् र सिकाइ दिगो र गुणस्तरीय शिक्षा हासिल गर्न सफल हुने गर्दछन् ।

### २.१.२ बालमैत्री वातावरणमा शिक्षाको दार्शनिक आधार

यस अध्ययनलाई उद्देश्यमूलक व्यवहारिक बनाउनका लागि यस अध्ययनसँग सम्बन्धित बालकेन्द्रित शिक्षाको दार्शनिक आधारलाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

प्रकृतिवादी अनुसार प्रकृतिमा निहित रहेर शिक्षा दिनुपर्दछ । वास्तवमा प्रकृतिवादले भौतिक वातावरणमा जोड दिन्छ । यस वादले बालकको वर्तमान जीवनलाई शिक्षाको आधारको रूपमा जोड दिन्छ । किताबी ज्ञानको विरोध गर्दछ । शिक्षा बालकेन्द्रित हुनुपर्छ र शिक्षकले भने बालकलाई स्वतन्त्र रूपमा उसको मनोविज्ञानको अध्ययन गरी शिक्षा प्रदान गर्नुपर्दछ । यस वादले शैक्षिक प्रक्रियामा विद्यार्थीहरूको चाख आनन्ददायी शैक्षिक विकास, विद्यार्थी क्रियाकलापमा आधारित भएर शिक्षण गर्नु पर्ने कुरामा जोड दिने गर्दछ । प्रकृतिवादी सिद्धान्तका प्रमुख दार्शनिक रुसो हुन् । उनको पुस्तक "इमायल" मा मानिसका बारेमा निम्न कुराहरू व्यक्त गरेका छन्, मानिस स्वतन्त्र रूपमा जन्मेको हुन्छ त्यसकारण

उसलाई स्वतन्त्र जीवन निर्वाह गर्न दिनुपर्छ । व्यक्तित्त्व विकासका लागि बालबालिकाले प्रकृतिको स्वतन्त्र वातावरण प्राप्त गर्नु पर्दछ (शर्मा एड शर्मा, २०६३) ।

### २.१.३ बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप (२०६७) ले निर्दिष्ट गरेका क्षेत्र मापदण्ड एवम् सूचकहरू

बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप (२०६७) ले निर्दिष्ट गरेका क्षेत्र मापदण्ड एवम् सूचकहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**(क) प्रभावकारिता**

कुनै पनि कार्यक्रम, अभ्यास, प्रयास र लगानीले लक्षित वर्गको अवस्थालाई कति प्रभाव पार्न सक्यो भनेर जान्नु, बुझ्नु र अनुभूत गर्नु नै प्रभावकारिता हो । यसमा कक्षागत र विषयगत सिकाइ उपलब्धि दर, कक्षा दोहोऱ्याउने दर, विद्यालय छाड्ने दर, शिक्षक विद्यार्थीको उपस्थितिदर, जस्ता विषयलाई समावेश गरी शिक्षकको उत्तरदायित्व शिक्षक मूल्याङ्कन, विद्यालय निरीक्षण र निरन्तर विद्यार्थी मूल्याङ्कनलाई जोड दिइएको छ । यसमा समग्र विद्यालय शिक्षाको लगानीबाट परेको प्रभावलाई हेर्न खोजिएको छ ।

**(ख) समावेशीकरण**

बालबालिकाहरू एक अर्कामा फरक फरक हुन्छन् । उनीहरूमा हुने फरकपनलाई स्वभाविक रूपमा स्वीकार गर्दै सबैका आवश्यकता प्रति जिम्मेबार भई लागू गरिने शैक्षिक प्रणाली नै समावेश शिक्षा हो । यसमा बालबालिकाको विद्यालय सम्मको पहुँच समावेशीकरण सम्बन्धी शिक्षकहरूको तालिम, सहभागिता, बालबालिकाको आवश्यकतामा आधारित शिक्षण सिकाइ, विविधतालाई सम्मान गर्ने आदि सूचकहरू समावेश गरिएको छ ।

**(ग) शिक्षामा लैङ्गिक पक्ष**

बालमैत्री वाातावरण बनाउनका लागि सबै छात्र, छात्रा, शिक्षक एवम् समग्र विद्यालय परिवार लैङ्गिक समविकासका दृष्टिले सचेत बन्नुपर्दछ । लैङ्गिक दृष्टिबाट हुने सबै किसिमको विभेदबाट मुक्त हुनुपर्दछ । यसमा विशेष गरेर छात्रवृत्रि, सचेतनामूलक कार्यक्रम लगायत, लैङ्गिक सहभागिताका विषयमा जोड दिइएको छ ।

**(घ) बालबालिका परिवार र समुदायको सहभागिता**

विद्यालयको समग्र वातावरणलाई बालमैत्री बनाउन, बालबालिका, परिवार र समुदायसँग विद्यालयको आन्तरिक सम्बन्ध बलियो हुनु विद्यालयको आन्तरिक सम्बन्ध बलियो हुन आवश्यक हुन्छ ।

(ङ) **स्वास्थ्य, सुरक्षा र बनावट**

बालबालिकाहरू विद्यालयका सबै क्रियाकलाप सम्मानपूर्वक सहभागिता जनाउनका लागि आफू स्वस्थ सुरक्षित हुनु जरुरी हुन्छ । बालबालिकाको स्वास्थ्य परीक्षण, सुरक्षा, अनुभूति र बनावटको अनुभूतिलाई प्रारूपमा समावेश गरिएको छ ।

(च) **विद्यालयको भौतिक अवस्था**

विद्यालयको भौतिक वातावरण बालबालिकाहरूका लागि अनुकूल हुनु नै बालमैत्री विद्यालय हो । विद्यालयका प्रमुख २ पक्षहरू लगानी र उपलब्धी मध्ये भौतिक पूर्वाधारलाई लगानीको रूपमा लिइएको छ । विद्यालयको भौतिक अवस्था तर्फ भवन, कक्षाकोठा, खानेपानी, फर्निचर, पुस्तकालय, शौचालय विद्यालय हाता व्यवस्थापन, कार्यालय जस्ता विषयलाई समेटेको छ ।

(छ) **शिक्षण सिकाइ प्रक्रिया**

शिक्षणका लागि तयार पारिने वार्षिक कार्ययोजना शैक्षिक सामग्री, शिक्षणमा अभिभावक समुदायको सम्बन्ध सहभागिता, अतिरिक्त क्रियाकलाप, प्रयोग एवम् अभ्यासलाई जोड दिइएको छ ।

(ज) **मातृभाषामा शिक्षण सिकाइ**

कुनै पनि बालबालिकालाई भाषाका कारणबाट सिकाइमा बाधा नपरोस् र मातृभाषालाई माध्यम बनाएर विद्यालयमा सबैका लागि भाषामैत्री वातावरण सिर्जना गर्दै सिकाइमा सहजता पुऱ्याउन मातृभाषामा शिक्षण सिकाइलाई राखिएको छ । यसमा विशेष गरेर भाषिक सर्वेक्षण, सामग्री विकास, मातृभाषा अनुकूलको कक्षाकोठा, व्यवस्थापन लगायत मातृभाषामा आधारित बहुभाषिक शिक्षाका लागि शिक्षक एवम् शिक्षण तयारीमा जोड दिइएको छ ।

(झ) **विद्यालय व्यवस्थापन**

विद्यालयको व्यवस्थापनलाई बालमैत्री विद्यालयको अवधारणानुसार परिचालन गर्नु पर्छ भन्ने मान्यतामा प्रारूपले विद्यालय व्यवस्थापनलाई बेग्लै पक्षको रूपमा स्थापित गरेको छ । विशेष गरेर यसमा समावेशीकरण बैंठक सञ्चालन एजेण्ड, विधि, प्रक्रिया, शिक्षक नियुक्ति एवम् समूह परिचालन, आचार संहिता, कक्षा शिक्षण, बहुकक्षा शिक्षण, समुदाय परिचालन एवम् समग्र विद्यालयको सुशासनलाई जोड दिइएको छ ।

विद्यालयहरूमा न्यूनतम सक्षमताको पहिचान र परिपूर्ति गर्दै विद्यालयमा बालमैत्री वातावरण स्थापित गर्न शिक्षा विभागबाट २०६७/८/९ गते स्वीकृत भएको बालमैत्री विद्यालय प्रारूप (९ वटा क्षेत्र र १४९ वटा सूचकसहित) तयार भई कार्यान्वयनको अवस्थामा रहेको छ ।

बालमैत्री विद्यालय भन्ने वित्तिकै जुनसुकै तह तप्कामा पनि सबैलाई समेट्ने, सबैका आवश्यकताप्रति विद्यमान पद्धतिलाई जिम्मेवार र संवेदनशील बनाउने रणनीति भन्ने बुझ्नुपर्छ । यसबाट समग्र शैक्षिक प्रणालीमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । नेपाल सरकारबाट स्वीकृत बालमैत्री प्रारूपको कार्यान्यिन गर्नु सबैको दायित्व हो (विद्यालयमा न्यूनतम सक्षमताको अवस्था, शिक्षा विभाग, २०६९) ।

बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ का आधारमा आ-आफ्नो विद्यालयका लागि उपयुक्त रणनीति पहिचान र विकास गर्नु पर्दछ । त्यसरी विकास गरिएको रणनीतिलाई परिवेशअनुसार कार्यान्वयनको साथै सुधार गर्दै जानुपर्ने हुन्छ । बालमैत्री ढङ्गबाट पठनपाठनलाई सफल रूपमा कार्यान्वयन गर्न प्रत्येक विद्यालयका लागि आफ्नो स्थान विशेषका स्रोत साधन तथा उपायहरू पहिचान गरी बालमैत्री पठन पाठनलाई कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसका लागि हरेक विद्यालयले यस प्रारूपलाई मूल आधार मानी विद्यालयमा बालमैत्री सिकाइ वातावरण प्रवर्धन गर्न निम्नानुसार कार्यक्रमका चरणहरू अवलम्बन गर्नुपर्ने हुन्छ ।

- विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक संघ र शिक्षकहरूको बैठक बसी बालमैत्री विद्यालयको राष्ट्रिय प्रारूपको अध्ययन गर्ने ।
- प्रारूपमा उल्लेख गरिएका ९ वटै सूचकहरूमा आफ्नो विद्यालयको वर्तमान अवस्था कस्तो छ पत्ता लगाई सूचीकृत गर्ने ।
- तयार पारिएको सूचीमा कुन सूचकको स्थान कमजोर र कुन सूचकको स्थान तुलनात्मक रूपमा सुध्रिएको छ सो को आधारमा बढी सुधार गर्नुपर्ने क्षेत्रलाई सुधार गर्ने गरी प्राथमिकता सूची तयार गर्ने ।
- सुधार गर्नुपर्ने सूचकहरूमध्ये कुनमा बढी आर्थिक व्ययभार, कुनमा कम र कुनमा व्ययभार नै नपर्ने छन् सो छुट्याउने र लागतको अनुमान तथा तुर्जमा गर्ने ।
- त्यसैगरी सुधारका कार्यहरू गर्न कुन-कुन, कति-कति समय लाग्ने खालका छन्, सोको छुट्टाछुट्टै सूची तयार गर्ने र हरेक सूचकको लक्ष्य किटान गर्ने ।
- सुधारका कार्यहरूमध्ये कुन कार्य प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समिति, अभिभावक, शिक्षक संघ, स्थानीय निकाय, विद्यार्थी मार्फत् गर्नु पर्ने हो, सो को निर्क्योल गर्ने ।
- यी माथिका विश्लेषणको आधारमा बालमैत्री विद्यालय विकास योजना निर्माण गर्ने ।

यसरी बालमैत्री विद्यालयसम्बन्धी विभिन्न कार्यक्रमहरूको विश्लेषण गरी बालमैत्री विद्यालय विकास योजना निर्माण गर्नुपर्ने हुन्छ । यसरी ती कार्यक्रम अनुरूप विद्यालयहरूमा कार्यान्वयन गरेमा विदालयहरूमा बालमैत्री वातावरण सृजना हुन सक्दछ ।

## २.२ सम्बन्धित सन्दर्भ साहित्यको समीक्षा

सम्बन्धित साहित्यको अध्ययन अन्तर्गत आफ्नो अनुसन्धानसँग मेल खाने किसिमका विभिन्न लेख रचना, पत्रपत्रिका लगायत पूर्व शोधपत्रहरूको समेत अध्ययन गरिएको छ । र त्यहाँबाट प्राप्त प्राप्तिलाई यहाँ छोटकरीमा विवेचना गर्ने गरिन्छ । यस्तो विवेचनाले अनुसन्धानकर्तालाई थप अनुसन्धान गर्नका लागि आधार प्रदान गर्दछ त्यसैले यस अध्ययनमा पनि विद्यालयमा बालमैत्री वातावरणको अवस्थासँग सम्बन्धित रिपोर्टहरू, CERID रिपोर्ट लगायत पूर्व साथीहरूले यस शीर्षकसँग मेल खाने गरी गरेको शोधपत्रका उद्देश्य र प्राप्तिलाई यहाँ समीक्षा गर्ने प्रयास गरिएको छ ।

शाह (२०६७), ले गरेको शोध अध्ययनअनुसार प्राथमिक विद्यालयमा बालमैत्री वातावरण स्थिति अन्तर्गत विद्यालयमा बालमैत्री वातावरण प्रति विद्यार्थी र शिक्षकहरूको भनाई सकारात्मक रहेको छ भने शिक्षणको समयमा बालमैत्रीपूर्ण वातावरण हुनुपर्नेमा त्यसमा कमी रहेको छ । शिक्षण सामग्रीको उपलब्धता न्यून हुनु र प्रयोगको अवस्था पनि कमजोर रहेको छ । जसमा स्थानीय रूपमा निर्माण गरी प्रयोग गर्ने शैक्षिक सामग्रीको प्रयोगमा पनि खासै चासो नदिएको पाइयो । शिक्षण सिकाइ प्रकृयामा पनि बालकेन्द्रित वा विद्यार्थीकेन्द्रित हुनुपर्नेमा शिक्षक केन्द्रित विधि नै प्रयोग गरेको भन्ने रहेको छ । शिक्षकहरूलाई तालिमको व्यवस्था नहुनु, शिक्षकलाई पेशागत सुविधा र प्रोत्साहन नहुनु आदिले प्राथमिक तहमा बालमैत्री वातावरणमा शिक्षण प्रभावकारी हुन नसकेको जानकारी यस अध्ययनले देखाएको छ ।

यस बालमैत्री विद्यालयको वातावरण सिर्जना गर्नका लागि शिक्षक, अभिभावक, प्रशासकहरू, विषयविज्ञहरू, नेपाल सरकार, विभिन्न संघसंस्था लगायतका सम्बन्धित सबै पक्षहरूले आ-आफ्नो स्थानबाट विशेष ध्यान केन्द्रित गर्नु पर्ने हुन्छ । अनिमात्र विद्यालयहरूलाई बालमैत्री वातावरण सृजना गरी शिक्षण प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ र अपेक्षित उद्देश्यहरू हाँसिल गरी विद्यार्थीको व्यवहारमा सही रूपले परिवर्तन गराउन सकिन्छ र सिकाइ दिगो र गुणस्तरीय हुन सक्दछ ।

गैरे (२०६५), का अनुसार विद्यालयको शैक्षिक गुणस्तर नेपाली समाजको आर्थिक र सामाजिक संरचनासँग प्रत्यक्ष सम्बन्धित रहेको कुरा तथ्यहरूले देखाएका छन् । यस अन्तर्गत चरम गरिबी आधारभूत सेवा सुविधाको कमी, अशिक्षा, विभिन्न विकास क्षेत्र र भौगोलिक प्रदेशहरूमा भइरहेको सेवा र साधनहरूको असमान वितरण, एक भाषावादी नीति, लामो समयदेखी विद्यमान महिला, जनजाती र अल्पसङ्ख्यक भाषिक समुदायमाथि भइरहेको भेदभावहरू पर्दछन् विद्यार्थीको कमजोर शैक्षिक प्राज्ञिक आधार त्यसबाट सिर्जित कमजोर क्षमता प्रदर्शन मूल्याङ्कन, कक्षोन्नती, अभ्यासहरूमा देखिएका कमी शिक्षण व्यवस्थापनमा रहेको फितलोपन, शिक्षक तथा विद्यालयमा पाइने उत्तरदायित्त्व विहिनता, कमजोर संख्यागत नेतृत्त्व, अव्यवहारिक र विषयवस्तु अति धेरै भएको पाठ्यक्रम त्यसअनुसार मैत्रीपूर्ण वातावरण सिर्जना गर्न सक्ने सक्षम शिक्षणको अभावका कारण शिक्षण क्रियाकलाप प्रभावकारी बन्न नसकेको अवस्थामा बालमैत्री वातावरणमा शिक्षण क्रियाकलापको अवधारणा अगाडि ल्याएको हो । जसले यस असन्तुलन, अव्यवहारिक असक्षम प्रविधिमा समता ल्याउने आशा गरिएको छ ।

शर्मा (२०५७), ले 'बर्दिया जिल्लामा प्राथमिक विद्यालयहरूमा शिक्षकहरूको अनुपस्थिति' विषयमा विकासका निम्ति शिक्षा पत्रिकामा बालकेन्द्रित शिक्षाबारे विभिन्न स्रोतलाई उल्लेख गर्दै लगेका छन् । "शिक्षकको कार्य विद्यार्थीहरूलाई कक्षाकोठामा सरल र सहज तरिकाले पठन पाठन गराई उनीहरूमा धेरै भन्दा धेरै ज्ञान प्रदान गर्नु हो ।" विश्व बैङ्क (१९९९), तर यो कार्य त्यति सजिलो छैन । विद्यालयमा प्रधानाध्यापक र शिक्षकहरूको अस्वभाविक अनुपस्थितिले पठन पाठनका क्रियाकलापमा अपुरणीय क्षति पुऱ्याइरहेको हुन्छ । नेपालका विद्यालयहरूमा विशेष गरी (प्राथमिक विद्यालयहरूमा) शिक्षक अनुपस्थितिको समस्या एउटै प्रमुख शैक्षिक मुद्धाको रूपमा रहेको छ । मानवीय विकास प्रतिवेदन (२०५७) शिक्षकहरूको हुने भौतिक अनुपस्थितिबाट अन्य तहहरूमा असर पर्दछ नै तर यो असर प्राथमिक तहमा अत्यन्तै बढी हुन्छ । नेपालमा विद्यालयहरूमा (विशेष गरी प्राथमिक विद्यालयमा) शिक्षकहरू अनुपस्थिति हुने गरेको कुरा बेला बेलामा राजनीतिज्ञ एवम् बुद्धिजीविहरूबाट अभिव्यक्ति हुने र यसलाई लिएर विभिन्न पत्रपत्रिकाहरूमा समेत टिप्पणी हुने गरिएको पाइन्छ ।

विद्यालयमा शिक्षक तथा विद्यार्थीहरू दुवैको अस्वभाविक अनुपस्थितिले गुणस्तरीय शिक्षामा प्रत्यक्ष प्रभाव पार्दछ । शिक्षण सिकाइ क्रियाकलाप सरल र सहज वातावरण भएमा विद्यार्थीहरूले उच्च ज्ञान हाँसिल गरी सिकाइमा दिगोपन ल्याउन सक्दछ । शिक्षकहरूको अनुपस्थिति तथा विद्यार्थीको अनुपस्थिति हुने क्रमलाई न्यूनीकरण गर्न शिक्षकहरूलाई विभिन्न शैक्षिक तालिमका साथसाथै उनीहरूलाई शैक्षिक सुविधाहरू दिनु पर्दछ भने विद्यार्थीका लागि विभिन्न छात्रवृति कार्यक्रम, दिवा खाजा कार्यक्रम, दण्ड तथा पुरस्कारको उचित व्यवस्था गरिनु पर्दछ ।

सन् १९९० मा थाइल्याण्डको जोमटिनमा भएको "सबैका लागि शिक्षा" सम्बन्धी विश्व सम्मेलनको घोषणापत्रलाई सन् २००० मा सेनेगलको डकारमा भएको विश्व शिक्षा मञ्चले समीक्षा गर्दै सन् २०१५ सम्ममा विश्वका सबै बालबालिकाहरूलाई प्राथमिक स्तर सम्मको शिक्षा निशुल्क र अनिवार्य रूपमा उपलब्ध गराउन प्रतिबद्धता जाहेर गरेको छ । यस सन्दर्भमा सन् २०१५ सम्ममा 'सबैका लागि शिक्षा' का उद्देश्यहरू पूरा गर्न नेपालले पनि सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजना (२००१- २०१५) बनाई यस अन्तर्गत सबैका लागि शिक्षा मूल दस्तावेज (२००४-२००९) को रणनीति कार्यक्रम लगायत विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिएबाट प्राथमिक तहको खुद भर्नादर ९३.७ पुगेको छ । नेपालको अन्तरिम संविधान २०६३ ले शिक्षालाई मौलिक हकको रूपमा स्वीकार गरिसकेको छ । सबैका लागि समान गुणस्तरको निशुल्क सर्वसुलभ आधारभूत शिक्षाको प्रत्याभूति गर्ने उद्देश्य तिन वर्षीय अन्तरिम योजनाले लिएको छ । सबैकालागि शिक्षाको प्रतिबद्धतालाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्न र शिक्षालाई समावेशी बनाई सबैको पहुँच सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पूर्णसंरचना एवम् बालमैत्री विद्यालय वातावरण सहित विद्यालय क्षेत्र सुधार योजना (२००९- २०१५) कार्यान्वयन भइरहेको छ (शिक्षा विभाग, २०७०) ।

पाठक (२०६६), ले खाँचो बालमैत्री शिक्षाको बारेमा शिक्षक मासिक वैशाख महिनाको पत्रिकामा उल्लेख गर्दै लेखेका छन् । केटाकेटीको सर्वाङ्गीण विकासको प्रथम आधारभूत स्तम्भ शिक्षा हो ।

केटाकेटीको व्यक्तित्व विकासलाई प्रभाव पार्ने प्रमुख कारक तत्व शिक्षा हो । शिक्षा प्रदान गर्ने व्यक्तित्व नै हुन् (मनोविज्ञहरूले शिक्षा ग्रहण गर्ने भन्दा हस्तान्तरण गर्ने व्यक्तिको व्यक्तित्त्व र शिक्षण कलाले शैक्षिक क्रियाकलाप र अपेक्षित परिवर्तनलाई निर्धारण गर्ने कुरालाई जोड दिइएको पाइन्छ । शिक्षकका दुई महत्त्वपूर्ण गुणहरू हुन्छन् । ती हुन् व्यक्तिगत गुण, ती गुणहरू शिक्षकको सकारात्मक सोचाइ, उच्च आत्मबल, मायालु र मिलनसार, दमन र भेदभावपूर्ण व्यवहार नदेखाउने र आफ्नो रीसलाई विद्यार्थी माथि नखन्याउने पर्दछन् भने अर्को महत्त्वपूर्ण गुण भनेको व्यवसायीक अथवा पेशागत गुणहरू हुन् । यस्ता गुणहरू अन्तर्निहित शिक्षण क्षमता स्पष्ट, सञ्चार, सीप क्षमता, सहज र सरल शिक्षण पद्धति अवलम्वन गर्ने, विषयवस्तुलाई लाद्नु भन्दा व्यावहारिक प्रयोजनमा ल्याउने किसिमले स्पष्ट पार्ने केटाकेटीको मनोभावनालाई बुझ्ने साथै वैयक्तिकतालाई प्राथमिकता दिने आफूलाई बनाउने र केटाकेटीसँग आफ्नो दुरीलाई नबढाउने पर्दछन् । तसर्थ कोटाकेटीहरूलाई सिकाउने वातावरण दबाब रहित, सङ्घर्षपूर्ण प्रतिस्पर्धालाई निरुत्साहित गर्ने र भयरहित हुनुपर्ने कुरालाई शिक्षा र मनोविज्ञानका ज्ञाताहरूले जोड दिएका छन् । यसै दर्शनलाई प्राथमिकता दिदैं हिजो आज बालमैत्री शिक्षाको अवधारणा विकास भएको हो । यदि सिकाउने वातावरण बालमैत्री भएन भने बाल मस्तिष्कमा एक जनासँग सिर्जना भएको भए र दबाबले सम्पूर्ण वयस्कप्रति नै नकारात्मक बनाउँदै लैजान्छ र पछि आफूलाई सदैव काम नलाग्ने असुरक्षित र नकारात्मक मूल्याङ्कन गरिरहन्छन् । त्यसैले शिक्षकहरू यस कुरामा विशेष रूपमा संवेदनशील हुनुपर्छ र आफ्नो व्यवहारलाई छिटो भन्दा छिटो बालमैत्री बनाउनतिर लाग्नु पर्दछ । बालबालिकाको सिकाइ प्रकृया र उपलब्धिलाई अनिमात्र गतिदिन सक्दछ ।

यसरी माथि गरिएको अध्ययनको समीक्षाबाट के भन्न सकिन्छ भने प्राथमिक विद्यालयमा बालमैत्री वातावरण तय गर्न शिक्षकहरूले भयरहित, दण्डरहित विभेदपूर्ण तरिकाले शिक्षण सिकाइ गर्नुपर्ने र त्यसको साथै बालबालिकाहरूको मनोभावना बुझी उनीहरूको इच्छा, रुचि, क्षमता हेरी शिक्षण सिकाइ गर्नुपर्ने हुन्छ । त्यसै गरी विद्यालयको भौतिक वातावरण, शैक्षिक तथा सामाजिक वातावरण पनि विद्याथीृ अनुकूल हुनुपर्दछ । यसो भएमा विद्यालयमा बालमैत्री वातावरणको अवस्था राम्रो वा विद्यार्थी अनुकूल भएको मान्न सकिन्छ । जसले गर्दा बालबालिकाहरूको सिकाइमा दिगोपना तथा गुणस्तरीयता हुने गर्दछ ।

## २.३ अवधारणात्मक ढाँचा

धारणात्मक ढाँचा त्यस्तो ढाँचा हो जसमा अनुसन्धानका समस्याहरूमा सम्बन्धित सान्दर्भिक साहित्यको व्याख्या गरिएको छ । यस ढाँचामा अध्ययनका तत्त्वलाई सारांशमा देखाइन्छ । यो अध्ययनको एउटा रूपरेखा पनि हो । तसर्थ, कुनै पनि अध्ययन कार्यमा कति कुराहरू समेट्ने भनी छुट्याउँदा अनुसन्धान कार्य सम्पन्न गर्न सजिलो हुन्छ, साथै उक्त अनुसन्धान कार्यलाई बुझ्न सजिलो होस् भनी निम्न अनुसारको अवधारणात्मक ढाँचा निर्माण गरिएको थियो ।

# परिच्छेद : तिन

# अध्ययन विधि

कुनै पनि विषयवस्तु वा शीर्षकमा अध्ययन अनुसन्धान कार्य गर्नु ज्यादै जटिल कार्य हो । यसर्थ कुनै पनि अध्ययन अनुसन्धान कार्य गर्नका लागि विषयवस्तुको प्रकृति र उद्देश्य प्राप्त हुने गरी विभिन्न विधि तथा तरिकाहरू अवलम्बन गर्नु पर्ने हुन्छ । अध्ययन विधिले अध्ययन अनुसन्धान कार्यलाई निश्चित बाटो देखाउने लक्ष्यमा पुग्न सहयोग गर्दछ र उद्देश्य पूरा गर्ने कार्यमा महत्वपूर्ण भूमिका  खेल्दछ ।

अध्ययन अनुसन्धानको क्रममा अध्ययनकर्ताले कुनै पनि वस्तु प्रकृया तथा घटनालाई तिनीहरूको प्राकृतिक अवस्थामा नै अध्ययन गरी व्याख्यात्मक तरिकाले विश्लेषण गर्ने विधि गुणात्मक विधि हो । यस अध्ययनमा आवश्यकताअनुसार गुणात्मक र परिमाणात्मक दुवै विधिको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

वास्तविक सूचना प्राप्तिको निम्ति के कस्ता स्रोत साधनको प्रयोग गर्ने ती स्रोत साधनलाई कसरी परिचालित गर्ने, कुन - कुन उद्देश्य प्राप्तिको लागि के कस्ता स्रोत र साधन आवश्यक पर्न सक्छन् भनी पूर्व निर्मित तालिकालाई अनुसन्धानात्मक ढाँचा भनिन्छ । अनुसन्धान ढाँचा अनुसन्धान गरिने विषयवस्तुको प्रकृति, अध्ययनको उद्देश्य र संकलित सूचनाहरूको प्रकृति हेरी अनुसन्धान ढाँचा तयार गरिएको छ ।

यसरी अनुसन्धानको ढाँचा परिमाणात्मक विधि अन्तर्गत प्रश्नावली र अन्तर्वार्ताको प्रयोग गरिएको छ भने गुणात्मक विधि अन्तर्गत (FGD), समूह छलफल, प्रत्यक्ष अवलोकन आदि साधनको प्रयोग गरिएको छ । जसमा प्र.अ.का लागि अन्तर्वार्ता निर्देशिका, विद्यालय अवलोकन र कक्षा अवलोकन गर्न छुट्टाछुट्टै अवलोकन फाराम तयार गरी आवश्यक सूचना प्राप्त गरिएको थियो ।

प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा यस अध्ययनको उद्देश्यअनुसार अध्ययन कार्यलाई सहज र सरल तरिकाले सु-सम्पन्न गर्नका लागि गुणात्मक विधिको प्रयोग गरि विश्लेषण र व्याख्यामा आधारित गरिएको छ भने आवश्यकताअनुसार परिमाणात्मक विधिको पनि प्रयोग गरिएको छ । यसर्थ यो अनुसन्धान ढाँचा मिश्रित किसिमको रहेको छ ।

## ३.२ नमुना छनोट प्रकृया

अध्ययन अनुसन्धानको प्रकृयामा त्यससँग सम्बन्धित सम्पूर्ण जनसंख्या वा सूचनालाई संलग्न गरी अध्ययन अनुसन्धान गर्नु कठिनाई हुन्छ । बढी भरपर्दो र विश्वासिलो सूचना प्राप्तिको निम्ति सम्पूर्ण जनसंख्याको उचित प्रतिनिधित्त्व हुने गरी नमुना आकार छनोट गर्नु उत्तम मानिन्छ । यस अध्ययनका लागि नमुना छनोट गर्दा सम्भावनारहित नमुना छनोटअन्तर्गत सुविधाजनक नमुना छनोट र उद्देश्यात्मक नमुना छनोट गरियो ।

### ३.२.१ जनसङ्ख्या नमुना छनोट

कुनै पनि अनुसन्धान कार्यका लागि अध्ययन गरिने विषयवस्तुसँग सरोकार राख्ने विभिन्न व्यक्तिलाई स्पष्ट रूपमा किटान गर्नु नै जनसङ्ख्याको छनोट हो । यस अध्ययनको जनसङ्ख्याको रूपमा धादिङ जिल्ला मैदी गा.वि.स. का २४ विद्यालयका प्राथमिक कक्षामा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहिरू, प्रधानाध्यपकहरू र प्राथमिक तहमा अध्यापन गराउनु हुने सम्पूर्ण शिक्षकहरूलाई जनसङ्ख्याको रूपमा लिइन्छ । जसमा नमुना विद्यालयहरू भने छनोट गर्ने क्रममा गोलाप्रथाबाट ४ वटा विद्यालयलाई लिइएको थियो । साथै उक्त विद्यालयका अध्यापन गराउने २/२ जना शिक्षकहरू, प्रत्येक विद्यालयका प्र.अ.लाई र प्रत्येक विद्यालयका प्रा.वि. तहमा अध्ययनरत १०/१० जना विद्यार्थीहरूलाई जनसङ्ख्याको नमुनाको रूपमा छनोट गरिएको थियो ।

### ३.२.२ क्षेत्र छनोट

कुनै पनि अध्ययन अनुसन्धान कार्य गर्दा ठाउँ वा क्षेत्रको बारेमा निश्चित हुनुपर्दछ । जसले गर्दा अनुसन्धान कार्य सरल र सहज हुन्छ । यस अध्ययनका लागि बाग्मती अञ्चलको धादिङ्ग जिल्लालाई छनोट गरिएको थियो । धादिङ जिल्लाका ५० वटा गा.वि.स. मध्ये समयको वचत, परिश्रम कम लाग्ने र कम लगानीमा वास्तविक सूचना प्राप्त गर्न सजिलो हुने भएकोले मैदी गा.वि.स.लाई छनोट गरिएको थियो ।

### ३.२.३ विद्यालय छनोट

यस अध्ययन कार्यका लागि धादिङ्ग जिल्ला अन्तर्गत पर्ने मैदी गा.वि.समा रहेको सरकारी विद्यालयमध्ये सुविधाजनक विधिका आधारमा ४ वटा विद्यालयको छनोट गरियो । यस विद्यालय छनोट गर्ने क्रममा समय कम लाग्ने, आर्थिक खर्च कम लाग्ने साथै आवश्यक सूचनाहरू पूर्ण रूपमा प्राप्त गर्न सकिने अपेक्षाका साथ सुविधाजनक नमुना छनोट विधिको प्रयोग गरिएको थियो ।

### ३.२.४ प्रधानाध्यापकको छनोट

यस अध्ययन कार्यका लागि नमूना छनोटमा परेका प्रत्येक विद्यालयबाट १/१ जना प्रधानाध्यापक गरी ४ वटै विद्यालयका प्रधानाध्यापकलाई स्वतः छनोट गरिएको थियो ।

### ३.२.५ शिक्षकको छनोट

यस अध्ययन कार्यका लागि नमुना छनोटमा परेका ४ वटै विद्यालयका शिक्षकहरूको छनोट गर्ने क्रममा प्राथमिक तहमा अध्यापन गराउने शिक्षकहरूमध्ये गोलाप्रथाबाट प्रत्येक विद्यालयमा २/२ जना शिक्षकहरूको छनोट गरिएको थियो । यसरी ४ वटै विद्यालयका २/२ जना गरी ८ जना शिक्षकको छनोट गरिएको थियो ।

### ३.२.६ विद्यार्थी छनोट

नमुना छनोटमा परेका ४ वटै विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये सम्बन्धित विद्यालयको शिक्षकहरूको सहयोग लिएर ४ र ५ कक्षाबाट प्रतिनिधित्त्व हुने गरी सबै जाति, लिङ्गको आधारमा १०/१० जनाको समूह बनाई विद्यालयमा बालमैत्री वातावरणको अवस्था बारेमा विद्यार्थीमाझ छलफल गरियो । नमुना छनोटमा परेका ४ वटै विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये कक्षा ४ र ५ का ५/५ जनाका दरले गोला प्रथाबाट छनोट गरियो । यसरी प्रत्येक विद्यालयबाट १०/१० जना गरी जम्मा ४० जना विद्यार्थीहरूको छनोट गरिएको थियो ।

### ३.२.७ कक्षा छनोट

प्राथमिक विद्यालयमा बालमैत्री वातावरणको अवस्था बारेमा पत्ता लगाउन प्रत्येक विद्यालयका कक्षा १, २, र ३ मा भने कक्षा अवलोकन गरिएको थियो । यसरी अध्ययनको क्रममा प्रत्येक विद्यालयमा १ देखि ३ सम्म ४/४ दिनको फरकमा ३/३ पटक कक्षा अवलोकन गरिएको थियो ।

## ३.३ सूचनाको स्रोत

अनुसन्धानकर्ताले अध्ययन कार्यका लागि संकलन गरिएका सूचना तथा तथ्याङ्क प्राप्त गर्न विभिन्न स्रोतहरूको प्रयोग गर्दछन् । ती स्रोतहरू प्राथमिक र द्वितीयक स्रोतका रूपमा रहन्छन् । यस अध्ययन कार्यमा पनि यी दुवै स्रोतहरूको प्रयोग गरिएको थियो ।

### ३.३.१ प्राथमिक स्रोत

कुनै पनि सूचना वा तथ्याङ्कलाई अनुसन्धान क्षेत्रमा आफै उपस्थित भई अध्ययन र अवलोकनका आधारमा संकलन गरिएका सूचना वा तथ्याङ्कको स्रोत नै प्राथमिक स्रोत हो । यस अनुसन्धान कार्यका लागि भेटघाट, कुराकानी, अवलोकन, अन्तर्वार्ता तथा छलफल जस्ता प्राथमिक स्रोतको प्रयोग गरी तथ्याङ्क वा सूचना संकलन गरिएको थियो । तसर्थ कुनै पनि अध्ययन अनुसन्धानको महत्त्व वा विश्वसनीयता वृद्धि गर्नका लागि बढी भरपर्दो स्रोत प्राथमिक स्रोत भएको हुनाले यस अध्ययनमा पनि प्राथमिक स्रोतलाई बढी प्रयोग गरिएको थियो ।

### ३.३.२ द्वितीयक स्रोत

कुनै पनि अनुसन्धानकर्ताले आफ्नो अनुसन्धान कार्यलाई पूरा गर्न आवश्यक पर्ने सम्पूर्ण सूचनाहरूलाई आफै अध्ययन तथा विश्लेषण गर्न असम्भव हुने हुँदा द्वितीय स्रोतको सहयोग लिनुपर्ने हुन्छ । यस अध्ययनको क्रममा शिक्षा विभागबाट प्रकाशित बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, शिक्षक मासिक पत्रिका, शैक्षिक समाचार, विभिन्न अनुसन्धानकर्ताद्वारा गरिएको शोध प्रतिवेदन, पुस्तक, सूचना, बुलेटिन, पत्रिकाहरू आदिबाट प्राप्त सूचनाहरूलाई द्वितीयक स्रोतको रूपमा उपयोग गरिएको थियो ।

## ३.४ साधनहरूको निर्माण

अनुसन्धान कार्य सफल पार्नका लागि उपयुक्त साधनहरूको निर्माण गर्नु पर्ने हुन्छ । सूचना संकलनका साधनहरू अध्ययनको शीर्षक, समस्याहरू, उद्देश्य, जनसङ्ख्या तथा नमुना अनुरूप निर्माण गर्नुपर्दछ । यस अध्ययनसँग सम्बन्धित आवश्यक सूचनाहरू संकलन गर्नका निम्ति प्रधानाध्यापकलाई अन्तर्वार्ता निर्देशिका, शिक्षकहरूलाई प्रश्नावली, विद्यार्थीहरूको लागि छलफल, कक्षा अवलोकन तथा विद्यालय अवलोकनका साधनहरू निर्माण गरियो ।

### ३.४.१ प्र.अ कालागि अन्तर्वार्ता निर्देशिका निर्माण

प्राथमिक तहमा बालमैत्रीपूर्ण वातावरण शैक्षणिक अवस्था सम्बन्धी प्र.अ को धारणा के छ ? के कस्ता योजनाहरू बनाउने गरेका छन् ? साथै शिक्षण विधि, शैक्षिक सामग्रीको अवस्था, प्रयोग के कस्तो रहेको छ ? शैक्षणिक, भौतिक वातावरण कस्तो छ ? कस्तो बनाउने लक्ष्य छ ? भन्ने जस्ता कुरा पत्ता लगाउन सूचना संकलन गर्न अन्तर्वार्ता निर्देशिका निर्माण गरियो । (हेर्नुहोस् :अनुसूची १ )

### ३.४.२ शिक्षकका लागि प्रश्नावली निर्माण

प्राथमिक तहमा शिक्षण गर्ने शिक्षकले शिक्षण गर्दा कुन विधि कस्ता सामग्रीहरूको प्रयोग गर्दै आएका छन्, बालमैत्री वातावरणमा शिक्षणको सम्बन्धमा शिक्षकको धारणा कस्तो छ ? यस शिक्षणलाई शिक्षकहरूले कसरी लिएका छन् ? शैक्षिक योग्यता, तालिम र अनुभवको स्थिति के कस्तो छ ? शिक्षण गर्दा आइपरेका समस्या के-के छन् ? भन्ने कुरा पत्ता लगाउन सम्पूर्ण सूचना तथ्याङ्कहरू संकलन गर्न शिक्षकसँग खुल्ला प्रश्नावली निर्माण गरियो । (हेर्नुहोस् :अनुसूची २ )

### ३.४.३ समूह छलफल निर्देशिका निर्माण

बालमैत्री वातावरणमा शिक्षकको शिक्षण सिकाइमा प्रयोग गरिएका शिक्षण विधि, शिक्षण सामग्री विद्यालयमा प्राप्त सेवा तथा सुविधा तथा कक्षा शिक्षणमा भएका क्रियाकलाप तथा बालमैत्री वातावरणप्रति विद्यार्थीहरूको धारणा संकलन गर्न समूह छलफल निर्देशिका निर्माण गरियो । (हेर्नुहोस् :अनुसूची ३)

### ३.४.४ कक्षा अवलोकन फाराम निर्माण

छनोटमा परेका विद्यालयको बालमैत्री वातावरणमा शिक्षण समयमा अध्ययनकर्ता स्वयम् उपस्थित भई कक्षा अवलोकन फारामको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप, विद्यार्थीहरूको सहभागिता, विद्यार्थीको बसाईको अवस्था, शिक्षकको प्रस्तुतीकरण, शैक्षिक सामग्रीको प्रयोग, शिक्षण विधि, विद्यार्थीको शिक्षण प्रतिको प्रतिक्रिया, शिक्षकको व्यक्तित्त्व, मूल्याङ्कन प्रणाली आदि कुराहरू पत्ता लगाउन कक्षा अवलोकन फाराम निर्माण गरियो । (हेर्नुहोस् :अनुसूची ४)

### ३.४.५ विद्यालय अवलोकन फाराम निर्माण

विद्यालयको भौतिक वातावरणको अवस्था पत्ता लगाउन अवलोकन फारामको प्रयोग गरी विद्यालयको भौतिक अवस्था अन्तर्गत भवनको अवस्था, खेलमैदान, खानेपानी, शौचालयको अवस्था सम्बन्धी जानकारी प्राप्त गर्न यस विद्यालय अवलोकन फारामको निर्माण गरियो । (हेर्नुहोस् :अनुसूची ५)

## ३.५ साधनको वैधता निर्धारण

सूचना संकलनको लागि साधनको महत्त्वपूर्ण भूमिका रहन्छ । उपयुक्त साधनले मात्र अपेक्षित सूचना प्राप्त गर्न सकिन्छ । यस अध्ययनका लागि निर्माण गरिएका अन्तर्वार्ता निर्देशिका, प्रश्नावली, अवलोकन फाराम र छलफलको विषयवस्तुको बारेमा सहपाठी साथीहरूको बीचमा अध्ययन तथा छलफल गरी छलफलका क्रममा प्राप्त भएको सुझावको आधारमा परिमार्जन गरी तयार गरियो । र उक्त तयार गरिएको साधनलाई शोध निर्देशकज्यूको राय, सल्लाह एवम् सुझाव अनुसार पूनः परिमार्जन गरी साधनको वैद्यता निर्धारण गरियो ।

## ३.६ सूचना संकलन प्रकृया

यस अधययन गर्ने क्रममा नमुना छनोटमा परेको विद्यालयहरूमा गई प्रधानाध्यापकलाई भेटी औपचारिक कुराकानी पश्चात त्रिभुवन विश्वविद्यालयको औपचारिक पत्र पेश गरी आफ्नो अध्ययनको उद्देश्य एवम् संकलन गर्नुपर्ने सूचनाहरूको बारेमा जानकारी गराइयो । त्यसपछि, सर्वप्रथम विद्यालय नं. १ मा सूचना संकलन गर्न गइयो । यसपछि अध्ययन गर्नको लागि प्रधानाध्यापकसँग अनुमति लिइयो । र प्र.अ. सँग अध्ययनको लागि निर्माण गरिएको अन्तर्वार्ता निर्देशिका अनुरूप प्र.अ. सँग अन्तर्वार्ता गरियो जसमा अन्तर्वार्ताबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई नोटमा टिपियो । त्यसपछि प्र.अ.को सहयोगबाट शिक्षकहरूको छनोट गर्ने क्रममा प्राथमिक तहमा अध्यापन गराउनु हुने शिक्षकहरूको भेला गरी यस अध्ययनको उद्देश्य तथा महत्त्व बताई गोलाप्रथाबाट २ जना शिक्षकहरूको छनोट गरियो र उहाँहरूको लागि प्राथमिक विद्यालय बालमैत्री वातावरणसम्बन्धी प्रश्नावली निर्माण गरिएको थियो । ती प्रश्नावली भर्नको लागि उहाँहरूलाई वितरण गरियो र उहाँहरूले विद्यालयमा समय अभाव हुने हुनाले घरमै लगेर प्रश्नावली भरेर ३ दिन पछि ल्याइदिनु भयो ।

त्यसै गरी विद्यार्थीहरूको समूह छलफल गर्नको लागि उनीहरूको पढाइलाई असर नपर्ने गरी टिफिन टाइममा कक्षा ४ का र कक्षा ५ का विद्यार्थीहरूलाई गोलाप्रथाबाट ५/५ जनाका दरले छानी विद्यालयमा बालमैत्री विद्यालय सम्बन्धी समूह छलफल कार्य गरियो । कक्षा ४ र ५ का विद्यार्थीहरूलाई एउटै समूहमा राखी छलफल गरिएको थियो र छलफलबाट आएको सूचनाहरूलाई नोटबुकमा टिपिएको थियो भने कक्षा १, २, र ३ मा भने शिक्षक तथा विद्यार्थीहरूलाई असर नपर्ने गरी उहाँहरूको सल्लाहमा नै कक्षा अवलोकन गरिएको थियो । कक्षा अवलोकन ४/४ दिनको अन्तरालमा ३/३ पटक कक्षा अवलोकन गरी कक्षा शिक्षणको अवस्था, शिक्षण सिकाइ आदिको बारेमा अवलोकन गरिएको थियो भने

साथसाथै विद्यालय भवन, कक्षाकोठा, खानेपानी, शौचालय, क्यान्टिन, खेलमैदान, पुस्तकालय आदि सम्पूर्ण भौतिक पूर्वाधारहरूको अवस्था के कस्तो छ ? भनेर विद्यालय अवलोकन पनि गरिएको थियो ।

यसरी उपयुक्त समय मिलाई प्रधानाध्यापक, शिक्षकहरू, विद्यार्थीहरूसँग सूचना तथा तथ्याङ्कहरू सङकलन गरिएको थियो । यसरी नमुना छनोटमा परेका प्रत्येक विद्यालयमा विद्यालय नं. १ मा जस्तै गरी सूचना तथा तथ्याङकहरू सङ्कलन गर्ने कार्य सम्पन्न गरिएको थियो ।

## ३.७ सूचनाको विश्लेषण र व्याख्या

सूचना संकलनका प्रमुख साधनहरू प्रधााध्यापकलाई अन्तर्वार्ता निर्देशिका, शिक्षकलाई प्रश्नावली, विद्यार्थीलाई समूह छलफल र कक्षा अवलोकन, विद्यालय अवलोकन आदिबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आवश्यकतानुसार तालिकीकरण तथा समूहबद्ध गरी अनुसन्धानकर्ताको दृष्टिकोण समेत राखेर वर्णनात्मक रूपमा विश्लेषण र व्याख्या गरियो ।

## परिच्छेद : चार

## सूचनाको विश्लेषण र व्याख्या

अनुसन्धानबाट संकलित सूचनाहरू छरिएर रहका हुन्छन । अनुसन्धान कार्यलाई पूणता दिन संकलन गरिएका सूचनाहरूलाई उद्देश्यअनुरूप छुट्याउने, साङ्केतिकरण गर्ने, वर्गीकरण गर्ने, संगठित गर्ने, निश्चित क्रममा मिलाउने, सम्पादन गर्ने, व्यवस्थित गर्ने र ती सूचनाहरूलाई व्याख्या गर्ने कार्यलाई सूचनाको विश्लेषण र व्याख्या भनिन्छ। अनुसन्धानको समस्याको विषयमा अध्ययन गर्नका लागी विभिन्न विधि तथा साधनहरूलाई आवश्यक सूचनाहरू संकलन गर्न सक्ने रूपमा विकास तथा प्रयोग गरि सूचनाहरू संकलन गरिएको हुन्छ । यसै गरि यस शोध कार्यलाई पूरा गर्नका निम्ति अनुसन्धानकर्ताले पनि अध्ययन क्षेत्रमा गई प्राप्त गरेको विभिन्न सूचनाहरू तथा सूचनादाताबाट आएका सूचनाहरूलाई यस अध्ययनको उद्देश्यको आधारमा विश्लेषण तथा व्याख्या गरिएको छ।

'प्राथमिक विद्यालयमा बालमैत्री वातावरणको अवस्था' नामक अध्ययन शीर्षकमा आवश्यकताअनुसार गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गरिएको थियो । यस अध्ययन कार्य पूरा गर्नका लागि नमुनाको रूपमा ४ वटा विद्यालयलाई लिइएको थियो । जसमा धादिङ्ग जिल्लाको मैदी गा.वि.स. मा रहेको सरकारी विद्यालयहरू विद्यालय नं. १ श्री अमरावती माध्यमिक विद्यालय, विद्यालय नं. २ श्री शमीभञ्ज्याङ उच्च माध्यमिक विद्यालय, विद्यालय नं. ३ श्री पासाङ्ल्हामु प्राथमिक विद्यालय र विद्यालय नं ४ श्री ग्याल्मा प्राथमिक विद्यालय हुन् । यस अध्ययनमा विद्यालय नं. १, विद्यालय नं. २, विद्यालय नं.३ र विद्यालय नं. ४ ले यी माथिका विद्यालयहरूलाई जनाउँदछ । यस अध्ययनको उद्देश्य विद्यालयमा उपलब्ध भौतिक पूर्वाधारको वर्तमान अवस्था पत्ता लगाउनु, प्रा.वि. तहमा बालमैत्री वातावरणको दृष्टिले शिक्षण अवस्थाको पहिचान गर्नु र बालमैत्री वातावरणलाई प्रभावकारी बनाउन शैक्षिक तथा सामाजिक वातावरणको पहिचान गर्नु रहेको थियो । यी उद्देश्यहरू हासिल गर्न प्र.अ. लाई अन्तर्वार्ता, शिक्षकलाई प्रश्नावली र विद्यार्थीहरूलाई समूह छलफलका साथै विद्यालय अवलोकन तथा कक्षा अवलोकन माध्यमबाट सूचना तथा तथ्याङ्कहरू संकलन गरिएको थियो । यसरी यी विभिन्न स्रोत र तरिकाहरूबाट संकलित सूचनाको प्रस्तुति, विश्लेषण र व्याख्या अध्ययनको उद्देश्यको आधारमा निम्नानुसार गरिएको छ।

### ४.१ भौतिक वातावरणको अवस्था

शिक्षण सिकाई क्रियाकलाप सरल, सहज र प्रभावकारी बनाउनका लागि भौतिक वातावरण अति आवश्यक हुन्छ । भौतिक वातावरण राम्रो हुन सकेन भने शिक्षण शिकाइ क्रियाकलाप पनि असम्भव जस्तो हुन्छ । शिक्षणको लागी विद्यालय भवन, कक्षाकोठा, खेलमैदान, खानेपानी, शौचालय, फर्निचर, प्रयोगशाला, स्वास्थ्य जाँच कक्ष, विद्युत, चमेना गृह, छात्रावास, बगैचा र करेसाबारि, विद्यालय आइपुग्ने

बाटो, साइनवोर्ड जस्ता कुराहरू पर्दछन् । भौतिक वातावरणलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा लिइन्छ । यदि यी माथीका भौतिक पुर्वाधारहरू प्रयाप्त वा व्यवस्थित छैनन् भने त्यस विद्यालयको शैक्षिक वातावरण पनि राम्रो हुन सक्दैन । भौतिक वातावरण यस्तो चिज हो, जहाँ शिक्षक र विद्यार्थिलाई शिक्षा लिने र दिने प्रमुख औपचारिक स्थल हो । भौतिक वातावरण राम्रो वा बालमैत्री बनाउन सकियो भने रमाइलोसँग शिक्षा आर्जन गर्न सकिन्छ र सिकाइ स्थायी र गुणस्तरीय हुन सक्छ । यदि भौतिक वातावरण नै आकर्षक बनाउन सकिएन भने शैक्षिक गतिविधि प्रभावकारी नहुन सक्छ, जसले गर्दा सिकाइमा प्रत्यक्ष प्रभाव पारि सिकाइको गुणस्तरीयता न्यून रहन्छ । तसर्थ, भौतिक वातावरणलाई बालमैत्री बनाउन विभिन्न पक्षहरूको अध्ययनको विश्लेषण र व्याख्या विभिन्न उपशीर्षकमा गरिएको छ ।

### ४.१.१ विद्यालयको भौतिक वातावरण

विद्यालयको भौतिक अवस्था बालमैत्री सिकाइ वातावरणको लागि आवश्यक पर्ने पूर्वाधारमध्ये सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । जवसम्म विद्यालयको भौतिक वातावरण बालबालिकाहरूका लागि अनुकूल हुँदैन त्यस समयसम्म बालमैत्री विद्यालयको कल्पना गर्न सकिदैन । बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ अनुसार विद्यालयका प्रमुख दुई पक्षहरू लगानी प्रकृया र उपलव्धिमध्ये भौतिक पुर्वाधारलाई लगानिको रूपमा लिएको छ । विद्यालयको भौतिक पुर्वाधार भन्नाले विद्यालय भवन, विद्यालय हाता, कक्षाकोठा, खेलमैदान, शौचालय, खानेपानी, फर्निचर, चमेनागृह, बगैंचा तथा करेसाबारी, शैक्षिक सामग्री, विद्यालयसम्मको बाटो, साइनवोर्ड, स्वास्थ्य जाँच कक्ष, छात्रावास, विद्युत तथा प्रयोगशाला आदि पर्दछन् ।

विद्यालयको भौतिक पक्ष बालमैत्री शैक्षिक वातावरणमा अन्य पक्षहरूसँग पनि सम्बन्धित हुन्छ । त्यसैले बालमैत्री विद्यालयका विविध पक्षमध्ये भौतिक पक्षको व्यवस्थापनमा विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ । जसले गर्दा गुणस्तरीय शिक्षा प्राप्त गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । उपलब्ध स्रोत र साधनले भ्याएसम्म विद्यालयको भौतिक पूर्वाधार निमाण गर्दा गराउँदा बालबालिकाको आवश्यकतालाई ध्यानमा राखी आकर्षक, सुरक्षित, टिकाउ, बालमैत्री, लैङ्गिक र अपाङ्गमैत्री बनाउनु पर्दछ । विद्यार्थीको रुचि, चाहना र इच्छाअनुसार विद्यालयमा आउन रमाउने किसिमको वातावरण हुनु आवश्यक हन्छ ।

अध्ययन गरिएको विद्यालयमा रहेको विद्यालयको भौतिक वातावरणको वर्तमान अवस्था कस्तो रहेको छ भनेर शिक्षकलाई प्रश्नावली, प्र.अ. लाई अन्तर्वार्ता र विद्यार्थीहरूलाई समूह छलफल र अनुसन्धानकर्ताको अवलोकनबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ४.१

## विद्यालयको भौतिक वातावरणको अवस्था

| क्र.सं. | विवरण | विद्यालय नं.१ | विद्यालय नं.२ | विद्यालय नं.३ | विद्यालय नं.४ | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | विद्यालय भवनको सँख्या | ३ (२ पक्कि १ कच्चि) | ५ (३ पक्कि २ कच्चि) | २ पक्कि | २ (१ पक्कि १ कच्चि) | |
| २. | खेल मैदान | छ | छ | छ | छ | |
| ३. | फर्निचर | आवश्यक मात्रामा भएको | आवश्यक मात्रामा भएको | आवश्यक मात्रामा भएको | आवश्यक मात्रामा भएको | |
| ४. | पुस्तकालय | छ | छ | छ | छ | |
| ५. | शौचालय | छ | छ | छ | छ | |
| ६. | खानेपानी | छ | छ | छैन | छ | |
| ७. | चमेनागृह | छ | छ | छैन | छ | |
| ८. | प्रयोगशाला | छ | छ | छैन | छैन | |
| ९. | विद्यालय हाता व्यवस्थापन | छ | छ | छैन | छैन | |
| १०. | बगैचा तथा करेसाबारी | छ | छ | छ | छ | |
| ११. | विद्युत जडान | छ | छ | छ | छैन | |
| १२. | छात्राबास | छैन | छैन | छौन | छैन | |
| १३. | स्वास्थ्य जाँच | छ | छ | छैन | छैन | |
| १४. | विद्यालयसम्म आइपुग्ने बाटो | छ | छ | छ | छ | |
| १५. | साइनवोर्ड | छ | छ | छ | छ | |
| १६. | कार्यलय | छ | छ | छ | छ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

**विद्यालय भवन**

माथिको तालिकालाई अध्ययन गर्दा नमुना छनोटमा परेका ४ वटा विद्यालयको भौतिक वातावरणको अवस्थालाई यसरी विश्लेषण गरिएको छ । जसमा विद्यालय भवनको संख्या विद्यालय नं. १ मा ३ वटा जसमा २ वटा पक्की भुकम्प निरोधक भवन रहेको र १ वटा कच्ची भवन रहेको पाइयो ।

त्यस्तै गरी क्रमसः विद्यालय नं. २ मा जम्मा ५ वटा भवन रहेको र ३ वटा भुकम्प निरोधक पक्की भवन भएको र २ वटा भने कच्ची रहेको पाइयो । विद्यालय नं ३ मा भने २ वटा पक्की भुकम्प निरोधक भवन रहेको र विद्यालय नं ४ मा भने जम्मा २ वटा भवन भएको जसमा १ पक्की र १ कच्ची रहेको पाइयो । यसरी कच्ची भवन भए पनी घामपानी भने छेक्ने खालको पाइयो । पर्याप्त हावा खेल्ने तथा प्रकाश आउने झ्याल र सुरक्षाको लागि ग्रील लगाएको पाइयो ।  यसरी विद्यालयमा बालमैत्री वातावरणको अवस्था भन्नुपर्दा विद्यालयको भवनको आधारमा विद्यालय नं. २ मा सबैभन्दा बढी पक्की भवन भूकम्पनिरोधक भवन रहेको पाइयो । यसरी विद्यालय भवनको आधारमा बालबालिकाहरू विद्यालय नं. २ मा भने सुरक्षित रहने पाइयो । जसले गर्दा यस अध्ययनको विद्यालय नं. २ लाई नै बालमैत्री दृष्टिकोणले विद्यालय भवन बालमैत्री रहेको छ भन्ने पाइयो र भवन, कक्षाकोठा र अन्य भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री तथा बालमैत्री भएको हुनु पर्नेमा अपाङ्गमैत्री भने नभएको पाइयो जसमा विद्यालय भवनमा जाँदा सिंढी चढेर जानुपर्ने र अपाङ्गका लागि समस्या हुनाले अपाङ्ग मैत्री भने नभएको पाइयो ।

**खेल मैदान**

विद्यालयको भौतिक वातावरण अन्तर्गत खेलमैदान लाई पनि महत्वपूर्ण पक्षका रूपमा लिइन्छ । यसरी अध्ययन क्षेत्रको ४ वटै विद्यालयहरूमा खेलमैदान भएको तर विद्यालय १ र ३ साँगुरो र विद्यालय नं २ र ४ मा भने फराकिलो खेलमैदान रहेको पाइयो । विद्यालय २ र ४ मा भने फुटवलसमेत खेल्न सकिने आकारको खेलमैदान रहेको पाइयो । सबै विद्यालयहरूमा खेलमैदान भए पनि सबै विद्यार्थीहरू एकै पटकमा अटाउन भने विद्यालय १ र ३ मा भने नसक्ने पाइयो । त्यहाँ सानो तथा साघुँरो भएको साथै त्यहाँ फुटबल बास्केटबलका लागि खेल्ने ठाउँको अभाव रहेको पाइयो  यसरी विद्यालय नं. २ र ४ मा फुटबल समेत खेल्ने मिल्ने मैदान रहेको पाइयो भने त्यहाँ हरियाली वा सफा नै रहेको पाइयो । अध्ययन क्षेत्रका कुनै पनि विद्यालयको हातामा बालबालिकाहरूको लागि चाकाचुली, पिङ, चिप्लेटीहरू नरहेको र त्यहाँ अरु नै स्थानीय खेल वा पाठ्यपुस्तकमा भएका डोरी नाङ्गी, भलिबल, कपर्दी, एथलेटिक्स आदि खेलहरू खेल्दै खेलाउँदै आएको पाइयो । जसले गर्दा बालमैत्रीको हिसाबले खेलमैदान अपेक्षित मात्रामा नभएको र न्यूनतम रूपमा भए पनि सबै विद्यालयमा भएको र विद्यालय नं. २ र ४ मा भने अलि फराकिलो र फुटबलसमेत खेल्ने सक्ने खालको हुनाले यी २ वटा विद्यालयलाई बालमैत्री रहेको छ भन्ने पाइयो ।

**फर्निचर**

विद्यालयलाई बालमैत्री बनाउने क्रममा विद्यालयमा रहेका फर्निचरहरूको पनि महत्वपूर्ण भुमिका रहन्छ । अध्ययन क्षेत्रको ४ वटै विद्यालयमा फर्निचरको अवस्था भने राम्रो रहेको पाइयो । जसमा विद्यार्थीहरूको उमेर अनुसार डेस्क बेन्चको उचाइ भएको पाइयो भने शिक्षकहरूका लागि कुर्सी टेवलको

राम्रो व्यवस्था रहेको पाइयो । अध्ययन क्षेत्रको ४ वटै विद्यालयमा फनिर्चरको व्यवस्था आवश्यक मात्रामा भएको पाइएको छ । शिशु तथा बाल कक्षाका बालबालिकाहरूलाई भुँइमा राखी शिक्षण गर्न गुन्द्री, चकटी तथा कार्पेटहरूको व्यवस्था रहेको पाइयो । अध्ययन क्षेत्र एउटै गा.वि.स. रहेकोले फर्निचरहरूको व्यवस्था एकै ठाउँ वा जि.वि.स. तथा गैरसरकारी संस्थाले प्रदान गर्ने हुनाले फर्निचरको साइज आकार समान रहेको पाइयो । जसमा प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरू साना-साना हुने हुनाले वेन्चहरू पनि साना-साना वा उनीहरूको उचाइ अनुसारको वेन्चहरूको साइज रहेको पाइयो । प्रत्येक विद्यार्थीहरूको लागि छुट्टै कर्सी टेवलको सेट नभई वेन्चको व्यवस्था रहेको पाइयो । जसमा १ ओटा वेन्चमा ३-४ जना विद्यार्थीहरू बस्दै आएको पाइयो । यसरी अध्ययनको ४ वटै विद्यालयमा विद्यार्थीहरूको उचाइ अनुसार नै डेस्क वेन्चको व्यवस्था रहेको पाइयो । जसले गर्दा विद्यार्थीहरूको लागि फर्निचरको अवस्था भने सबै विद्यालयमा समान वा बालमैत्री नै रहेको पाइयो ।

यसै गरी शिक्षकहरूका लागि पनि एउटा छुट्टै अफिस कोठा रहेको र त्यहाँ अध्यापन गराउने सम्पूर्ण शिक्षकहरूको लागि बस्ने कुर्सी, टेवल छुट्टाछुट्टै रहेको र प्रत्येक शिक्षकहरूको लागि दराजको व्यवस्था रहेको पाइयो । यसरी शिक्षक तथा विद्यार्थीहरूका लागि फनिर्चरको अवस्था भने बालमैत्री नै रहेको पाइयो ।

**पुस्तकालय**

विद्यालयको भौतिक वातावरण अर्न्तगत पुस्तकालयलाई पनि भौतिक पूर्वाधारको रूपमा लिने गरिन्छ । यस अध्ययन क्षेत्रको ४ वटै विद्यालयमा पुस्तकालयको व्यवस्था त रहेको छ तर सबै विद्यालयमा अपेक्षित रूपमा रहेको छैन । विद्यालय नं १,२ र ४ मा पुस्तकालयको छुट्टाछुट्टै कोठा रहेको छ भने विद्यालय नं ३ मा भने कार्यालय कोठामा नै एकापट्टि कर्नरमा लाइब्रेरी दराज भनी राखेको पाइयो । यसरी विद्यालय नं. १, २ र ४ मा पुस्तकालयको छुट्टाछुट्टै पुस्तकालयको कोठा भएको पाइयो भने विद्यालय नं. १ र २ मा पाठ्यपुस्तककहरू विभिन्न खालका पाठ्यक्रम भित्र तथा बाह्य कथा, कविता, नाटक, चुटकिला आदि रहेको र पुस्तकालय कोठामा आकर्षक ढङ्गले सजाएर राखिएको र ती पस्तुकहरू विद्यार्थीहरूले घरमा लगेर १ हप्तासम्म लान पाउने र फेरी लैजानु परे पनि रि गरी लैजानु पर्ने व्यवस्था रहेको पाइयो । त्यसै गरी विदालय नं. १ मा भने लाइब्रेरी कक्षा भनि १ घण्टी लाइब्रेरी कोठामा नै उनीहरूलाई नै किताबहरू झिकी पढ्न पाउने व्यवस्था रहेको पाइयो । त्यहाँ बसेर पढ्न कुर्सी टेवलका साथै भुइमा चकटीहरूको व्यवस्था रहेको पाइयो । त्यसमा १५०० भन्दा बढी पुस्तकहरू रहेको पाइयो । त्यसैगरी विद्यालय नं २ मा पनि पुस्तकालयको कोठा छुट्टै रहेको यहाँ पुस्तकालय कोठा छुट्टै भएको विषयगत हिसाबले सान्दर्भिक पुस्तकहरूको अभिलेखीकरण र वितरण प्रणाली सहितको पुस्तकालय भएको पाइयो । विषयगत पुस्तकका लागि छुट्टाछुट्टै पारदर्शी र लक गर्न मिल्ने खालको ऱ्याक भएको पाइयो । त्यसैगरी विद्यालय नं. ३ मा भने अफिस कोठाकै एटापट्टि कर्नरमा दराजमा राख्ने गरेको पाइयो ।

अफिस कोठामा नै पुस्तकालय हुनाले यसको आधारमा विद्यालय नं. ३ मा बालमैत्री वातावरण नरहेको पाइयो भने विद्यालय नं. १ मा भने पुस्तकालयको अवस्था, पुस्तकालय कोठाका वातावरण, विद्यार्थीहरूले प्रयोग गर्ने आधारमा सबै भन्दा बढी बालमैत्री रहेको पाइयो ।

**शौचालय**

अध्ययनको ४ वटै विद्यालयमा शौचालयको भने राम्रो व्यवस्था रहेको छ । जसमा छात्र, छात्रा तथा शिक्षकहरूको लागि छुट्टाछुट्टै शौचालय रहेको छ । यसरी सबै विद्यालयमा बालबालिकाहरूले भेट्न सक्ने ठाँउमा नै छेस्किनी, चुकुल आदी रहेकाले बालमैत्री नै छ भन्नु पर्दछ । यस अध्ययनको ४ वटै विद्यालयमा शौचालयको व्यवस्था रहेको छ । जसमा शिक्षक र विद्यार्थीहरू छात्र तथा छात्राको लागि छुट्टाछुट्टै रहेको पाइयो । विद्यालय नं. १ मा शिक्षकहरूका लागि १ वटा र विद्यार्थीहरूको लागि जम्मा ४ वटा शौचालय रहेको पाइयो । जसमा दिसापिसाव गर्न पानीको व्यवस्था सहितको व्यवस्था भएको र त्यसको निरन्तर सफाइ पनि हुने गरेको जुन त्यस विद्यालयका कर्मचारीले गर्दै आएको पाइयो । जुन शौचालय सबै विद्यार्थीहरूले सजिलै झ्याल ढोकाका चुकुल वा छेस्किनी खोल्न लगाउन मिल्ने खालको नैं रहेको पाइयो । त्यसैगरी विद्यालय नं. २ मा पनि शौचालयको राम्रो व्यवस्था रहेको पाइएको छ जसमा शिक्षक विद्यार्थीहरूको छुट्टाछुट्टै र छात्राहरूको लागि नछुने वा पर सरेको समयमा प्रयोग गरेको प्याडहरू फ्याक्ने व्यवस्था भएको र त्यसको व्यवस्थापन गर्न एउटा टोकरी जस्तो राखिएको र त्यसलाई जलाउने गरेको पाइयो जसले गर्दा यस विद्यालय शौचालयको व्यवस्था छात्रामैत्री रहेको पाइयो । यसरी यहाँ पानीको पनि व्यवस्था रहेको र सफाइको लागि कर्मचारीले गर्दै आएको र दिशा तथा पिसाब गर्ने छुट्टाछुट्टै भएको पाइयो । हात धुनको लागि सावुन र शौचालय सफाइको लागि फिनेलको प्रयोग गर्दै आएको पाइयो । यसरी विद्यालय नं. ३ मा पनि छुट्टाछुट्टै शौचालयको व्यवस्था त रहेको थियो जसमा पानीको समस्याले गर्दा शौचालयमा कर्मचारीले बोकेर ल्याएको पानीको प्रयोग गर्ने गरेको पाइयो भने विद्यालय नं. ४ भने शिक्षक तथा विद्यार्थीहरूका लागि छुट्टाछुट्टै भएको र सबै बालबालिकाले भेट्ने ठाउँमा चुकुल तथा छेस्कीनी रहेको पाइयो । यसरी बालमैत्री पूर्ण एवम् छात्रामैत्री शौचालय रहेको पाइयो ।

**प्रयोगशाला**

विद्यालयको भौतिक पूर्वाधार अन्तर्गत प्रयोगशालालाई पनि प्रमुख रूपमा लिइन्छ । अध्ययनको शिलशिलामा विभिन्न विषयवस्तु तथा विज्ञान विषयका पनि विभिन्न क्षेत्र जीवविज्ञान, भौतिक विज्ञान, रयासन विज्ञान अन्तर्गतका अध्ययनमा प्रयोगशालाको प्रयोग गर्नु पर्ने हुन्छ । यस अध्ययन गर्ने क्रममा नमुना छनोटमा परेका ४ वटा विद्यालयमध्ये विद्यालय नं. १ र २ मा प्रयोगशालाको सामग्रीहरू भएको र त्यसको प्रयोगका लागि छुट्टै कोठा नभएको पाइयो, प्रयोगात्मक कार्य कक्षाकोठामा नै गर्ने गरेको पाइयो । जसले गर्दा यो सुरक्षित वा बालमैत्री नहुने देखियो । जसले गर्दा प्रयोगशालाका सामग्रीहरू भएता पनि

प्रयोग गर्ने ठाउँ वा कोठा नभएकोले बालमैत्री भएको मानिदैंन यसरी विद्यालय नं. ३ र ४ मा भने प्रयोगशालाका सामग्रीहरू नै नरहेको पाइयो । जसले गर्दा यसको आधारमा यी ४ वटै विद्यालय बालमैत्री वातावरण नभएको पाइयो ।

**खानेपानी**

खानेपानीको अध्ययन गर्ने क्रममा अध्ययन क्षेत्रको विद्यालय नं. १, २ र ४ मा खानेपानीको व्यवस्था वा धारा भएको र विद्यालय नं. ३ मा भने विद्यालय देखि १०० मि.जति टाढा धारा भएको र त्यही बाट शिक्षक तथा विद्यार्थी स्वयमले ल्याएर पिउने गरेको पाइयो । विद्यालय नं. ३ लाई खानेपानीको आधारमा बालमैत्री मानिदैन भने विद्यालय नं. १, २ र ४ लाई बालमैत्री मानिने गर्दछ, जसले गर्दा विद्यालय नं. १, २ र ४ यथावत गरी विद्यालय नं. ३ लाई खानेपानीको व्यवस्थाको लागी पहल गर्नुपर्ने देखिन्छ । विद्यालय नं. १, २ र ४ मा भने शुद्ध खानेपानीको सुविधा रहेको पाइयो ।

**क्यान्टिन**

विद्यालयको भौतिक वातावरणलाई बालमैत्री बनाउन वा विद्यार्थीको सिकाइलाई दिगो र गुणस्तरीय बनाउन विद्यालय हातामा नै चमेनागृह हुनु आवश्यक हुन्छ । यसरी यस अध्ययन क्षेत्रको विद्यालय नं. १, २ र ४ मा चमेनागृहको वा क्यान्टिनको व्यवस्था भएको पाइयो । विद्यालय नं. ३ मा क्यान्टिनको व्यवस्था नभएको र शिक्षक तथा विद्यार्थीहरूले घरबाट नै खाजा लिएर आउने गरेको पाइयो । यसरी क्यान्टिनको अवस्थालाई हेर्ने हो भने विद्यालय नं. १, २ र ४ मा स्वस्थ, सफा क्यान्टिनको व्यवस्था हुनाले बालमैत्रीपूर्ण वातावरण रहेको पाइयो ।

**विद्युत जडान**

विद्यालय नं. १ २ र ३ मा विद्युत लाइन जडान गरिएको छ भने विद्यालय नं. ४ मा भने जडान गरिएको छैन । विद्यालय नं. १ र २ मा भने हरेक कक्षाकोठामा विद्युतको लाइन जोडेको र कम्प्युटरको उपलव्धता भएको पंखाको व्यवस्था भएको छ भने विद्यालय नं. ३ मा भने बत्तिको लाइन मात्र जोडेको कम्प्युटरहरू नभएको र विद्यालय नं. ४ मा भने विद्युत जडान नै नगरेको पाइयो । जसले गर्दा विहानी कक्षा सञ्चालन गर्दाको समयमा वा अन्य क्रियाकलाप जस्तै विद्यालयमा कार्यक्रमहरू सञ्चालन गर्दा समस्या देखा परेको पाइयो । यसरी विद्यालय नं. १, २ र ३ मा विद्युत जडान भएकोले विहानी कक्षा विभिन्न कार्यक्रमहरू गर्दा सहज भएको र विभिन्न गैर सरकारी संघसंस्थाले विद्यालयमा स्वास्थ्य, शिक्षा र अन्य जनचेतना मूलक कार्यक्रमहरू प्रोजेक्टर मार्फत् गर्दा सहज हुने गरेको पाइयो । त्यसले गर्दा विद्यालय नं. १, २ र ३ लाई बालमैत्री वातावरण रहेको भन्ने पाइयो ।

**कार्यालय**

विद्यालयको भौतिक वातावरण सुगम र व्यवस्थित बनाउन एउटा कार्यालयको छुट्टै कोठाको व्यवस्था हुनु जरुरी हुन्छ । अध्ययनको सबै वा ४ वटै विद्यालयमा छुट्टाछुट्टै कार्यालय वा अफिस कोठा रहेको पाइयो । प्रधानाध्यापक, शिक्षक, स्टाफ र प्रशासनिक कार्यका लागि छुट्टाछुट्टै कोठा नभइ एउटै कोठामा नै सबै कार्यहरू गर्दै आएको पाइयो । यसै कार्यालय मा नै स्वस्थ्य जाँच कक्ष रहेको पाइयो । यसरी विद्यालय नं. १ र २ मा भने विद्यालयको कार्यालय वा प्रशासनिक कक्षामा आधारभूत उपचारका औषधी र जाँच उपकरणको व्यवस्था भएको जसलाई प्राथमिक उपचार बाकस नामाकरण गरी दराजमा राखेको पाइयो भने विद्यालय ३ र ४ मा भने नभएको पाइयो । यसरी विद्यालय नं. १ र २ मा विद्यार्थीहरू विरामी परेमा विद्यालयमा नै प्राथमिक उपचार गरी अभिभावकहरू बोलाई अस्पताल पुऱ्याइन्छ भने ३ र ४ मा भने विद्यार्थी विरामी परेमा अभिभावकहरूलाई बोलाई अस्पताल लाने गर्दछ जसले गर्दा त्यो बालमैत्री हुन सकेन ।

**साइनबोर्ड**

अध्ययन क्षेत्रको ४ वटै विद्यालयमा विद्यालयको नाम झल्किने आकारको साइनवोर्डको व्यवस्था भएको पाइयो । त्यसै गरी विद्यालयसम्म आइपुग्ने बाटोको व्यवस्था त भएको छ तर अपाङ्गहरूको लगि भने सहज नहुने पाइयो । यसले गर्दा सबै विद्यालयका बाटाहरू अपाङ्गमैत्री भने नरहेकाले यी विद्यालयहरू जाने बाटोको आधारमा बालमैत्री छ भन्न सकिदैंन । जसले गर्दा अध्ययन क्षेत्रमा सबै विद्यालयसम्म जाने बाटोको दृष्टिकोणले बालमैत्री नभएको पाइयो ।

**विद्यालय हाता**

विद्यालयको भौतिक वातावरण, विद्यालय हाता स्वच्छ हराभरा, भवन, कक्षा कोठा डेस्क वेन्च, पुस्तकालय, खानेपानी, शैचालय, फर्निचर, खेलमैदानको राम्रो व्यवस्था हुनुपर्ने प्रतिक्रिया सबै अध्ययन क्षेत्रको प्रधानाध्यापक तथा शिक्षकहरूको रहेको पाइयो भने विद्यालयको भौतिक वातावरण साथै कक्षाकोठामा शिक्षक-विद्यार्थी बिचको सम्बन्ध पनि सुमधुर हुनुपर्ने प्रतिक्रिया विद्यालय नं.१ का प्र.अ.ले बताउनुभयो त्यसैगरी विद्यालय नं. ४ को प्रतिक्रिया भने भौतिक वातावरणलाई बालमैत्री बनाउन भौतिक तथा शैक्षिक वातावरण पनी स्वच्छ हुनुपर्दछ । भनिएता पनि यस्ता पक्षमा अझ सुधार गर्नु पर्ने देखियो ।

**फोहोर व्यवस्थापन**

यस अध्ययनको नमुना छनोटमा परेका ४ वटा विद्यालयहरूमध्ये विद्यालय नं. १ र २ मा फोहोर व्यवस्थापन गर्नको लागि विद्यालय हाताभित्र नै खाल्डो खनी कागजका टुक्राहरू प्लाष्टिकहरू पोल्ने गरेको र अन्य फोहोरहरूलाई भने खाल्डोमा पुर्ने गरेको पाइयो । जसले गर्दा विद्यालय हाता वरिपरि सफा

सुग्घर रहेको जुन कार्य विद्यालयका कर्मचारीले गर्दै आएको पाइयो । यसै गरी विद्यालय नं. ३ र ४ मा पनि कागज, प्लाष्टिक भए पोल्ने र अन्य नसड्ने नपोलिने फोहोर भए खाल्डो खनी पुर्ने गरेको पाइयो । जसले गर्दा विद्यालय वरिपरि सफा नै रहेको पाइयो । यसरी अध्ययनको ४ वटै विद्यालयमा फोहोरको राम्रो व्यवस्थापन भएको पाइयो । कक्षाकोठामा भने प्रत्येक कोठामा डस्टविनको प्रयोग पनि गरेको पाइयो । यसरी फोहोर व्यवस्थापनको आधारमा विद्यालयको भौतिक वातावरण स्वच्छ र सफा देखिएको थियो ।

विद्यालयको भौतिक बातावरण बालमैत्री बनाउने भन्ने क्रममा यस अध्ययन क्षेत्रका शिक्षकहरूको प्रतिक्रिया भने समान रहेको पाइयो । विद्यालय भवन, पुस्तकालय, खानेपानि, शौचालय, आदि सम्पूर्ण ठाउँलाई बालमैत्री बनाउन शारीरिक, मानसिक, बौद्धिक, पारिवारिक सामाजिक र सांस्कृतिक पक्षलाई हेरी उपयुक्त व्यवहार गर्ने र भौतिक संरचना तयार गर्ने जस्ता प्रातिक्रियाहरू रहेको छ । विद्यालय  नं. २ का एक शिक्षकको भने केहि फरक प्रतिक्रिया पनि रहेको थियो जसमा भौतिक वातावरण अपाङ्गमैत्री र सबैको लागि उपयुक्त हुनेखालको हुनु पर्दछ भन्ने जस्ता प्रतिक्रियाहरू प्राप्त भएको थियो ।

यसरी विद्यालयको भौतिक वातावरण बालमैत्री बनाउनु पर्छ भने प्रश्नमा बालबालिकाहरूको प्रतिक्रिया के रहेको छ भने सबै विद्यालयका सबै बालबालिकाहरूको उस्तै विचार रहेको थियो । जसमा विद्यालय भवन, खानेपानी, फर्निचर, आदि सबै बालबालिका अनुरूप वा राम्रो वा सुहाउँदो हुनुपर्दछ भनेका थिए । तर वास्तवमा अवलोकनबाट के पाइयो भने व्यवस्थित सुहाउँदो हुनुपर्छ भने पनि राष्ट्रिय प्रारूप २०६७ ले भने बमोजिम नरहेको र आंशिक रूपमा मात्र रहेको पाइयो । जसले गर्दा बालमैत्री वातावरण नभएको पाइयो ।

समग्रमा भन्नुपर्दा विद्यालय नं. १ र २ विद्यालयमा विद्यालयको भौतिक पूर्वाधारहरू बढि मात्रामा भएको र विद्यालय नं. ३ र ४ मा भने  अति आवश्यक खानेपानी तथा क्यान्टिनको समेत समस्या भएकाले र विद्यार्थीहरूको पठन पाठनलाई असर पार्ने पुस्तकालयको समेत राम्रो व्यवस्था नभएकोले गर्दा बालमैत्री विद्यालय बनाउन अझ समस्याको रूपमा रहेकाले विद्यालयको भौतिक पूर्वाधारमा अझ सुधार गर्नु पर्ने देखिन्छ । त्यसैले विद्यालय नं. १ र २ मा भने अति आवश्यक भौतिक पूर्वाधारहरू रहेकाले विद्यालय नं. १ र २ बालमैत्रीको दृष्टिले उत्कृष्ट मानिएको छ । यसरी विद्यालयको भौतिक वातावरणको वर्तमान अवस्थाको आधारमा भन्ने हो भने विद्यालय बालमैत्री बनाउन अझ सुधार गर्नुपर्ने देखिन्छ ।

### ४.१.२ कक्षाकोठाको भौतिक वातावरण

कक्षा कोठा भनेको शिक्षण सिकाइ क्रियाकलाप गर्ने प्रमुख केन्द्रस्थल हो । जहाँ शिक्षण सिकाइ क्रियाकलाप द्धारा शिक्षा लिने र दिने कार्य गरिन्छ । जुन ठाउँले विद्यार्थीहरूको भविष्यलाई निर्धारण

गरेको हुन्छ । उचित किसिमको शिक्षा दिक्षा दिनु र एउटा असल मान्छे उत्पादन गर्नका लागि कक्षाकोठाको वातावरण बालमैत्री हुनु पर्दछ । जहाँ बालबालिकाहरू दण्डरहित, भयरहित, स्वच्छ वातावरणमा पठन पाठन गर्न पाउँदछन् । उनिहरूको रुचि क्षमता र स्तरको कदर गर्दै सोहिअनुसार उनिहरूका  सिकाइका लागी आवश्यक वातावरणको व्यवस्था गर्नु पर्दछ ।

अध्ययनको लागी छनोटमा परेका ४ वटै विद्यालयका कक्षाकोठाको भौतिक वातावरणको अवलोकन गर्ने क्रममा कक्षाकोठामा हुने झ्यालढोका, वोर्ड, टेवल, डेस्क, वेन्च, भेन्टिलेसन, डस्टविन, पेन्टिङ, आदिको अवस्था विद्यार्थीहरूको उमेर अनुरूप हुनु पर्दछ । सबै बालबालिका वा विद्यार्थीहरू सजिलै हिड्डुल गर्न सक्ने खालको नै भएको झ्यालहरूमा पनि डण्डि तथा रडहरू राखिएको पाइयो । अध्ययनको सबै विद्यालयका भवनको कक्षाकोठामा झ्यालढोकाको राम्रो व्यवस्था भएको तर अपाङ्गमैत्री भने नरहेको पाइयो ।

बालबालिकाहरूको उमेरको ख्याल गरि शिशु कक्षाका बालबालिकालाई भने गुन्द्री, चकटि वा कार्पेटहरू प्रयोग गर्दै आएको र माथिल्ला कक्षाका विद्यार्थीहरूलाई भने उमेर अनुसार, विद्याार्थीको चाप अनुसार बस्ने डेस्क वेन्चको व्यवस्था रहेको पाईयो । यसरी अध्ययनको क्रममा ४ वटै विद्यालयमा डेस्क वेन्च, टेवलको भने विद्यार्थीको चाप अनुसार व्यवस्था रहेको पाइयो । यसरि एउटा बेन्चमा ३ - ४ जना बस्दै आएको पाइयो ।

कक्षाकोठाको रङ्गरोगन, डस्टविन तथा भेन्टिलेसनको पनि व्यवस्था रहेको पाइयो । अध्ययनको ४ वटै विद्यालयका कक्षाकोठामा वोर्ड पनि सबै बालबालिकाले देख्ने गरी राखेको र डस्टविन ढोकाको कुनामा राख्ने गरेको साथमा कुचो पनि राख्ने गरेको र भेन्टिलेसनको व्यवस्था गरि कोठालाई लेख्न र पढ्न बाधा नपुग्ने खालको प्रर्याप्त उज्यालो भएको पाइयो र हावा तथा प्रकास ओहोर दोहोर गर्ने झ्यालढोका रहेको पाइयो । त्यसैगरि बालकक्षाका कक्षाहरूमा भने भित्तामा विभिन्न चित्रहरू बनाइ आकर्षक बनाएको र बालबालिकाहरूलाई सिकाउन सजिलो हुने गरेको पाइयो ।

शिक्षण सिकाइ क्रियाकलाप गर्ने क्रममा कक्षाकोठाको भौतिक वातावरण बालबालिकाहरूको हित अनुकुल हुनु जरुरी हुन्छ । विद्यार्थीको उमेर अनुरूप कक्षाकोठाको डेस्क वेन्च, विद्यार्थीको चापअनुसार  कक्षाकोठाको आकार, वोर्डको रखाइको अवस्था,  डेस्क वेन्च रखाइको अवस्था व्यवस्थित रहेको र वेन्चहरू (यू)  आकारमा राखिएको पाइयो । यसरी अध्ययन क्षेत्रको सबै विद्यालयमा कक्षाकोठाको भौतिक वातावरण भने बालमैत्री नै रहेको पाइयो ।

## ४.२ बालमैत्री  वातावरणको दृष्टिले शिक्षण अवस्था

विद्यार्थीहरूलाई सिकाउने वा सिक्ने वातावरणको व्यवस्थापन गर्ने प्रकृयालाई शिक्षण सिकाइ प्रकृया भनिन्छ । बालबालिकाले सिक्ने कार्यसँग शिक्षण सम्बन्धित भएको हुँदा सिकाइ विना शिक्षणको

अर्थ अपूरो हुन्छ । यसर्थ औपचारिक बनाउन विद्यालय र कक्षाकोठाको सिकाइ वातावरण एवंम कक्षाकोठामा सञ्चालन हुने गतिविधिलाई प्रमुख तत्व मानिन्छ । शिक्षकलाई व्यवसायिक रूपमा सक्षम नबनाएसम्म शिक्षण सिकाइ कार्य प्रभावकारी हुन सक्दैन । शिक्षकको भूमिका सूचनाकर्ता, सहजकर्ता, उत्प्रेरक र विद्यार्थीलाई सिकाइप्रति जिज्ञासु बनाउने व्यक्तिको रूपमा प्रस्तुत हुन सकेमा शिक्षण सिकाइ कार्य अर्थपूर्ण हुन्छ । शिक्षण अवस्था सम्बन्धि निम्न पक्षहरूको अध्ययन गरिएको छ ।

### ४.२.१ शैक्षिक योजनाको निमार्ण र प्रयोग

शिक्षणको लागि सहयोग पुऱ्याउने कुनै पनि योजनालाई शैक्षिक योजना भनिन्छ । शैक्षिक योजना कुनै पनि विषयवस्तुको वा कुनै पनि कार्यक्रम गर्नु अगाडि के, कति, किन र कसरी शिक्षण गर्ने भन्ने कुरालाई विचार गरेर बनाइएको हुन्छ । शिक्षण योजनामा मूख्य गरि शिक्षण भार, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन तथा त्यसका लागि चाहिने समय किटान गरिएको हुन्छ ।

नेपालका प्रायः विद्यालयहरूमा शैक्षिक योजनाको रूपमा वाषिक कार्य तलिका मात्र बनाउने चलन छ भने अन्य योजनाहरू बनाएको पाइदैन । योजनाविना कुनै पनि विषयवस्तु सिकाउँदा शिक्षण प्रक्रिया अन्योलपूर्ण र अव्यवस्थित भई उद्देश्य प्राप्त गर्न सकिदैन । शिक्षणमा आवश्यक पर्ने शैक्षिक योजना ३ प्रकारका छन् ।

१. वार्षिक शिक्षण योजना

२. एकाइ योजना

३. दैनिक पाठयोजना

छनोटमा परेका ४ वटै विद्यालयका प्र.अ. सँग लिएको अन्तर्वार्तामा विभिन्न योजनाहरू जस्तै दैनिक, साप्ताहिक, मासिक, वार्षिक रूपमा योजना बनाइ विभिन्न शैक्षिक कार्यक्रम तथा अतिरिक्त क्रियाकलाप गर्दै आएको भन्ने प्रतिक्रियाहरू प्राप्त भए । वार्षिक कार्य पात्रो भने प्रत्येक विद्यालयले तयार गरि सोहिअनुरूप शैक्षिक कार्यक्रम, विद्यालय सञ्चालन, परिक्षा सञ्चालन, खेलकुद, अतिरिक्त क्रियाकलापहरू हुने विभिन्न उत्सव तथा दिवस, पर्वहरूलाई समेटी कार्य पात्रोको निमार्ण र प्रयोग गर्दै आएको पाइयो ।

छनोटमा परेका ४ वटै विद्यालयका शिक्षकहरूले कुनै पनि योजना निमार्ण नगरेको पाइयो । शैक्षिक योजनाको निर्माण र महत्व थाहा भएता पनि मानसिक रूपबाट नै सबै योजनाको निर्माण गरी अध्ययन अध्यापन गदै आएको प्रतिक्रिया दिए । उनीहरूले कुनै पूर्वयोजना वा तयारि विना नै मान्यता दिएको र पाठ्यपुस्तकलाई नै आधार मानि अध्यापन गर्ने प्रतिक्रिया दिए । योजनाको निर्माण र प्रयोग

नगर्नुको कारण सोध्दा पाठयोजना नबनाए पनि आफ्नो विषयवस्तुसँग सम्बन्धित पूर्व तयारि मानसिक रूपमा नै हुने बताए ।

प्राथमिक तह जस्तो एउटा आधारभूत तहमा व्यवहारिक रूपबाट शिक्षण गर्न शिक्षकहरूमा पूर्व तयारी वा पूर्व योजना हुनु अति आवश्यक हुन्छ । नमुना छनोटमा परेका ४ वटै विद्यालयका शिक्षकहरूले शैक्षिक योजना दैनिक पाठयोजना नगरी शिक्षण गर्दा विषयवस्तुको प्रकृति अनुसारको शिक्षण सिकाइ क्रियाकलाप नभएको पाइयो । फलस्वरूप विद्यार्थीहरूले पनि विषयवस्तुलाई स्पष्टसँग बुझ्न नसकेको कक्षा शिक्षण अवलोकनबाट देखियो । यसरी बालबालिकाको उमेर, रुचि, क्षमताअनुरूप शिक्षण सिकाइ क्रियाकलपा गर्न विभिन्न वार्षिक कार्ययोजना, दैनिक पाठयोजना आदिको निर्माण र प्रयोग गरेमा सिकाइमा बालमैत्रीपन ल्याउन सकिन्छ ।

### ४.२.२ शिक्षण विधिको प्रयोग

शिक्षक तथा विद्यार्थीबिच कक्षाकोठामा शिक्षण गर्दा सञ्चालन गरिने वा पढाउने तरिकालाई शिक्षण विधि भनिन्छ । शिक्षण सिकाइ क्रियाकलापको मुख्य केन्द्रबिन्दु भनेको विद्यार्थी हो । आजका बालबालिका भोलीका कर्णधार हुन् त्यसैले उनीहरूलाई उपयुक्त शिक्षण विधि अपनाई शिक्षण गरी असल व्यक्तिको रूपमा चिनाउन शिक्षण विधिले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

शिक्षण विधि त्यस्तो प्रक्रिया हो, जसलाई विषयवस्तुले राखेका उद्देश्य पुरा गर्न प्रयोगमा ल्याइन्छ । त्यसैले शिक्षण विधि शैक्षिक उद्देश्यहरू प्राप्त गर्ने एक माध्यमको रूपमा लिइन्छ । प्राथमिक तहमा अध्ययनरत सिर्जनशील मस्तिष्क भएका विद्यार्थीहरूलाई शिक्षण गरी उनीहरूको व्यवहारमा सकारात्मक परिवर्तन गराई ज्ञान, सिप, धारणाको चिन्तन मनन् गर्दै चौतर्फी विकासका साथै सामाजिक रूपान्तरण प्रक्रियासँगै अघि बढाउन सक्ने बनाउनका लागि एउटै शिक्षण विधि अपूर्ण हुन सक्छ । त्यसकारण प्राथमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको अवस्था, प्रकृति, विद्यालयको वातावरण, शैक्षिक सामग्रीको उपलब्धता, स्रोत साधन आदिको आधारमा ज्ञान, सिप, धारणा र दक्षतालाई विद्यार्थीसामु पुऱ्याउन विभिन्न शिक्षण विधिहरूको आवश्यकता पर्दछ । शिक्षण विधिको प्रयोग गर्ने क्रममा विषयवस्तु वा पाठको प्रकृति अनुरूप छनोट गर्नु पर्दछ । यसरी प्राथमिक तहमा शिक्षण गर्दा प्रयोग गर्न सकिने विधिहरू प्रयोग गरिन्छ । जस्तै : प्रवचन वा व्याख्या विधि, प्रदर्शन विधि, समस्या समाधान विधि, अवलोकन विधि, प्रयोगात्मक विधि, खोज विधि, अभिनय विधि, खेलद्वारा सिकिने विधि आदि ।

अध्ययन गरिएका विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप गर्ने क्रममा शिक्षकहरूले कुन कुन शिक्षण विधिहरूको प्रयोग गर्दै आउनु भएको थियो भन्ने कुरा अन्तर्वार्ता तथा कक्षा आवलोकनबाट प्राप्त भएका प्रतिक्रियालाई प्रस्तुत गरिएको छ । अध्ययनको ४ वटै विद्यालयका कक्षा १, २, र ३ कक्षामा

प्रत्येक कक्षामा ३/३ पटक अवलोकन गरी प्राप्त भएका सूचनाहरूलाई प्रस्तुत गरिएको छ । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२**

**कक्षा शिक्षणमा प्रयोग गरिएका विधि**

| क्र.सं. | शिक्षण विधि | विद्यालय नं. १ | विद्यालय नं. २ | विद्यालय नं. ३ | विद्यालय नं. ४ |
|---|---|---|---|---|---|
| १ | प्रवचन वा व्याख्या विधि | ९ | ९ | ९ | ९ |
| २ | प्रदर्शन विधि | ५ | ६ | ५ | ४ |
| ३ | समस्या समाधान विधि | १ | २ | २ | - |
| ४ | अवलोकन विधि | - | - | - | - |
| ५ | प्रयोगात्मक विधि | ३ | ४ | २ | - |
| ६ | खोज विधि | १ | - | - | - |
| ७ | अभिनय विधि | ५ | ६ | ४ | ५ |
| ८ | खेलद्वारा सिकिने विधि | २ | ३ | - | - |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका नं ४.२ लाई अध्ययन गर्दा स्पष्ट हुन्छ कि नमुना छनोटमा परेका ४ वटा विद्यालयमा प्रत्येक विद्यालयका १-३ सम्मका कक्षामा ३/३ पटक कक्षा शिक्षण अवलोकन गर्दा शिक्षकले प्रयोग गर्नुपर्ने शिक्षण विधिहरूमध्ये विद्यालय नं. १ मा प्रवचन विधिको प्रयोग प्रत्येक कक्षामा गर्ने गरेको पाइयो । त्यस्तै प्रदर्शन विधि ५ वटा कक्षा शिक्षणमा गर्ने गरेको पाइयो । त्यसै गरी खोज अनुसन्धान विधि पनि कहिले काँही गर्ने गरेको भन्ने प्रतिक्रिया आए । त्यसै गरी अभिनय विधि ९ वटा कक्षा अवलोकनमध्ये ५ वटा कक्षामा भने प्रयोग गरेको पाइयो । भने खेलद्वारा सिकाइने विधिमा कक्षा १ मा भने प्रयोग गर्ने गरेको पाइयो । यसरी हेर्दा कक्षाकोठामा शिक्षण गर्दा बालकेन्द्रित विधिको प्रयोग बढी गर्नुपर्छ भनिएता पनि व्याख्यान विधिको प्रयोग नै बढी मात्रामा हुने गरेको पाइयो ।

विद्यालय नं. २ मा के-कस्ता शिक्षण विधिको प्रयोग भए नभएको अध्ययन गर्दा व्याख्यान विधि वा प्रवचन विधि ९ वटै कक्षा शिक्षणमा गर्ने गरेको पाइयो भने प्रदर्शन विधि ६ वटा कक्षामा प्रयोग गरेको पाइयो । त्यसै गरी समस्या समाधान विधिको प्रयोग २ वटा कक्षामा गरिएका र अरु ७ वटा कक्षा शिक्षणमा नगरेको पाइयो । अवलोकन विधि कुनै पनि कक्षामा नगरेको पाइयो । प्रयोगात्मक विधि ४ वटा कक्षामा गर्ने गरेको पाइयो भने अन्य ५ वटा कक्षा अवलोकनमा भने नगरेको पाइयो । खोज विधिको प्रयोग नगरेको र अभिनय विधि भने ५ वटा कक्षामा गरेको पाइयो । यसरी खेलद्वारा सिकाइने विधिमा ३ वटा कक्षामा प्रयोग गरेको पाइयो ।

विद्यालय नं. ३ मा शिक्षण विधिको प्रयोग गर्ने क्रममा व्याख्या विधिको प्रयोग अधिकतम या सबै कक्षामा गर्ने गरेको पाइयो । प्रदर्शन विधि ५ वटा कक्षामा गरेको पाइयो भने ४ वटामा यसको प्रयोग

नगरेको पाइयो । समस्या समाधान विधिको प्रयोग भने २ कक्षामा मात्र गरेको पाइयो भने अवलोकन विधि प्रयोगमा नै नल्याएको पाइयो । प्रयोगात्मक विधिको प्रयोग भने २ वटा कक्षामा लिएको पाइयो भने खोज विधिको प्रयोग नगरेको पाइयो । त्यसै गरी अभिनय विधि भने ९ वटा कक्षामा अवलोकन गरेकोमा ४ वटा कक्षामा यस विधिको प्रयोग गरेको पाइयो भने खेलद्वारा सिकाइने विधिको भने प्रयोग नगरेको पाइयो ।

विद्यालय नं. ४ मा कक्षा शिक्षणमा शिक्षकले प्रयोग गर्दै आउनु भएको शिक्षण विवधिको प्रयोगको बारे अध्ययन गर्दा कक्षा आवलोकनबाट प्राप्त भएका सूचनाहरूमा व्याख्या विधिको प्रयोग भएको पाइयो भने प्रदर्शन विधि ४ वटा कक्षामा प्रयोग भएको पाइयो । यसरी समस्या समाधान, प्रयोगात्मक अवलोकन र खोज विधि भने प्रयोग नगरेको पाइयो । भने अभिनय विधिको भने ५ वटा कक्षामा गर्ने गरेको पाइयो भने खेलद्वारा सिकाइने विधिमा भने प्रयोग नगरेको  पाइयो ।

यसरी कक्षा शिक्षणलाई बालमैत्री बनाउन विद्यार्थी केन्द्रित विधि, प्रदर्शन, खोज, प्रयोगात्मक विधि अवलोकन जस्ता विधिको प्रयोग गर्नुपर्ने भए पनि यस अध्ययनका ४ वटै विद्यालयमा व्याख्या विधिको प्रयोग बढी भएको पाइयो भने अवलोकन विधि, खोज विधि भने न्यून रहेको पाइयो ।

यसरी कक्षा शिक्षणमा प्रयोग गरिएका विधिहरूको अध्ययन गर्दा व्याख्या विधिको प्रयोग बढी भएको पाइयो भने अन्य शिक्षण विधिको प्रयोग कक्षा शिक्षणमा कम रहेको पाइयो । अध्ययनको क्रममा प्र.अ. तथा शिक्षकहरूलाई प्रश्न गर्दा व्याख्या विधिको प्रयोग बढी गर्ने र प्रदर्शन, प्रयोगात्मक, अभिनय आदि विधिको प्रयोग कम गर्ने प्रतिक्रियाहरू आएका थिए । त्यस्तै गरी सबै अध्ययन क्षेत्रका विद्यार्थीहरूको प्रतिक्रिया पनि व्याख्या विधिको प्रयोग नै बढी भएको पाइएको थियो । त्यसै गरी विद्यालय नं. २ का विद्यार्थीहरूको प्रतिक्रिया भने प्रयोगात्मक विधि र अभिनय विधिको पनि प्रयोग गर्ने गरेको पाइयो । यसरी अध्ययन क्षेत्रका प्रअ. शिक्षकहरू तथा विद्यार्थीहरू सबैको प्रतिक्रिया भने समान रहेको पाइयो ।

प्राथमिक तहमा शिक्षण सिकाइ गर्दा प्रदर्शन विधि, प्रयोगात्मक विधि, अभिनय विधिको प्रयोग गरी सिकाइ उपलब्धिमूलक हुन्छ, भनिए पनि यस विधिको प्रयोगमा भने कमी रहेको   पाइयो । यसरी नमुना छनोटमा परेका ४ वटै विद्यालयको शिक्षण विधिको प्रयोगको अवस्था हेर्दा परम्परागत शैलीमा नै शिक्षण सिकाइ क्रियाकलाप भइरहेको जस्तो देखिन्छ । प्राथमिक तहका विद्यार्थीहरूलाई व्यावहारिक ज्ञान, सिप र धारणा दिनका लागि उनीहरूको रुचि, इच्छा, चाहना अनुसार विषयसँग सम्बन्धित रहेर शिक्षण विधिको प्रयोग गर्नुपर्ने देखिन्छ ।

### ४.२.३ शिक्षण सिकाइ क्रियाकलाप

कुनै पनि विषयवस्तुको निर्धारण गरेका उद्देश्यहरू प्राप्त गर्न विषयवस्तुलाई विद्यार्थी समक्ष पुऱ्याउन कक्षाकोठामा शिक्षण सिकाइको समयमा गरिने क्रियाकलापलाई शिक्षण सिकाइ क्रियाकलाप भनिन्छ । शिक्षण सिकाइ गर्ने वातावरण सुमधुर बनाउन बालबालिकाहरूको उमेर, रुचि, तह, पृष्ठभूमि, स्वभाव, इच्छा, चाहना अनुसारको वातावरण तयार गरी शिक्षण कार्यलाई निरन्तरता दिँदै बालमनोविज्ञानको भावना बुझी शिक्षण सिकाइ क्रियाकलाप गर्नु आवश्यक हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप अन्तर्गत शिक्षकले उपयुक्त शिक्षण विधिको छनोट गरी विद्यार्थीहरूलाई विषयवस्तु प्रति आकर्षिक गर्न उनीहरूलाई प्रोत्साहन गर्नु पर्दछ । यस सम्बन्धमा प्रश्नावली अन्तर्वार्ता, कक्षा अवलोकन तथा विद्यार्थी समूह छलफलबाट प्राप्त सूचनाहरूको आधारमा कक्षा शिक्षणमा सिकाइ क्रियाकलापलाई तल वर्णन गरिएको छ ।

नमुना छनोटमा परेका विद्यालयमा कक्षा शिक्षण अवलोकन गर्दा प्रत्येक विद्यालयमा कक्षा १-३ सम्म ३/३ वटा कक्षाका दरले कक्षाकोठामा गरिएको शिक्षण सिकाइ क्रियाकलापलाई अवलोकन गर्दा विद्यालय नं. १ मा शिक्षण विधि प्रयोग गर्ने क्रममा व्याख्या विधिलाई बढावा दिएको, कक्षाकोठामा शिक्षक विद्यार्थीबिच प्रश्नोत्तर विधिको प्रयोग पनि भएको र जान्ने/नजान्ने विद्यार्थीहरूको समूह विभाजन गरी शिक्षण गर्दै आएको भन्ने प्रतिक्रिया शिक्षकहरूको पाइयो भने कक्षाकार्य, गृहकार्य दिने गरेको र गृहकार्यलाई चेक पनि गर्ने गरेको पाइयो । गृहकार्य गरेर ल्याउनेलाई धन्यवाद दिने र नगर्नेलाई फेरी सोही गृहकार्य गरी ल्याउन लाउने गरेको पाइयो । शिक्षण कार्यलाई अझ प्रभावकारी बनाउन विभिन्न शैक्षिक सामग्रीहरूको पनि प्रयोगमा ल्याउने गरेको पाइयो । जसमा विषयअनुसार फरक फरक सामग्रीहरू प्रयोग गर्दै आएको पाइयो । गणितका लागि जियो वोर्ड अङकहरू लेखिएको डायस, स्क्वायार बक्स जस्ता सामग्रीको प्रयोग गर्ने गरेको शिक्षकहरूको प्रतिक्रिया रहेको छ । त्यसै गरी सामाजिक विषयका लागि, ग्लोब, नक्साहरू, नेपाली विषयका लागि शब्दपत्ती, गोजितालिका, स्वास्थ्य तथा शारीरिकका लागि पोष्टरहरू आदिको प्रयोग गर्दै आएको पाइयो । यसरी कक्षा शिक्षणमा विद्यार्थीहरूको समान सहभागिता रहेको पाइयो । जसमा विद्यार्थीहरू बिच समूह विभाजन गरी जान्ने विद्यार्थीलाई अगाडि लगी पढाउन लगाउने पनि गर्ने भन्ने प्रतिक्रिया शिक्षकहरूबाट प्राप्त भएको थियो । यसरी अवलोकनमा प्रदर्शनका लागि शैक्षिक सामग्रीको केही पोष्टरहरू प्रयोग गरिएको थियो भने अन्य सामग्रीमा चक, डस्टर, बोर्ड पाठ्यपुस्तक प्रयोग गरेको पाइयो । त्यसै गरी पुस्तकालयको प्रयोग गर्ने क्रममा प्रत्येक कक्षामा १ घण्टी पुस्तकालय घण्टी राखिएको भन्ने प्रतिक्रिया शिक्षकहरूबाट पाइयो ।

त्यसैगरी अध्ययनको अन्य क्षेत्र विद्यालय नं. २ मा पनि शिक्षण गर्ने विधि व्याख्या, प्रदर्शन, अभिनय विधिको प्रयोग गर्ने गरेको र बालकक्षाका बालबालिकाहरूको लागि खेलद्वारा सिकाइने विधिद्वारा शिक्षण गर्ने गरेको पाइयो । शैक्षिक सामग्रीको रूपमा स्थानीय स्तरमा पाइने विषयवस्तु अनुरूप जस्तै

वातावरण विषयमा हरिया बोटविरुवा भएको पोष्टरहरू आदि प्रयोगमा ल्याएको र गणितका लागि जियोबोर्ड, ज्यामितीय चित्रहरू, सामाजिकमा नक्सा, मानिसहरू मिलेर काम गरिरहेको पोष्टरहरू स्वास्थ्य तथा शारीरक सि.अ. कलामा स्थानीय ठाउँमा पाइने माटोबाट बनेका चरा, गमला, काठका सामग्रहिरू, आदि खेलका सामग्रीहरूको प्रदर्शन गर्दै शिक्षण गर्ने गरेको पाइयो । कक्षाकोठामा राम्रो काम गरेबापत हौसला तथा पृष्ठपोषण दिने (स्यावास, धन्यवाद) गरेको पाइयो । कक्षाकार्य, गृहकार्य पनि दिने गरेको र भोलिपल्ट चेक गर्ने प्रतिक्रियाहरू प्राप्त भए त्यसै गरी प्रयोगात्मक कार्य भने कक्षाकोठामा नै गर्ने गरेको पाइयो ।

यसरी अध्ययनको विद्यालय क्रममा नं. ३ र ४ मा पनि शिक्षक विद्याथीबीचको सम्बन्ध, शिक्षण गर्ने विधिमा व्याख्यान विधिको प्रयोग, शैक्षिक सामग्रीमा विद्यालय नं. १ र २ मा जस्तै स्थानीय स्तरमा पाइने, विद्यालयमा उपलब्ध भएका शैक्षिक सामग्रीको प्रयोग गर्दै आएको भन्ने प्रतिक्रियाहरू प्राप्त भए । शिक्षण गर्ने क्रममा उदाहरण प्रस्तुत गर्ने शैली पनि राम्रो भएको पाइयो त्यसै गरी विद्यार्थी सहभागिता, विद्यार्थी-विद्यार्थीहरूको एक आपसमा सहयोगी भावना रहेको पाइयो । शिक्षकले पढाउने समयमा बोर्डको प्रयोग, विद्यार्थीहरूमा गर्ने व्यवहार मैत्रीपूर्ण रहेको पाइयो । यसरी कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलापको क्रममा शिक्षक, विद्यार्थीहरू एकआपसमा मिली सहयोगीका साथ अध्ययन अध्यापन गर्दै आएको पाइयो ।

यसरी शिक्षण सिकाइ क्रियाकलापको क्रममा शिक्षकको प्रस्तुति, कक्षा व्यवस्थापन, कक्षा शिक्षणमा उदाहरणहरूको प्रस्तुति आदि, बोर्डको प्रयोग, शिक्षक-विद्यार्थी, विद्यार्थी-विद्यार्थीबिचको क्रियाकलाप आदि सम्पूर्ण पक्षमा समन्वय हुनु जरुरी हुन्छ ।

यसरी समग्र पक्षमा भन्ने हो भने शिक्षण सिकाइको क्रममा अध्ययन क्षेत्रका ४ वटै विद्यालयमा बालमैत्री कक्षा शिक्षण सिकाइ रहेको पाइयो । प्राथमिक तहमा राखिएका निर्धारित उद्देश्यहरू प्राप्त गर्न प्रभावकारी शिक्षण सिकाइ सञ्चालन गर्न बालमैत्री वातावरणमा शैक्षणिक क्रियाकलाप सञ्चालनमा विशेष ध्यान दिनुपर्ने हुन्छ ।

Jean Piaget's को सिकाइ सिद्धान्त अनुरूप बालकको संज्ञानात्मक विकासका चरणहरूमध्ये मूर्त क्रियात्मक अवस्था ६/७ देखि ११/१२ वर्षसम्मको उमेर समूहको बालबालिकाहरू प्राथमिक तहमा अध्ययन गर्ने उमेर समूह हुन् । उनहिरूको रुचि, उमेर, क्षमताअनुसार शिक्षण क्रियाकलाप गर्दा र विद्यार्थी केन्द्रित विधि प्रयोग गरी शिक्षण गर्दा उनीहरूले सहजै सिक्ने भएता पनि यस अध्ययनको क्रममा भने अध्ययनको ४ वटै विद्यालयमा विद्यार्थी केन्द्रित भन्दा पनि शिक्षक केन्द्रित तथा प्रवचन विधिलाई नै बढावा दिएको पाइयो । जसले गर्दा बालमैत्री वातावरण सृजना गर्न शिक्षण विधिको रूपमा विद्यार्थी केन्द्रित विधिको प्रयोग गर्न, विद्यार्थीहरूको हित अनुकूल शिक्षण गर्न पहल गर्नुपर्ने देखिन्छ ।

त्यसै गरी प्रकृतिवाद र बालमैत्री वातावरणमा बालकलाई दिइने शिक्षाको अवधारणाले नै बालकको स्वतन्त्रताको पक्षमा वकालत गरेको पाइन्छ । बालबालिकाहरूको मनोविज्ञानलाई बुझि शिक्षा प्रदान गर्ने कुरामा प्रकृतिवादले जोड दिएको पाइन्छ । यसरी प्रकृतिवादले बालबालिकाहरूको मनोविज्ञान बुझी विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गरी विभिन्न शैक्षिक सामग्रीहरूको प्रयोग गर्दै शिक्षण गर्नु पर्छ भनिए तापनि यस अध्ययनको नमुना छनोटमा परेको विद्यालयहरूमा भने प्रर्याप्त मात्रामा प्रयोगमा ल्याएको पाइएन । यसरी बालमैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप हुनुपर्ने र प्राथमिक तहमा बालमैत्री वातावरणको अवस्था रहेमा सिकाइ दिगो र चिरस्थायी एवम् गुणस्तरीय हुने गर्दछ ।

### ४.२.४ शैक्षिक सामग्रीको अवस्था

शिक्षण सिकाइ क्रियाकलापलाई सरल, सहज र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृति अनुसार शिक्षण सिकाइ क्रियाकलाप गर्दा प्रयोग गरिने सामग्रीलाई नै शैक्षिक सामग्री भनिन्छ । यसले शिक्षणलाई प्रभावकारी बनाउने मात्र नभई विद्यार्थीहरूमा विषयवस्तुको सही ज्ञान, सिप र दक्षता प्राप्त गराउन सहयोग गर्दछ । शैक्षिक सामग्रीले अपेक्षित उद्देश्यलाई मद्दतले विद्यार्थीहरूलाई प्रत्यक्ष अनुभव गराउनुका साथै सिकारुलाई बढी उतसाहजनक बनाउन सकिन्छ । शिक्षणको क्रममा विभिन्न श्रव्य, दृश्य, श्रव्यदृश्य र मुद्रित आदि सामग्रीहरूको प्रयोग गरी शिक्षण गरेमा सिकाइ दिगो र चिरस्थायी हुने गर्दछ । यसरी शैक्षिक सामग्रीको प्रयोग गर्दा कम मूल्य पर्ने, स्थानयि स्तरमा नै पाइने सामग्रहिरूको प्रयोग गर्नु बढी उचित हुने गर्दछ ।

अध्ययनको नमुना छनोटमा परेका विद्यलाय नं. १ मा शैक्षिक सामग्रीको अवस्थबारेमा अध्ययन गर्दा प्रधानाध्यापक शिक्षक, विद्यार्थी तथा अध्ययनकर्ता स्वयको अवलोकनबाट प्राप्त सूचनाहरूलाई लिइएको छ । यस विद्यालयमा शिक्षण क्रममा आवश्यक पर्ने शैक्षिक सामग्रीहरूका विषय पिच्छे गणितका लागि जियोबोर्ड, ज्यामितिय आकृति, नेपालीका लागि शब्दपत्ती, गोजितालिका, विभिन्न कथा, कविताहरू जुन पुस्तकालय कोठामा रहेको र विज्ञानका लागि प्रयोगशालाहरू, प्राथमिक उपचार बक्स, अङ्ग्रेजीका लागि ए.बाकस., सामाजिकका लागि नक्सा, ग्लोब आदि रहेको पाइयो भने यसको प्रयोग गर्ने क्रममा प्रयोगशालाको छुट्टै कोठा नभइ कक्षाकोठामा नै प्रयोग गर्ने गरेको पाइयो । भने अन्य विषयअनुसारका सामग्रीहरू भने पाठको विषयवस्तु वा आवश्यकताअनुसार प्रयोग गर्दै आएको भन्ने प्रतिक्रिया प्र.अ. तथा शिक्षकहरूको रहेको पाइयो । विद्यालयमा उपलब्ध भएका, जि.शि.अ. तथा गरैसरकारी संस्थाबाट प्राप्त भएका शैक्षिक सामग्रकिो प्रयोग गर्दै आएका प्रतिक्रियाहरू प्राप्त भए । यसरी पुस्तकालयमा उपलब्ध पाठ्यपुस्तक, सामग्रीहरू सबै विषयका रहेको र त्यसबाट बालबालिकाको चौतर्फी विकास हुने खालको रहेको पाइयो । विषयवस्तुको साथै अन्य शैक्षिक सामग्रहिरू पनि रहेको पाइयो साथै विभिन्नि खेलकुदका सामग्रीहरू पनि रहेको पाइयो भने पर्याप्त नभएको पाइयो ।

शैक्षिक सामग्री प्रयोग कसरी भइरहेको छ भन्ने प्रश्नमा विद्यार्थीहरूको प्रतिक्रियामा अधिकांश समयमा पाठ्यपुस्तकको प्रयोग गर्ने र अन्य सामग्रीको प्रयोग कम गर्ने र शिक्षकहरूको प्रतिक्रिया उपलब्ध सामग्री प्रयोगमा आवश्यकताअनुसार ल्याएको र पाठ्यपुस्तक एवम् शिक्षक निर्देशिकालाई नै प्रयोग गर्दै आएको पाइयो ।

विद्यालय नं. २ मा शिक्षण सिकाइमा प्रयोग गर्ने शैक्षिक सामग्री तथा विद्यालयमा उपलब्ध भएका सामग्रीहरूको अवस्था र प्रयोगको अध्ययन गर्दा विद्यालयमा आवश्यकता अनुसार सम्पूर्ण विषयवस्तुलाई समेट्ने सामग्री नभएको र उपलब्ध सामग्रीहरू पनि प्रयोगमा नल्याएको भन्ने प्रतिक्रियाहरू शिक्षकबाट आए । पुस्तकालयमा उपलब्ध भएका सामग्रीहरू सबै विषयसँग मेल खाने खालको रहेको भन्ने प्रतिक्रिया प्र.अ. बाट पाइयो । विषयअनुसार जियोबार्ड, ए. बाकस, शब्दपत्तिहरू कथा, नाटक, ग्लोब, नक्स, प्रयोगशालाका सामग्रीहरू पनि रहेको छ र त्यसको लागि छुट्टै प्रयोगात्मक कोठा नभएको पाइयो । विद्युतीय जडान भएको तर कम्प्युटर प्रणालीबाट भने शिक्षण सिकाइ नहुने पाइयो । बौद्धिक विकसाका साथै शारीरिक, मानसिक, सामाजिक विकास तथा संवगात्मक विकासका लागि आवश्यक चौतर्फी विकासका लागि खेलकुदका सामग्रीहरू भलिवल, बास्केटबल आदि क्रियाकलाप हुने गरेको पाइयो ।

यसै गरी विद्यालय नं. ३ र ४ मा भने शैक्षिक सामग्रीको उपलब्धता कमी रहेको पाइयो । जसमा प्रयोगशालाका सामग्रीहरू नरहेको पाइयो । जि.वि.स. तथा गैर सरकारी संस्थाबाट प्राप्त सामग्रीहरू रहेको र विद्यालय नं. ३ मा भने छुट्टै पुस्तकालय कोठा नभई अफिस कोठामा नै रहेको पाइयो । कक्षा शिक्षण अवलोकन गर्दा शैक्षिक सामग्रीको प्रयोग गरिएको भए पनि पर्याप्त मात्रामा नगरेको पाइयो । शैक्षिक सामग्रीको प्रयोगको सम्बन्धमा शिक्षकको प्रतिक्रिया अनुरूप विद्यालयमा नै उपलब्ध भएका र स्थानीय स्तरमा पाइने खालका सामग्रीको प्रयोग गर्दै आएको भन्ने पाइयो भने विषयवस्तुअनुरूप सीमित रूपमा मात्र शैक्षिक सामग्रीहरूको प्रयोग गर्ने गरेको पाइयो । विद्यार्थीहरूको प्रतिक्रिया पनि के रहेको छ भने शिक्षकहरूले पढाउँदा वा शिक्षण गर्दा पुस्तकलाई नै मुख्य रूपमा लिने गरेको पाइयो छ ।

यसरी नमुना छनोटमा परेका प्रत्येक विद्यालयमा शैक्षिक सामग्रीको अवस्था भने पर्याप्त नभएको र भएको सामग्रीहरू पनि शिक्षकहरूको वेवास्ताले गर्दा पनि शैक्षिक सामग्री मार्फत् विद्यार्थीहरूलाई वास्तविक सिकाइ प्रदान गर्न सकिरहेको छैन । प्राथमिक विद्यालयमा बालमैत्री वातावरण तय गर्न पाठ्यपुस्तकले मात्र हुँदैन यसको लागि विभिन्न विषयवस्तु अनुरूप शैक्षिक सामग्रीरु, शिक्षक निर्देशिका, प्रयोगशाला पुस्तकालयको बढी भन्दा बढी प्रयोगमा ल्याई सिकाइलाई दिगो, र चिरस्थायी गरी बालमैत्री वातावरण तय गर्न सहजता प्रदान गर्दछ । त्यसैले पर्याप्त मात्रामा शैक्षिक सामग्री उपलब्ध गराउने साथै त्यसको प्रयोगमा विकास गर्नु पर्ने हुन्छ ।

### ४.२.५ कक्षाकोठामा शिक्षकको प्रस्तुति

#### ४.२.५.१ विद्यालयमा शिक्षक एक नमुनाको रूपमा

विद्यालयमा शिक्षक एक नमुनाको रूपमा हुने भएकाले शिक्षकप्रति विद्यार्थीको आकर्षक बढछ र शिक्षकको बानी व्यवहारको विद्याथीहरूले अनुसरण गर्दछन् । त्यसैले जहिले पनि विद्यालय आउँदा जाँदा सफासुग्घर भएर आउनु पर्दछ । जसको कराण शिक्षकको व्यक्तित्व वृद्धि भई कक्षा शिक्षणमा विद्यार्थीहरू अनुशासित तवरले रहने र पढाइमा क्रियाशील समेत हुने गर्दछन् ।

अध्ययनको क्रममा छनोट गरिएका ४ वटै विद्यालयका ८ जना शिक्षकहरू विद्यालय पोषाकमा नै रहेको पाइयो । शिक्षकहरूको व्यक्तित्व आकर्षक, सफासुग्घर र मिलनसार रहेको पाइयो । कक्षाकोठामा विद्यार्थीहरूमाझ अनुशासित भएर शिक्षकहरू उपस्थित रहेको पाइयो । शिक्षकहरू, विद्यार्थीहरू सामू साथीसरह रही कक्षाकोठामा उपस्थिति भइ शिक्षण गर्दै आएको  पाइयो । शिक्षण सिकाइ प्रक्रियामा शिक्षकहरूको व्यक्तित्वले पनि सिकाइमा प्रत्यक्ष प्रभाव पार्ने र शिक्षकहरूबाट विद्यार्थीले ज्ञान लिनुपर्ने हुन्छ । यसरी शिक्षकहरूले आफ्नो व्यक्तित्व उच्च राख्न सफा सुग्घरमा विशेष ध्यान दिनु पर्दछ । सरसफाइले उनीहरूको स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने हुनाले सरसफाइ वा सफा सुग्घर नै रहेको पाइयो ।

#### ४.२.५.२ आत्मविश्वासका साथै लचिलो प्रस्तुति

शिक्षकहरूलाई विद्यालयमा एक बौद्धिक व्यक्तित्वको रूपमा चिनिन्छ किनकी शिक्षकसँग नयाँ कुरा सिक्न र समस्या समाधानका लागि विद्यार्थीहरू आशा गरिराखेका हुन्छन् । त्यस कारण शिक्षक विषयवस्तुमा आत्म विश्वस्त हुनुपर्दछ भने कक्षा एकदमै कडा रूपमा प्रसतुत भएर विद्यार्थीमा डरको मनस्थिति पैदा गर्नु हुँदैन । यसरी सरल वा लचिलो रूपमा प्रस्तुत भई सिकाइप्रति जागरुक हुने भावनाको विकास गराउनु पर्दछ । जसले गर्दा मैत्री वातावरणमा शिक्षण कार्य सफल बनाउन सहयोग पुऱ्याई उसको व्यक्तित्व उचो राख्ने काम गर्दछ ।

अध्ययनको क्रममा छनोटमा परेका ४ वटै विद्यालयका १२ जना शिक्षकहरूमध्ये कक्षा शिक्षण कार्यमा आत्मविश्वास हुनेमा ४ जना अत्यूतम, ६ जना उत्तम र २ जना मध्यम रहेको पाइयो । जसमा अत्यूतम आत्मविश्वास हुने शिक्षकहरूमा २ जना विद्यालय नं. १ का शिक्षक र २ जना विद्यालय नं. २ का शिक्षकहरू रहेको पाइयो भने विद्यालय नं. १ का १ जना, विद्यालय नं. २ का १ र विद्यालय नं. ३ र ४ का २/२ जनाको आत्मविश्वास उत्तम रहेको पाइयो भने विद्यालय नं. ३ र ४ का १/१ जना शिक्षकहरूको विषयवस्तुप्रतिको आत्मविश्वास भने मध्यम रहेको  पाइयो । सबै अध्ययन क्षेत्रका शिक्षकहरू नरम र लचिलो रूपमा प्रस्तुत भई शिक्षण क्रियाकलाप गर्दै आएको पाइयो । यसरी यस अध्ययनमा अवलोकन गर्ने क्रममा विद्यालय नं. १ र विद्यालय नं. २ का शिक्षकहरूमा आत्मविश्वास बढी

रहेकोले कक्षाकोठामा शिक्षकको प्रस्तुतिको आधारमा विद्यालय नं. १ र २ लाई लाई बालमैत्री वातावरण रहेको रहेछ भन्न सकिन्छ ।

### ४.२.५.३ बोलीको स्पष्टता

शिक्षकहरूको व्यक्तित्व उसको बोलीको स्पष्टताले जनाउँदछ । यदि शिक्षकको बोलीमा स्पष्टता छैन भने त्यस्तो शिक्षकले विद्यार्थीलाई आकर्षिक गरी प्रभावकारी शिक्षण गर्न सक्दैन । तसर्थ सिकाइ उपलब्धी पनि प्रभावकारी हुन सक्दैन ।

अध्ययनको क्रममा छनोटमा परेका ४ वटै विद्यालयका १२ जना शिक्षकहरूमध्ये ८ जनाको बोली प्रष्ट भएको र बाँकी ४ जनाको भने स्वर सानो तथा छिटो छिटो बोल्ने प्रवृत्तिले गर्दा विद्यार्थीहरू सिकाइमा उत्सुक नरहेको पाइयो । यसरी ८ जनाको बोली प्रष्ट हुनेमा पनि विद्यालय नं. १ का २ जना, विद्यालय नं. २ का ३ जना, विद्यालय नं. ३ का १ जना र विद्यालय नं. ४ का २ जना शिक्षकहरू रहेका कक्षा अवलोकनबाट पाइयो । यसरी कक्षाकोठा शिक्षण सिकाइ क्रियाकलाप क्रममा अवलोकन गर्दा विद्यालय नं. २ का शिक्षकहरूमा बोलीको स्पष्टता रहेको पाइयो जसले गर्दा यी ४ वटा विद्यालयमध्ये विद्यालय नं. २ मा बालमैत्री कक्षा शिक्षण भएको रहेछ भन्ने पाइयो । यसरी बोलीको स्पष्टताले बालबालिकाको शिक्षणमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ जसले गर्दा शिक्षकहरूमा बोलीको स्पष्टता हुनुपर्ने देखिन्छ ।

### ४.२.५.४ भाषाशैलीको प्रयोग

शिक्षक सिकाइ, सञ्चार र दैनिक जीवन सञ्चालनको प्रमुख माध्यम भाषा हो । कक्षाभित्रको विविधताको सम्बोधन गर्ने प्रमुख माध्यम पनि भाषा हो । मातृभाषाको माध्यमबाट पठनपाठन गर्दा गराउँदा विद्यालयमा विद्यार्थीको पहुँच सम्बन्धी समस्या र विद्यार्थीको अनियमितताको समस्यालाई पनि सम्बोधन गर्दछ । सिकाइ मनोविज्ञान सिकाइकला र राज्यले अवलम्बन गर्ने भाषा नीतिका आधारमा शिक्षण सिकाइलाई व्यवस्थापन गर्नुपर्ने देखिन्छ । शिक्षण सिकाइमा भाषाशैलीको ठूलो प्रभाव रहन्छ । शिक्षकको भाषाशैली राम्रो भएमा विद्यार्थीको सिकाइमा असर पारेको हुन्छ ।

अध्ययनको लागि छनोटमा परेका ४ वटै विद्यालयका शिक्षकहरू विभिन्न जातजाति, भाषा, धर्म र संस्कृति भए पनि भाषाशैलीमा भने भिन्नता नभएको पाइयो । नेपाली भाषालाई नै मुख्य भाषाको रूपमा लिई शिक्षण गर्ने गरेको पाइयो । सबै जसो विद्यालय र शिक्षकहरू एउटै समुदायका भएकोले त्यस्तो भिन्नता भएको पाइएन । नेपालको अन्तरिम संविधानले प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम मातृभाषामा आधारभूत शिक्षा पाउनुपर्ने भएता पनि यस अध्ययन क्षेत्रमा भने मातृभाषाको कक्षाहरू सञ्चालन नरहेको पाइयो । भने विद्यार्थीहरूको भाषाशैली पनि राम्रो या आदर सत्कार र साथीहरूबीच तथा शिक्षकसँग गर्ने बोली व्यवहार पनि उदाहरणीय नै रहेको पाइयो । यसरी नेपाली

भाषालाई नै मुख्य भाषा लिइने हुनाले यस अध्ययन क्षेत्रका प्रधानाध्यापक, शिक्षकहरू, विद्यार्थीहरूलाई भाषाको कुनै समस्या नभएको पाइयो । जसले गर्दा सबै बालबालिकाहरूको समान रूपमा बुझ्ने बुझाउने भाषा नेपाली भाषा हुनाले भाषामा कुनै समस्या नरहेको पाइयो ।

### ४.२.६ विद्यार्थीहरूको कक्षाकोठामा बसाइको अवस्था

शिक्षण सिकाइ प्रक्रियामा शिक्षक, विद्यार्थीको शिक्षण गर्ने थलोको रूपमा कक्षाकोठालाई लिइन्छ । कक्षाकोठा सफा, हावा तथा प्रकाश सजिलै छिर्ने खालको हुनु पर्दछ । कक्षाकोठा सफा राम्रो हुँदैमा सिकाइ उपलब्धी मूलक हुन्छ भन्न सकिँदैन त्यसको साथै कक्षाकोठामा विद्यार्थीहरूको बसाइको अवस्था पनि व्यवस्थित हुनु आवश्यक हुन्छ । जसमा विभिन्न आकारमा विद्यार्थीहरूलाई बसाउन सकिन्छ यू तथा भी आकारमा प्राथमिक तहमा शिक्षणका लागि बसाइको राम्रो व्यवस्था हुनु पर्दछ । वेन्चहरू विद्यार्थीहरूको उमेर अनुसार विद्यार्थी अनुपातमा वेन्च संख्या हुनुपर्दछ । यदि बसाइको व्यवस्था राम्रो भएन भने शिक्षण प्रभावकारी बन्न सक्दैन । विद्यार्थीको बसाइ नै असहज छ भने कसरी शिक्षण बालमैत्री हुन सक्दछ ।

अध्ययनका लागि छनोट गरिएका ४ वटा विद्यालयको कक्षा अवलोकन गर्दा विद्यार्थीहरूको बसाइको व्यवस्था व्यवस्थित नै रहेको पाइयो । प्राथमिक तहमा पढ्ने बालबालिकाहरू साना साना हुने भएकाले कक्षाकोठामा राखिएका डेस्क वेन्च पनि होचा होचा थिए र एउटा वेन्चमा ३ देखि ४ जना बसेको र उनीहरूको बसाइ यू  आकारमा रहेको पाइयो । लैङ्गिक हिसाबले मिलेर बस्ने गरेको पाइयो भने जातजातिगत हिसाबले खासै भिन्नता गरेको पाइएन् । कक्षाकोठामा विद्यार्थीको बसाइको अवस्था ४ वटै विद्यालयमा समान रहेको पाइयो । जसले गर्दा कक्षाकोठामा बसाइको अवस्थाले हेर्ने हो भने बालमैत्री वातावरण नै रहेको पाइयो ।

## ४.३ बालमैत्री वातावरण प्रभावकारी बनाउन शैक्षिक तथा सामाजिक वातावरणको अवस्था

विद्यार्थीहरूलाई दण्डरहित, हिंसारहित, स्वच्छ वातावरणमा सिकाइ प्राप्त गर्न पाउनु बालमैत्री शिक्षा हो । बालबालिकाको हित, रुचि, क्षमता र आवश्यकता अनुकूलको शैक्षिक तथा सामाजिक गतिविधिहरू हुनु पर्दछ तब मात्र सिकाइ बालमैत्री भई सिकाइका नतिजाहरू पनि गुणस्तरीय हुने गर्दछ । त्यसैले प्राथमिक विद्यालय बालमैत्री वातावरण सृजना गरी शिक्षण सिकाइ क्रियाकलाप गरेमा सिकाइ दिगो र चिरस्थायी हुने गर्दछ । यसरी बालमैत्री वातावरणलाई प्रभावकारी बनाउन शैक्षिक पक्ष तथा सामाजिक पक्षको गतिविधिलाई विश्लेषण तथा व्याख्या गरिएको छ ।

### ४.३.१ शिक्षकहरूको शैक्षिक तालिम

तालिमले कुनै पनि व्यक्तिलाई विषयवस्तुप्रति दक्ष बनाउन, व्यक्तिको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन मद्दत पुऱ्याउँदछ । कुनै पनि काम सफल पार्नका लागि त्यसप्रति ज्ञान, सिपको

आवश्यकता पर्दछ । कुनै पनि कामप्रति ज्ञान, सिप र धारणा भएमा उक्त कार्य सफलतापूर्वक सम्पादन गर्न सकिन्छ । शिक्षण जस्तो पेशामा शिक्षण गर्नका लागि शिक्षकसँग सम्बन्धित ज्ञान, सिप र दक्षता अति आवश्यक हुन्छ । विषयवस्तुको ज्ञान, सिप, दक्षता उपलब्धिमूलक हुने गरी शिक्षण गर्नका लागि उद्देश्यको छनोट, शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्न, उपयुक्त शिक्षण विधिको चयन गर्न, उपयूक्त खालको शिक्षण सिकाइ क्रियाकलाप गर्न र उपयुक्त तरिकाले मूल्याङ्कन गर्ने जस्ता कार्य सम्पन्न गर्नका लागि शिक्षकहरूलाई तालिमको आवश्यकता पर्दछ । वास्तवमा तालिमले शिक्षकहरूलाई विषयगत रूपमा आवश्यक पर्ने ज्ञान, सिप र धारणाको पुर्नताजगीकरण गरी प्रभावकारी शिक्षण गर्न महत्त्वपूर्ण सहयोग गर्दछ । तालिमप्राप्त शिक्षकहरूको सिकाइबाट विद्यार्थीमा पूर्ण आत्मविश्वासका साथ शिक्षण गरी सिकाइ उपलब्धिमूलक र ज्ञानवर्द्धक हुन सक्दछ र बालमैत्री सिकाइ हुन सक्दछ र त्यसैले शिक्षकलाई समय-समयमा पुर्नताजगीकरण तालिम दिनु उपयुक्त हुन्छ ।

अध्ययनको क्रममा छनोटमा परेका ४ वटै विद्यालयका सबै शिक्षकहरू तालिम प्राप्त भएको प्रधानाध्यापक तथा शिक्षकहरूको प्रतिक्रिया रहेको पाइयो । शैक्षिक तालिम तथा बालमैत्री सम्बन्धी तालिम सरकारी तथा गैरसरकारी संस्थाले पनि दिँदै आएको विद्यालय नं. १ का प्र.अ. ले बताउनु भयो । यद्दपि नमुना छनोटमा परेका ४ वटै विद्यालयका शिक्षकहरू तालिम प्राप्त भएता पनि तालिमबाट प्राप्त ज्ञान, सिपलाई कक्षाकोठामा वा शिक्षकहरूको व्यवहारमा भने खासै परिवर्तन नआएको पाइयो । बालबालिकाको उमेर, रुचि, चाहनालाई केन्द्रित गरी विद्यार्थीकेन्द्रित विधि प्रयोग गरी शिक्षण गर्नुपर्छ भनिए पनि पूरानै विधि शिक्षककेन्द्रित विधि नै प्रयोग गर्दै आएको पाइयो ।

समग्रमा भन्नुपर्दा बालमैत्री वातावरणमा शिक्षण गर्नका लागि सैद्धान्तिक रूपमा सुरुवात गर्ने कोसिस सरोकारवालाहरूबाट भएको पाइए पनि पूर्ण रूपमा लागू गर्ने गराउने कार्य हुन नसकेको पाइयो । विशेष गरेर गैरसरकारी संस्था युनिसेफले यस विषयमा पहल गर्न खोजेको र सरकारी क्षेत्रबाट अवधारणा ल्याउन खोजेको पाइयो । तालिम दिने क्रममा सरकारी र गैरसरकारी दुवै सक्रिय रहेको र तालिम भने स्रोतकेन्द्र तथा जि.शि.अ. मा हुँदै गरेको भन्ने पाइयो । यसरी शिक्षण सिकाइ प्रक्रियामा के कस्ता गतिविधि भइरहेका छन् भनेर जि.शि.अ. स्रोतकेन्द्रबाट अनुगमन पनि हुने गरेको पाइयो । यसरी अध्ययनको सबै विद्यालयका शिक्षकहरूले शैक्षिक तालिम तथा पूर्नताजगीकरण तालिम लिए पनि त्यसलाई व्यवहारमा प्रयोगमा ल्याउन  भने ढिला सुस्ती गरेको पाइयो ।

### ४.३.२ दण्ड र पुरस्कारको व्यवस्था

कक्षा शिक्षणमा दण्ड र पुरस्कारको ठूलो भूमिका रहेको हुन्छ । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन उद्देश्य प्राप्त गर्न र सफलतामा पुरस्कारको ठूलो योगदान रहन्छ । बालमैत्री वातावरण तयार गर्नका लागि दण्डरहित वा पुरस्कारको राम्रो व्यवस्था गरेमा शिक्षण सिकाइ

क्रियाकलापमा प्रत्यक्ष प्रभाव पर्दछ । यसरी पुरस्कारले विद्यार्थीमा पढाइप्रति आकर्षित गर्न सहयोग पुऱ्याउँदछ । सिकाइमा दण्डले हतोत्साही र पुरस्कारले प्रोत्साहन तथा हौसला दिने गर्दछ र सिकाइमा प्रत्यक्ष रूपमा प्रभाव पार्दछ ।

अध्ययनका लागि छनोटमा परेका ४ वटै विद्यालयका प्रध्यानाध्यापकहरूको प्रतिक्रिया के रहेको पाइयो भने दण्ड दिनु राम्रो काम होइन, दण्डले सिकाइमा सकारात्मक होइन नकारात्मक असर पार्दछ त्यसैले दण्ड नदिइ गल्ती काम गरे सामान्य उठवस गर्न लगाउने र परामर्श दिने र राम्रो काम गरेवापत हौसला प्रंशसा र पुरस्कार समेत दिने व्यवस्था गर्ने गरेको भन्ने पाइयो । यसरी अध्ययनको लागि छनोटमा परेका ४ वटै विद्यालयमा कक्षा अवलोकन गर्दा दण्ड नदिएको र पुरस्कारको रूपमा स्यावासी, धन्यवाद, प्रशंसा र हौसला दिएको पाइयो । यसरी कक्षाकोठामा बालबालिकालाई दण्ड नदिएको र पुरस्कार तथा हौसला प्रोत्साहन दिएको पाइएकोले यी विद्यालयहरूमा बालमैत्री कक्षा शिक्षण नै भएको पाइयो । यसरी अवलोकनका क्रममा शिक्षण गर्दाको समयमा कक्षाकोठामा विद्यार्थी-विद्यार्थी बिच भनाभन हुँदा विद्यालय नं. ३ का विद्यालयमा भने विद्यार्थीलाई उठबस गर्न लगाई सजाय दिएको थियो जसले गर्दा त्यो बालमैत्री कक्षा शिक्षण भएको भन्न सकिँदैन । यसरी अवलोकनका क्रममा विद्यालयको १, २ र ४ मा भने बालमैत्री नै रहेको पाइयो ।

### ४.३.३ विद्यार्थी सहभागिताको अवस्था

प्राथमिक विद्यालय भन्नाले ६-१० वर्ष सम्मका सम्पूर्ण बालबालिकाहरू अध्ययन गर्ने विद्यालय हो । जहाँ कुनै पनि लिङ्ग, जाति, धर्म, भाषा आदि अन्य कुराको भेदभावरहित किसिमले व्यवहार गरिनु पर्दछ । सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा शिक्षा लिनदिन पाउनु पर्ने अधिकारलाई सुनिश्चित गर्दछ । विद्यालयमा समुदायको स्वामित्वलाई महत्त्व दिँदै बालबालिकाका आवश्यकता अनुरूप उपयुक्त वातावरण र सहयोग पाएमा सबैले सिक्न सक्दछन् भन्ने मान्यता राख्दछ । सम्पूर्ण बालबालिकाको सामाजिक, संस्कृतिक, शैक्षिक आवश्यकतालाई पुरा गर्ने खालको सिकाइमैत्री वातावरण अवलम्बन गर्न प्रोत्साहन गर्दछ । यसरी सबै बालबालिकाहरूलाई विद्यालयमा सहभागी गरी शिक्षण गर्नु गराउनु आवश्यक हुन्छ । विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा ल्याउनका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न प्रयासहरू भइरहेको छ । तापनि अझै धेरै ठाउँमा यो अवस्था विद्यमान अवस्थामा नै रहेको छ ।

अध्ययनका लागि छनोटमा परेका ४ वटै विद्यालयका प्रत्येक विद्यालयबाट समानुपातिक किसिमले सबै जातजाति, भाषा, धर्म, लिङ्ग, संस्कृतिका बालबालिकाहरू प्रत्येक विद्यालयका कक्षा ४ र ५ का ५/५ जना गरी १०/१० जनाको दरले ४ वटा विद्यालयबाट ४० जना विद्यार्थीलाई नमुनाको रूपमा लिइएको थियो । शिक्षकका अनुसार पहिले दलित समुदायका विद्यार्थीहरूको सहभागिता कम

रहेको थियो भने हाल आएर भने विभिन्न छात्रवृत्ति सम्बन्धी कार्यक्रमले गर्दा पनि उनीहरूको सहभागिता बढेको हुन सक्ने प्रतिक्रियाहरू दिए । हाल प्राथमिक शिक्षालाई निशुल्क तथा छात्रवृत्ति कार्यक्रमहरूले प्रभाव परेको हुन सक्ने भएकाले दलित बालबालिकाहरूको उपस्थिति पनि उलेख्य मात्रामा रहेको पाइयो । यसरी कक्षा कार्य तथा विभिन्न अतिरिक्त क्रियाकलापहरूमा पनि लैङ्गिक तथा जातीय रूपमा समान सहभागिता रहेको पाइयो ।

यसरी विद्यार्थीहरूको सक्रियता बढाउन विद्यालय नं. १, ३ र ४ मा भने क्षेत्र भ्रमण गरेको पाइयो । जसमा विद्यालय वरपर वा विद्यालय नजिकै रहेको करेसाबारी वा साना-साना जङ्गल भित्र चरचुरुङ्गी, बोटविरुवाहरूको अवलोकन गर्ने गरेको प्र.अ.ले जानकारी दिनुभयो । यसरी शिक्षण सिकाइको क्रममा कक्षाकोठामा होस् या अन्य बाहिरी अतिरिक्त क्रियाकलाप क्षेत्र भ्रमणमा होस् विद्यार्थीहरूको सहभागिता उल्लेख्य मात्रामा रहेको पाइयो । यसको आधारमा के भन्न सकिन्छ भने प्राथमिक विद्यालयसम्म सबै प्रकारका बालबालिकाहरूको पहुँच विस्तार भएको पाइयो । जसले गर्दा विद्यार्थी सहभागिताको अवस्थालाई हेर्दा समान रहेकोले बालमैत्रीपूर्ण छ भन्ने पाइयो ।

### ४.३.४ अतिरिक्त क्रियाकलाप

विद्यार्थीहरूको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक पक्षको विकास गर्न विभिन्न अतिरिक्त क्रियाकलापको महत्त्वपूर्ण भूमिका रहन्छ । बालबालिकाको चौतर्फी विकासका लागि विभिन्न अतिरिक्त क्रियाकलाप जस्तैः हाजिरीजवाफ, वक्तृत्वकला, वादविवाद, खेलकुद, सांस्कृतिक कार्यक्रम, कविता, कथा नाचगान आदिबाट ज्ञान, सिप तथा धारणा व्यवहारमा ल्याउन सहयोग पुऱ्याउँदछ । अतिरिक्त क्रियाकलापबाट विद्यार्थीमा मेलमिलाप, सहयोगी, मानसम्मान आदि सामाजिक पक्षमा पनि सकारात्मक प्रभाव परी उनीहरूका शैक्षिक तथा सामाजिक व्यवहारमा परिवर्तन आई सिकाइमा बालमैत्री वातावरणको सिर्जना गर्न सकिन्छ । यसरी अतिरिक्त क्रियाकलापले बालमैत्री वातावरणलाई प्रभावकारी बनाउन सघाउ पुऱ्याउँदछ ।

यस अध्ययन क्षेत्र ४ वटै विद्यालयमा विद्यार्थीहरूलाई बालमैत्री वातावरण सिर्जना गर्न विभिन्न कार्यक्रमहरू हुँदै आएको प्र.अ. तथा शिक्षकहरूको प्रतिक्रिया रहेको छ । वार्षिक कार्यपात्रो प्रत्येक विद्यालयले निर्माण गर्ने गरेको र प्रत्येक शुक्रबार विद्यार्थीहरूको चौतर्फी विकासका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरू हुने गरेको प्रतिक्रियाहरू प्राप्त भए जसमा हाजिरीजवाफ, नाचगान, वक्तृत्वकला, वादविवाद, सरसफाइ, खेलकुद, खेलकुदमा पनि भलिवल, रुमाल लुकाइ, डोरी नाग्ने, कपर्दी जस्ता खेलहरू खेल्ने तथा खेलाइने प्रतिक्रिया शिक्षक तथा प्र.अ. को रहेको पाइयो । त्यसै गरी विद्यार्थीहरूको प्रतिक्रियामा पनि रहेको छ, जसमा यस्ता विभिन्न कार्यक्रममा सहभागी भर्य सामाजिक भावनाको विकास साथै पुरस्कारसमेत प्राप्त गरेको पाइयो । विद्यालय नं. १ र ३ मा भई शुक्रबारको

दिनमा विभिन्न अन्तरक्रिया, शिक्षक-अभिभावक, शिक्षक-विद्यार्थी बिचको सम्बन्ध बारे छलफल अन्तरक्रिया विकास गर्ने गरेको भन्ने प्रतिक्रिया प्र.अ. बाट पाइयो । त्यसै गरी हाजिरी जवाफ, वक्तृत्वकला आदि कार्यक्रमहरू अन्तरविद्यालय प्रतियोगिता गर्ने गरेको र यसमा ४ वटै विद्यालयका विद्यार्थीहरू सहभागि रहेको पाइयो ।

यसरी विभिन्न अतिरिक्त क्रियाकलापहरू मार्फत् विद्यार्थी विद्यार्थी, शिक्षक विद्यार्थीबिचको सम्बन्ध सुमधुर हुने र यसले सिकाइमा दिगोपना तथा गुणस्तरीयता ल्याउन मद्दत गर्दछ । बालबालिकाहरूको ज्ञान, सिप र धारणा अभिवृद्धि गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउँदछ । यस्तो सिकाइले बालबालिकाको मनोभावना बुझ्केर सिक्न प्रेरित गर्दछ । यस्ता विभिन्न कार्यक्रमहरू अतिरिक्त क्रियाकलापहरू हाजिरीजवाफ, खेलकुद, नाचगान, वक्तृत्व, वादविवाद आदिबाट उनीहरूले ज्ञान, सिप, धारणा मात्र प्राप्त नगरी यसबाट उनीहरूले मनोरञ्जनका साथै सामाजिक भावनाको विकास भई बालमैत्री वातावरणलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउने गर्दछ । यसरी यस्ता अतिरिक्त क्रियाकलापमा भाग लिन छात्र तथा छात्राको सबैको संलग्नता रहेको पाइयो । यसरी बालमैत्री बनाउन सबै विद्यालयहरूले वार्षिक कार्यतालिका अनुसार कार्यक्रम गर्दै आएको पाइयो ।

### ४.३.५ शिक्षक तथा विद्यार्थीको आपसी व्यवहार

शिक्षक एउटा ज्ञानरूपी बत्ती हो । जसले अज्ञानतारूपी अन्धकारलाई हटाइ ज्ञानरूपी प्रकाश छर्दछ । अझ भन्ने हो भने शिक्षक भनेको बालबालिकामा रहेको अन्तरनिहित ज्ञानको प्रस्फुटन गराउने माध्यम हो । बालबालिकालाई सुमार्गमा हिडाउने एउटा प्रेरक हो । शिक्षकलाई एउटा ज्ञानको स्रोतका रूपमा लिएका छन् । जसलाई समाजको सम्मानित व्यक्तिको रूपमा लिइन्छ । शिक्षक व्यक्तिगत, सामाजिक र व्यावसायिक गुणहरूबाट पूर्ण हुनुपर्दछ । त्यसैगरी शिक्षक असल र विद्यार्थीहरूको मनोभावना बुझ्री उनीहरूको इच्छा, चाहना, अनुरूप शिक्षण गर्ने कला हुनुपर्दछ । कक्षा अनुशासनमा विद्यार्थी सक्रियताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । कक्षा शिक्षणलाई समुचित ढङ्गले अगाडि बढाउन शिक्षकका हरेक क्रियाकलापमा विद्यार्थी पूर्ण रूपले संलग्न हुनु पर्ने देखिन्छ । शिक्षक तथा विद्यार्थी एक आपसमा आदर, सत्कार, मानसम्मान, अभिभादन गर्ने बानीको विकास हुन जरुरी हुन्छ । यसरी कक्षाकोठामा विद्यार्थीहरूको हितअनुकूल सिकाइ वातावरण सिर्जना गर्न कक्षाकोठामा कुनै विभेद नगरी एकले अर्कोलाई समान दृष्टिकोणले हेर्नु पर्दछ ।

यस अध्ययन क्षेत्रको छनोटमा परेका ४ वटै विद्यालयका शिक्षक र विद्यार्थीबाट आएको प्रतिक्रियाअनुसार विद्यार्थीहरू अनुशासित रहने शिक्षकको आज्ञापालन गर्ने, कक्षाकोठामा शान्त भएर बस्ने, एक आपसमा मिलेर बस्ने र कक्षा शिक्षणको क्रममा पनि शिक्षक विद्यार्थीबिच एक आपसमा अन्तरक्रिया गरी सम्बन्ध राम्रो रहेको भन्ने पाइयो । प्र.अ. का अनुसार शिक्षक तथा विद्यार्थीको व्यवहार सुमधुर रहेको पाइयो । यसरी शिक्षणको क्रममा नबुझ्केको कुरालाई दोऱ्याइ तेऱ्याइ भनिदिने र जान्ने र

नजान्ने विद्यार्थीबिच समुह विभाजन गरी शिक्षक पनि विद्यार्थीसँग साथी जस्तै भएर अध्ययन अध्यापन गर्ने गरेको पाइयो । विद्यार्थीहरूको प्रतिक्रिया के रहेको छ भने शिक्षकहरूले कस्तो व्यवहार गर्नुहुन्छ ? भनी सोध्दा उनीहरूको अनुसार मिलनसार, सहयोगी हुनुहुन्छ भन्ने प्रतिक्रियाहरू प्राप्त भए । यसरी अध्ययन क्षेत्रका ४ वटै विद्यालयहरूमा शिक्षक तथा विद्यार्थीले गर्ने व्यवहार सकरात्मक नै पाइयो । यसरी हेर्दा अध्ययनको ४ वटा विद्यालयमा नै शिक्षक र विद्याथीबिचको सम्बन्ध सुमधुर रहेको पाइयो । जसले गर्दा शिक्षकले विद्यार्थीमा गर्ने व्यवहार बालमैत्री रहेको छ भन्ने पाइयो ।

यसरी शिक्षण सिकाइमा निरन्तर मूल्याङ्कनका साथै पृष्ठपोषण प्रदान गरेमा अझ शिक्षणमा सुधार आउने देखिन्छ । कक्षाकोठामा विद्यार्थी-विद्यार्थी, शिक्षक-विद्यार्थी, प्रधानाध्यापकसँगको अन्तरक्रिया र छलफलबाट सक्रिय भई सिकाइप्रति उत्सुक हुनाले सिकाइको वातावरण सहज र सरल भई सिकाइमा प्रत्यक्ष असर पारी उपलब्धी राम्रो हुने गर्दछ भन्ने पाइयो ।

भिगोत्स्कीको सिकाइ सिद्धान्तअनुसार सामाजिक अर्न्तक्रिया र भाषालाई प्रमुख मानिन्छ । विद्यालयमा शिक्षक-विद्यार्थी, विद्यार्थी-विद्यार्थीबिच सहयोगात्मक भावनाको विकास हुनु जरुरी हुन्छ । त्यसै गरी यस अध्ययनको ४ वटै विद्यालयमा शिक्षक-विद्यार्थी, विद्यार्थी-विद्यार्थी बिच अर्न्तक्रिया तथा छलपल गरी सिकाइमा मैत्रीपूर्ण व्यवहार रहेको पाइयो । यसरी शिक्षक तथा विद्यार्थीहरू बिचको सम्बन्ध सुमधर रहेको पाइयो । जसले गर्दा विद्यालयमा सामाजिकीकरणको विकास भई शैक्षिक तथा सामाजिक वातावरणको निर्माण गर्ने गर्दछ । यसरी भिगोत्स्कीका अनुसार अरुसँग बसेर सामुहिक छलफलबाट ज्ञान, सिप प्राप्त गर्न सकिन्छ भने जस्तै यस अध्ययनमा पनि छलफल अर्न्तक्रिया मार्फत् सिकाइ दिगो, गुणस्तरीय साथै बालमैत्री बनाउन सहयोग पुऱ्याउँदछ भन्ने पाइयो ।

# परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरू

प्राथमिक विद्यालयमा बालमैत्री वातावरणको अवस्था पहिचान गर्न धादिङ्ग, जिल्ला मैदी गा.वि.स. लाई अध्यनको केन्द्रविन्दुको रूपमा लिएर उक्त गा.वि.स. को ४वटा विद्यालयलाई छनोट गरिएको थियो । छनोटमा परेका प्रत्येक विद्यालयका प्रधानाध्यापक, २/२ जना शिक्षकहरू, कक्षा ४ र ५ का सबै जातजाति र लिङ्गको आधारमा ५/५ जना विद्यार्थीहरू, गरि प्रत्येक विद्यालयवाट १०/१० जनाको दरले ४० जना विद्यार्थीहरूलाई छनोट गरिएको थियो । यस अध्ययनमा उद्देश्यअनुरूप सुचनाहरू संकलन गर्न प्र.अ. सँग अन्तर्वार्ता, शिक्षकलाई प्रश्नावली, विद्यार्थीहरूमा समुह छलफल, विद्यालय अवलोकन तथा कक्षा अवलोकन गरि प्राथमिक विद्यालयमा बालमैत्री वातावरणको अवस्था पहिचान गरिएको थियो जसमा विद्यालयमा उपलबध भौतिक पूर्वाधारको वर्तमान अवस्था पत्ता लगाउनु, प्राथमिक तहमा बालमैत्री वातावरणका दृष्टिले शिक्षण अवस्था पहिचान गर्नु, बालमैत्री वातावरणलाई प्रभावकारी बनाउन शैक्षिक तथा सामाजिक वातावरणको पहिचान गरिएको थियो । उक्त सुचनाहरूवाट प्राप्त प्राप्ति, निष्कर्ष एवं सुझावहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ५.१ प्राप्ति

यस अध्ययनको क्रममा विभिन्न साधनहरूको प्रयोग गरी प्राप्त गरिएका सुचना तथा तथ्याङ्कको विश्लेषण र व्याख्याको आधारमा निम्नानुसार प्राप्तिहरू प्राप्त भएका छन् ।

- अध्ययन गरिएका विद्यालयहरूमध्ये सबैभन्दा बढी श्री शमीभञ्ज्याङ उ.मा.वि.मा पक्की (भुकम्प निरोधक) विद्यालय भवन रहेको पाइयो ।
- सबै विद्यालयहरूमा शौचालय, पुस्तकालय, खेलमैदान, रहेको र खानेपानी र क्यान्टिनको व्यवस्था भने ३ वटा विद्यालयमा मात्र रहेको पाइयो भने एउटा विद्यालयमा भने खानेपानी तथा क्यान्टिनको व्यवस्था नभएको पाइयो । त्यसै गरी पुस्तकालय कोठा पनि छुट्टै नभई अफिस कोठामा नै रहेको पाइयो ।
- कक्षाकोठामा फर्निचरको व्यवस्था भने विद्यार्थीहरूको उमेर र चापअनुसार भएको पाइयो ।
- एउटा मात्र विद्यालयमा छात्राहरूको लागि प्याड फ्याक्ने वा व्यवस्थापन गर्ने सुविधा रहेको पाइयो ।
- अध्ययन क्षेत्रको ४ वटा विद्यालयमध्ये ३ वटामा विद्युतको सुविधा भएको र १ वटामा भने विद्युतको सुविधा नभएको पाइयो ।

- २ वटा विद्यालयमा प्रयोगशाला भए पनि प्रयोगको अवस्था भने व्यवस्थित नभएको पाइयो ।
- कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापमा विशेष गरी व्याख्यान, विधि, प्रर्दशन विधि, छलफल विधि प्रयोग गर्ने गरेको पाइयो भने अन्य विधिको प्रयोग न्यून रहेको पाइयो ।
- अध्ययन गरिएका विद्यालयहरूमा प्राथमिक तहमा शिक्षणको लागि अवलोकन विधि प्रयोग नगरेको पाइयो । आवश्यक पर्ने शैक्षिक सामग्रीहरू प्रर्याप्त मात्रामा नभएको पाइयो ।
- कक्षा अवलोकनको आधारमा कक्षाकोठाको शिक्षणमा मुल्याङ्कन प्रकृयाको रूपमा परीक्षालाई नै मुख्य रूपमा लिएको र प्रयोगमा भने नल्याएको पाइयो ।
- शिक्षकहरूलाई विभिन्न तालिमहरू दिने क्रममा सरकारी तथा गैरसरकारी संघ संस्थाले सहयोग पुऱ्याउँदै आएको पाइयो ।
- विद्यालयको शैक्षिक वातावरण बालमैत्री बनाउन विभिन्न योजनाहरू बनाई कार्यक्रमहरू गर्दै आएको पाइयो । साप्ताहिक, मासिक तथा वार्षिक योजनाहरू जसमा शुक्रवारको दिनमा विभिन्न अतिरिक्त क्रियाकलापहरू हाजिरीजवाफ, खेलकुद, साँस्कृतिक कार्यक्रम, वक्तृत्वकला, कविता प्रतियोगिता आदि गर्दै आएको पाइयो जसले गर्दा विद्यार्थीहरूको चौतर्फी विकास गर्न सहयोग पुऱ्याउँछ ।
- विभिन्न कार्यक्रमहरू हुँदा सबै जातजाति, भाषा, धर्म, संस्कृति लिङ्गका आधारमा सबैलाई समान सहभागी गराएको पाइयो ।
- बालमैत्री शिक्षणमा दण्डरहित शिक्षण प्रकृया अपनाउनु पर्दछ जसले सिकाइमा दिगोपन ल्याउँछ । यहाँ पुरस्कार वा दण्डको रूपमा राम्रो काम गरे वापत प्रशंसापत्र, स्यावासी दिइएको पाइयो भने नराम्रो काम गरेवापत शारीरिक मानसिक दण्ड नदिइ उनीहरूलाई परामर्श तथा सुझावहरू दिने गरेको पाइयो ।
- प्र.अ. शिक्षकहरू र विद्यार्थीहरूबीचको सम्बन्ध पनि सुमधुर एकआपसमा सहयोगी भावना भएको र विद्यार्थीहरू पनि आफ्नो अनुशासनमा बस्ने गरेको पाइयो ।

### ५.२ निष्कर्ष

धादिङ्ग जिल्ला मैदी गा.वि.स. अन्तर्गतको ४ वटा सरकारी विद्यालयमा आधारित भई प्राथमिक तहको बालमैत्री वातावरणको अवस्था सम्वन्धमा अध्ययन गरिएको थियो । उक्त अध्ययनको क्रममा प्राप्त सुचनाहरूको विश्लेषण एवंम व्याख्या पश्चात प्राप्त निष्कर्षलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ ।

छनोटमा परेका विद्यालयहरूमा बालमैत्री वातावरणप्रति शिक्षक र विद्यार्थीहरूको भनाई सकारात्मक नै पाइयो । प्राथमिक तहमा शिक्षण जुन बालमैत्री वातावरणमा हुनुपर्ने हो सोहीअनुसार भएको छैन । बालमैत्री वातावरण शिक्षणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार अन्तर्गत खानेपानी, क्यान्टिनको व्यवस्था पूर्ण रूपमा सबै विद्यालयमा नभएको पाइयो । शिक्षणका लागि आवश्यक पर्ने शैक्षिक सामाग्री पर्याप्त मात्रामा उपलब्ध नहुनु र त्यसका प्रयोग न्युन मात्र गर्नु, शिक्षण प्रकृयामा विद्यार्थी केन्द्रित शिक्षण विधिभन्दा शिक्षक केन्द्रित शिक्षण विधि बढी मात्रामा प्रयोग गरिनु, कक्षाकोठा ब्यवस्थापनमा कमी हुनु, शिक्षकलाई पेशागत सुविधा र प्रोत्साहन नहुनु, शिक्षकलाई तालिमको व्यवस्थामा कमी हुनु, कक्षा शिक्षणमा मूल्याङ्कन प्रकृया कम हुनु, विद्यार्थीहरूलाई राम्रो काम गरे वापत पुरस्कारको व्यवस्था नहुनु तथा शिक्षण सिकाइमा पृष्ठपोषणको कमी हुनुजस्ता कारणले गर्दा प्राथमिक तहमा बालमैत्री वातावरणमा शिक्षण प्रभावकारी हुन नसकेको पाइयो । निष्कर्षमा के भन्न सकिन्छ भने माथिका समस्या तथा कमजोरीहरूलाई समाधान तथा सुधार गर्नका लागि शिक्षक, अभिभावक, प्रशासक, विषयविज्ञ, विद्यार्थीहरू, नेपाल सरकार संघसंस्था लगायतका सम्बन्धित सबै पक्षहरूले आ आफ्नो स्थानबाट विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । अनि मात्र प्राथमिक तहमा बालमैत्री वातावरणले शिक्षण प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ र अपेक्षित उदेश्यहरू हासिल गरी विद्यार्थीहरूको व्यवहारमा सकारात्मक परिवर्तन गराउन सकिन्छ र सिकाइ गुणस्तरीय र स्तरीय हुने गर्दछ ।

## ५.३ सुझावहरू

यस शोधकार्य प्राथमिक विद्यालयमा बालमैत्री वातावरणको अवस्था अध्ययनको क्रममा प्राप्त सुचनाहरूको विश्लेषण र व्याख्याबाट उपलब्ध सुचनाहरूको आधारमा यसलाई प्रभावकारी बनाउन निम्न सुझावहरूलाई प्रस्तुत गरिएको छ ।

- सबै विद्यालयहरूमा अनिवार्य रूपमा विद्यालय भवन भुकम्प निरोधक हुनुपर्ने र खानेपानी, शौचालय, क्यान्टिनको साथै पुस्तकालयको राम्रो व्यवस्था हुनुपर्ने ।
- उपयुक्त शिक्षण विधिको प्रयोग गनुपर्ने ।
- बिषयवस्तु तथा पाठको प्रकृति हेरी शैक्षिक सामाग्रीको व्यवस्था हुनुपर्ने साथै प्रयोगका लागि शिक्षकलाई तालिमको व्यवस्था हुनुपर्ने र स्थानीय सामाग्रीको प्रयोग गर्नुपर्ने ।
- शिक्षकहरूले वार्षिक कार्ययोजना र सोही अनुसारको दैनिक पाठयोजना निर्माण गरी तयारीका साथ कक्षा शिक्षणमा सहभागी हुनुपर्ने ।
- प्राथमिक तहको शिक्षणका लागि तयार गरिएका पाठ्यक्रम तथा पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाको प्रयोग गरी शिक्षण गर्ने शिक्षकलाई उत्प्रेरित गर्नुपर्ने ।

- कक्षा शिक्षणमा शिक्षकले निरन्तर विद्यार्थी मुल्याङ्कन गर्नुपर्ने ।

- विद्यार्थीहरूलाई राम्रो काम गरेवापत प्रोत्साहन स्वरूप पुरस्कार वा प्रमाणपत्रको व्यवस्था गनुपर्ने।

- विद्यालयमा शिक्षक र विद्यार्थीहरूको आचारसंहिताको निर्माण र कार्यन्यन गर्न लगाउने ।

- बालमैत्री वातावरणमा शिक्षण भएको छ, छैन भनेर समय–समयमा निरीक्षण गरिनुपर्ने ।

- प्र.अ. शिक्षक र विद्यार्थीबीच सुमधुर सम्बन्ध हुनुपर्ने ।

- शिक्षा ऐन नियमावलीको पालना सरोकारवाला सबै पक्षहरूबाट हुनुपर्ने ।

- विद्यार्थीको उमेर, रुचि, क्षमता, इच्छा, चाहनाअनुरूप उनीहरूको मनोभावना बुझी शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्ने ।

माथि उल्लेखित सुझावहरूले प्राथमिक विद्यालयमा बालमैत्री वातावरण तयार गर्न शिक्षक, विद्यार्थी तथा सम्पूर्ण विद्यालय परिवारलाई सघाउ पुऱ्याउँदछ ।

## सन्दर्भ सूची


खनाल, पेशल (२०६८), *शैक्षिक अनुसन्धान पद्धति (चौथो संस्करण),* काठमाडौं : सनलाइट पब्लिकेशन स्टुडेन्टस बुक्स कीर्तिपुर, काठमाडौं ।

शर्मा, चिरञ्जिवी र शर्मा निर्मला (२०६६), *शिक्षाको समाजशास्त्रीय र दर्शनशास्त्रीय आधार,* पैरवी प्रकाशन, भोटाहिटी, काठमाडौं ।

शर्मा, चिरञ्जिवी र शर्मा निर्मला (२०६८), *शिक्षाका आधारहरू,* एम.के पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहिटी, काठमाडौं ।

शर्मा, चिरञ्जिवी र शर्मा निर्मला (२०६३), *कक्षाकोठामा मनोविज्ञान,* एम.के पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहिटी, काठमाडौं ।

शर्मा, चिरञ्जिवी र शर्मा निर्मला (२०६८), *शिक्षा मनोविज्ञान,* एम.के पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहिटी, काठमाडौं ।

शर्मा,भोजराज (२०५७), *बर्दिया जिल्लाका प्राथमिक विद्यालयहरूमा शिक्षकहरूको अनुपस्थिति एक अध्ययन,* विकासका निम्ति शिक्षा, पत्रिकामा प्रकाशित लेख, त्रिपुरेश्वर काठमाडौं : सेरिड (पृ. २२-३४) ।

शाह, धीरेन्द्रबहादुर (२०६७), *प्राथमिक विद्यालयमा बालमैत्री वातावरणको स्थिति,* अप्रकाशित शोधपत्र, कीर्तिपुर, काठमाडौं : एम.एड.त्रि.वि कीर्तिपुर, काठमाडौं ।

शिक्षा विभाग (२०६७), *विद्यालय स्वागत एवम् भर्ना अभियान कार्यक्रम,* सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०६७), *गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप,* सानोठिमी भक्तपुर ।

शिक्षा विभाग (२०६९), *गुणस्तरीय शिक्षाका लागि विद्यालयहरूमा न्यूनतम सक्षमताको अवस्था,* सानोठिमी भक्तपुर ।

शिक्षा विभाग (२०६९), *शैक्षिक समाचार,* २०६९ पुस, शिक्षा मन्त्रालय शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०७०), *बालमैत्री विद्यालय स्वमूल्याङ्कन स्रोत पुस्तिका,* सानोठिमी भक्तपुर ।

शिक्षा विभाग (२०७०), *शैक्षिक समाचार,* २०७० भाद्र, सानोठिमी भक्तपुर ।

शिक्षा मन्त्रालय (२०७०), *शैक्षिक मञ्जरी शिक्षा मन्त्रालय,* जिल्ला शिक्षा कार्यालय, काठमाडौं ।

ज्ञवाली, कमला (२०६६), *शिक्षा जगतको वार्षिक पत्रिका शिक्षा,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

htt//www.UNICEFwikipedia, the free encyclopedia. Retrived on: June 16, 2014

# अनुसूची - १

## "प्राथमिक विद्यालयमा बालमैत्री वातावरणकोअवस्था"

### प्रधानाध्यापकका लागि अन्तर्वार्ता निर्देशिका

**विद्यालयको नाम :** **मिति :**

**प्र.अ.को नाम :** **ठेगाना**

**शैक्षिक योग्यता :** **उमेर :**

**शिक्षक कार्य अनभुव वर्ष :** **लिङ्ग :**

**प्र.अ.को अनुभव वर्ष :**

१. शिक्षा मन्त्रालय / शिक्षा विभाग / जि.शि.अ. ले विद्यालय बालमैत्री बनाउन के कस्ता नीति नियम बनाएका छन् ?

२. सरकारले दिएको निर्देशन अनुरूप बालमैत्री छ छैन भनेर अनुगमन गर्छ या गर्दैन ? गर्छ भने कुन निकायले गर्दछ ?

३. सरकारले के कस्ता कार्य गऱ्यो भने बालमैत्री हुन्छ जस्तो लाग्छ ?

४. बालमैत्री वातावरण भन्नाले के बुझ्नु भएको छ ?

५. बालमैत्री विद्यालय हनुका लागि के कस्ता पूर्वाधारहरू हुनुपर्छ जस्तो लाग्छ ?

६. विद्यालयमा शिक्षण सिकाइको लागि बालमैत्री वातावण हुन आवश्यक छ ? छ भने किन ?

७. विद्यालयको शैक्षिक वातावरण बनाउनका लागि तपाईको कस्तो योजना बनाउनु भएको छ ?

८. शिक्षणमा शिक्षकहरूले कस्तो शिक्षण विधिको प्रयोग गर्ने गरेको पाउनु भएको छ ?

९. शिक्षण सिकाइ कार्यलाई सहयोग पुऱ्याउने शैक्षिक सामग्रीको अवस्था के कस्तो रहेको छ ?

१०. कक्षा क्रियाकलापमा के कस्ता शैक्षिक सामग्रीको प्रयोग गर्ने गरेको पाउनु भएको छ ?

११. कक्षाकोठाको भौतिक वातावरण अन्तर्गत फर्निचर, पुस्तकालय, खेलमैदान, शौचालय आदिलाई बालमैत्री बनाउन के - के गर्नुपर्ला ?

१२. शिक्षकहरूको शिक्षण प्रति तपाइ सन्तुष्ट हुनु हुन्छ ? हुनु हुन्छ भने किन र हुन्न भने किन ?

१३. तपाईंको विद्यालयमा जातीय, लैङ्गिक र अन्य आधारमा विद्यार्थीको सहभागिता बढाउन के कस्ता कार्यक्रम अगाडि बढाउनु पर्ला ?

१४. शिक्षकहरूको व्यवहार कक्षाकोठामा विद्यार्थीमाभ्क कस्तो भएको पाउनु भएको छ ?

१५. तपाईको विद्यलायका शिक्षकहरूले बालबालिकाको क्षमता अनुरूप शिक्षण गर्न के कस्ता प्रयासहरू गर्ने गरेको पाउनु भएको छ ?

१६. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी र गुणस्तरीय बनाउन के कस्ता शैक्षिक कार्यक्रमहरू गर्नुपर्ला ?

१७. बालमैत्री बनाउन शिक्षकहरूलाई बालमैत्री सम्बन्धी तालिममा पठाएको छ छैन ?

१८. यदि छ भने कसले आयोजना गरेको कार्यक्रममा सहभागी हुनु भएको छ ?

१९. तपाई प्र.अ. को तर्फबाट गरेका विद्यालय बालमैत्रि बनाउन के कस्ता प्रयास गर्नु भएको छ ?

२०. तपाईको विद्यालयमा केही हिंसात्मक गतिविधि भएको छ , यदि छ भने त्यसको लागि के कस्ता दण्डको व्यवस्था भएको छ ?

२१. शिक्षक, विद्यार्थी तथा कर्मचारीहरूले राम्रो काम गरे बापत पुरस्कार र नराम्रो काम गरे बापत दण्डको के कस्तो सजाय दिदैं आउनु भएको छ ?

२२. राम्रा तथा असल शिक्षकहरूलाई बालमैत्री शिक्षक भनी प्रोत्साहन व्यवस्था गरेको छ या छैन ? छ भने के कस्तो व्यवस्था रहेको छ ?

## अनुसूची - २

**"प्राथमिक विद्यालयमा बालमैत्री वातावरणकोअवस्था"**

**शिक्षकका लागि प्रश्नावली**

**विद्यालयको नाम :** **मिति :**

**शिक्षकको नाम :** **ठेगाना**

**शैक्षिक योग्यता :** **उमेर :**

**तालिम :** **लिङ्ग :**

**पढाउने विषय :** **शिक्षण अनुभव :**

१. तपाईको विचारमा शिक्षण गर्ने वातावरण बालमैत्री बनाउन के - के गर्नु पर्छ होला ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

२. तपाइले कक्षाकोठामा शिक्षण गर्दा आफूले पढाउने विषयमा कुन - कुन विधिको प्रयोग गर्दै आउनु भएको छ ? जसले गर्दा बालमैत्री वातावरण सृजना हुन्छ ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

३. तपाईले शिक्षण गर्दा कक्षाकोठाको वातावरणमा शिक्षक विद्यार्थीबिचको सम्बन्धलाई सुमधुर बनाउन के कस्ता क्रियाकलाप गराउनु पर्छ ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

४. तपाइको विद्यालयमा शिक्षणको क्रममा आवश्यक पर्ने शैक्षिक सामग्रीको व्यवस्था के कसरी मिलाउनु हुन्छ ?

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

५. शैक्षिक सामग्री मार्फत विद्यार्थीहरूलाई कसरी शिक्षण सिकाइ क्रियाकलापमा सहभागी गराउनु हुन्छ ?

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

६. तपाइले प्राथमिक तहमा कुन कुन विषय पढाउनु हुन्छ ?

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

७. तपाइ गणित पढाउनु हुन्छ भने कस्ता शैक्षिक सामग्रीको प्रयोग गर्दै आउनु भएको छ ?

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

८. तपाइले नेपाली विषय पढाउँदा के कस्ता सामग्रीको प्रयोग गर्दै आउनु भएको छ ?

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

९. अंग्रेजी पढाउँनु हुन्छ भने तपाइले कुन शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग गर्दै आउनु भएको छ ? र किन ?

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

१०. तपाइले सबै विषयमा शिक्षण गर्नुहुन्छ भने त्यसको लागि शैक्षिक सामग्रीको प्रयोग कसरी गर्नु हुन्छ ?

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

११. तपाईको कक्षाकोठामा शिक्षण सिकाइको क्रममा विद्यार्थीहरू कत्तिको सहभमागी हुन्छन् ? उनीहरूलाई अझ बढी सहभागी गराउन के गर्नुपर्ला ?

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

१२. तपाइको कक्षाकोठामा लैङ्गिक दृष्टिले विद्यार्थीको स्थिति कस्तो रहेको छ ? शिक्षण सिकाइ क्रियाकलापमा समान अवसर दिन के गर्नुपर्ला ?

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

१३. तपाईको विचारमा शिक्षणसिकाइ क्रियाकलापमा जातिगत दृष्टिले विद्यार्थीहरूको सहभागीता कस्तो रहेको छ : समान रूपमा शिक्षण गर्न के कस्ता कार्य गर्नुपर्ला ?

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

१४. भाषिक विविधता भएका विद्यार्थीहरूको सहभागीताको स्थिति कस्तो रहेको छ : उनीहरू शिक्षण क्रियाकलापमा समान बनाउन के - के गर्नुपर्ला ?

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

१५. तपाईले कक्षाकोठामा जान्ने र नजान्ने विद्यार्थी र सामान्य विद्यार्थीबिच कसरी समन्वय गरेर शिक्षण गर्नु हुन्छ ?

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

१६. तपाईले कक्षाकोठामा बालमैत्री बनाउने सम्बन्धी तालिमहरू लिनु भएको छ, छैन ? छ भने त्यसलाई कक्षाकोठामा कसरी प्रयोग गर्दै आउनु भएको छ ? तालिमबाट बालमैत्री बनाउन सहयोग मिलेको छ वा छैन ?

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

१७. विद्यालय भवन, पुस्तकालय, खानेपानी, खेलमैदान, शौचालय आदि सम्पूर्ण ठाउँलाई बालमैत्री बनाउन के -के गर्नुपर्ला ?

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

१८. तपाईले कक्षाकोठामा विद्यार्थीहरू अनुकुल सिकाइ वातावरण सृजना गर्न समानताले पार्ने प्रभाव र विभेदमा कारणले आउने समस्यालाई कसरी अवलम्बन गर्नु हुन्छ ?

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

१९. कक्षाकोठाको व्यवस्थापनमा जस्तै (वोडको प्रयोग, वेन्चको स्थिति, झ्यालढोका आदिको ) बालमैत्री बनाउन के - के गर्नुपर्ला ?

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

२०. तपाईले कक्षाकोठामा शिक्षण गर्दा अपनाउने शिक्षण विधिलाई बालमैत्री बनाउन के -के गर्नुपर्ला ?

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

२१. तपाईको अनुभवमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कार तथा हौसला आदि के कस्तो व्यवस्था गर्नु भएको छ : कुनै उदाहरण दिन सक्नुहुन्छ कि ?

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

२२. विद्यार्थीहरू उचित अनुशासनमा नबसी झै झगडा, कुटपिट वा कुनै हिंसात्मक गतिविधि तथा दुर्व्यवहार गरेको खण्डमा प्र.अले केही कारवाही गरेको कुनै घटना उदाहरण छ कि ? त्यसको लागि दण्डको कस्तो व्यवस्था गरेको छ ?

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

२३. तपाईको बिचारमा कक्षाकोठामा शिक्षक -विद्यार्थी र विद्यार्थी - विद्यार्थी र प्र.अ बिचको सम्बन्धलाई मैत्रीपूर्ण बनाउन के गर्नुपर्ला ?

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

२४. विद्यालयमा बालमैत्री वातावरण कायम राख्न के कस्ता कार्यहरू गर्नु आवश्यक ठान्नुहुन्छ ?

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

## अनुसूची - ३

### "प्राथमिक विद्यालयमा बालमैत्री वातावरणकोअवस्था"

### विद्यार्थीहरूको समूह छलफल निर्देशिका

**विद्यालयको नाम :** **मिति :**

१. बालमैत्री भनेको के हो ?

२. बाल अधिकार भनेको के हो ?

३. तिमीहरूको विद्यालयमा बालकलबहरू छन् कि छैनन् ?

४. शिक्षाको अधिकार भनेको के हो ?

५. कक्षामा नेपाली पढाउने सरले कत्तिको ध्यान दिनु हुन्छ ?

६. तिमीहरूलाई गणित पढाउने सरले के शैक्षिक सामग्रीको प्रयोग गरी पढाउनुहुन्छ ?

७. तिमीहरूलाई कति जना सरहरूले पढाउनु हुन्छ ?

८. तिमीलाई कुन सरले पढाएको मन पर्छ ? किन? कुन सरले पढाएको मन पर्दैन ? किन ?

९. तिमीलाई सर कुन शिक्षकले एकदम बढी माया गर्नुहुन्छ ? किन? माया गर्ने भन्दा उहाँको व्यवहार कस्तो छ ?

१०. कक्षाकोठामा पढाएको समयमा विभेद गर्नुहुन्छ कि हुँदैन ? जान्ने र जनान्ने, छात्र र छात्राबिच कसरी सहभागी गराउनु हुन्छ ?

११. तिमीहरूले पढाउँदा नबुझेकोपाठ दोर्‍याइ तेर्‍याइ सिकाइदिनु हुन्छ कि हुन्न ?

१२. तिमीहरूको विद्यालयमा के कस्ता अतिरिक्त क्रियाकलाप हुने गर्छन् ? त्यसमा सबैले भागलिन पाउछन् कि पाउँदैनन् ? तिमीले पनि भाग लिएका छौ ? छौ भने के - के मा ?

१३. तिम्रो विद्यालयमा विभिन्न उत्सवहरू मनाउने गर्छ कि गर्दैन ?अभिभावक दिवस बालदिवस .....

१४. तिमीहरूको विद्यालयमा खेलकुद कार्यक्रमहरू हुने गर्छन् ? गर्छ भने के कस्ता खेलहरू खेलाइन्छ ? र खेलाइन्छ भने केटाकेटी समान रूपमा सहभागी गराइन्छ कि केटाहरू मात्र खेल्दछन् ?

१५. तिमीहरूको विद्यालयमा शौचालय छ कि छैन ? छ भने पानीको व्यवस्था छ छैन ? छात्र र छात्राको लागि छुट्टै छ या छैन ?

१६. पुस्तकालयको व्यवस्था छ, छैन ? छ भने तिमीहरूले भेट्न सक्ने ठाउँमा छ या छैन भने किन ?

१७. पिउने पानीको व्यवस्था छ छैन ? छैन भने किन ?

१८. विद्यालयमा क्यान्टिनको व्यवस्था छ कि छैन ?

१९. कक्षाकोठा अथवा विद्यालय कम्पाउण्ड कसले सफा गर्दछ ?

२०. तिमीहरूलाई पढाउने हरेक शिक्षकहरूको व्यवहार कस्तो छ ?

२१. कक्षाकोठामा पढाउँदा शिक्षक,विद्यार्थी र विद्यार्थी - विद्यार्थीबिच छलफल अन्तर्क्रिया हुन्छ कि हुँदैन ?

२२. तिमीहरूले केही गल्ती काम गरी दण्ड दिएर विद्यालय नै नआएको कुनै घटना थाहा छ ?

२३. प्र.अले तिमीहरूलाई कत्तिको माया गर्नु हुन्छ ?

२४. तिमी विरामी परी स्कुल नआउँदा कसले कसरी सहयाग गर्नु हुन्छ ?

२५. तिम्रो विद्यालयमा तिमीहरूलाई बस्न सजिलो हुने गरी वेन्चहरू राखिएको छ या छैन ?

# अनुसूची - ४

## कक्षा अवलोकन फाराम

**विद्यालयको नाम :** **मिति :**

**शिक्षकको नाम :** **समय :**

**कक्षा :** **घण्टी :**

**विषय :** **विद्यार्थी संख्या :**

**पाठ शीर्षक :**

| क.सं. | विषय | अत्युत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | शिक्षकको व्यक्तित्व<br>(क) सफसुग्घर<br>(ख) आत्माविश्वास<br>(ग) मिलनसार<br>(घ) बोली स्पष्टता<br>(ङ) भाषाको शुद्धता | | | | | |
| २. | कक्षाको प्रारम्भ<br>(क) पूर्वपाठमा आधारित<br>(ख) कक्षा व्यवस्था<br>(ग) पाठप्रति रुचि जागरण | | | | | |
| ३. | पाठको प्रस्तुतीकरण<br>(क) विषयवस्तुको ज्ञान<br>(ख) विषयवस्तुको पर्याप्तता<br>(ग) पाठको क्रमबद्धता<br>(घ) उपयुक्तता<br>(ङ) स्तरयुक्तता<br>(च) उदाहरणमा उपयुक्तता | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | कक्षा कार्यकलाप<br>(क) विद्यार्थी सक्रियता/छात्र/छात्रा सहभागीता<br>(ख) कक्षा अनुशासन<br>(ग) प्रश्नोत्तर उपयुक्तता | | | | | |
| ५. | शैषिक सामग्रकिो प्रयोग<br>(क) आवशयतानुसार भउको<br>(ख) पाठसँग सम्बन्धित<br>(ग) प्रयोगमा उपयुक्तता | | | | | |
| ६. | कालोपाटीको प्रयोग | | | | | |
| ७. | शिक्षकको क्रियाकलाप<br>(क) व्याख्यान<br>(ख) प्रदर्शन<br>(ग) विषयवस्तु अनुरूप हाउभाउ<br>(घ) विद्यार्थीलाई प्रोत्साहन<br>(ङ) शिक्षण विधिको उपयुक्तता | | | | | |
| ८. | कक्षाकोठाको व्यवस्थापन<br>क) वेन्च रखाइको अवस्था<br>ख) डेकोरेसख (chart) को प्रयोग<br>ग) शिक्षक - विद्यार्थीबिच अन्तर्क्रिया<br>घ) विद्यार्थी - विद्यार्थीबिचको अन्तर्क्रिया | | | | | |
| ९. | मूल्याङ्कन<br>(क) उद्देश्य प्राप्ति<br>(ख) मूल्याङ्कन साधनको उपयुक्तता<br>(ग) गृहकार्यको प्रयोग | | | | | |

# अनुसूची - ५

## विद्यालय अवलोकन फाराम

**विद्यालयको नाम :** **मिति :**

**ठेगाना :**

| **क.सं.** | **विद्यलायको भौतिक वातावरण** | **अवस्था** |
|---|---|---|
| १. | विद्यलायको भवन<br>(क) भवनको संख्या<br>(ख) कक्षाकोठाको अवस्था<br>(ग) भवनको बनावट पक्की /कच्ची | |
| २. | खेलमैदान<br>(क) फराकिलो/साँघुरो<br>(ख) खेलमैदानको अवस्था - छात्र छात्रा दुवैको सहभागीता हुन्छ कि छात्र मात्र<br>(ग) खेल सामग्रीको प्रयाप्तता | |
| ३. | खानेपानी<br>(क) व्यवस्थित धारा भएको<br>(ख) खानेपानीको व्यवस्था भएको तर सामान्य पाइपबात भएको<br>(ग) खानेपानीको व्यवस्था नभएको | |
| ४. | शौचालय<br>(क) भएको<br>(ख) नभएको<br>(ग) केटा र केटीको लागि छुट्टाछुट्टै भएको<br>(घ) छुट्टाछुट्टै नभएको<br>(ङ) शिक्षकको लागि मात्र भएको | |
| ५. | पुस्तकालयको व्यवस्था<br>(ख) भएको<br>(ख) नभएको<br>(ग) भएको भए छुट्टै कोठा छ, छैन | |
| ६. | क्यान्टिनको व्यवस्था<br>क) छ, छ भने के -के सुविधा छ ?<br>ख) छैन, | |

## अनुसूचि ६

## नमुना छनोटमा परेका विद्यालयहरूका नामावली

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

## अनुसूची ७

## नमुना छनोटमा परेका विद्यालयका प्र.अ. हरूको नामावली

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

## अनुसूची ८

## नमुना छनोटमा परेका प्राथमिक तहको शिक्षकहरूको नामावली

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

## अनुसूची ९

## नमुना छनोटमा परेका छात्र छात्राहरूको नामावली

स्रोतः स्थलगत सर्वेक्षण, २०७१